

५१
अमर ज्योति
साहित्यिक त्रैमासिक
वार्षिकोत्सव विशेषाङ्क–भाद्र २०७८
विद्युतकर्मी साहित्यिक समाज

जि.प्र.का.काठ.द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

वर्ष : १८, पूर्णाङ्क ५१
(२०७८ असार–भदौ)

**संरक्षक**
कुलमान घिसिङ

**प्रधान सम्पादक**
कृष्णदेव रिमाल 'शब्दसेना'

**कार्यकारी सम्पादक**
विष्णुप्रसाद आचार्य 'अतृप्त'

**सम्पादक समिति**
रमेश सागर
आविष्कार कला
रीता चालिसे
यादवराज घले

**व्यवस्थापक**
सङ्गीता अधिकारी
शारदा पोखरेल
बलराम पुडासैनी

**आवरण कला**
उपेन्द्र शिवाकोटी

**सल्लाहकार**
मातृका पोखरेल
कुलप्रसाद पराजुली
विष्णुबहादुर सिंह
पुण्य घिमिरे
रामेश्वर राउत मातृदास

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर
चतुर्भुज गौतम, मकवानपुर
नवराज भट्ट, नेपालगञ्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा

**प्रकाशक**
**विद्युतकर्मी साहित्यिक समाज**
नेपाल विद्युत् प्राधिकरण

**सम्पर्क**
रत्नपार्क, काठमाडौँ, नेपाल
विद्युतीय ठेगानाः amarjyoti@nea.org.np
फोन नं. : ०१–४१५३०८९

संस्थागत मूल्य : २००.००
व्यक्तिगत मूल्य : ५०.००

शब्दघर छापाखाना, बागबजार, काठमाडौँ ०१–४२४४५९७ द्वारा मुद्रित

# साहित्य, सामाजिक सञ्जाल र कोरोना कहर

झण्डै डेढ वर्षअघि देखि फैलिएको कोरोनानामक वैश्विक महामारीको गम्भीर दुष्प्रभावहरू देखापर्दै छन् । बढ्दो कोभिड सङ्क्रमणले विश्व-आर्थिक परिसूचकको ग्राफ निरन्तर ओरालो लाग्दै छ । गरिबी, बेरोजगारी, सामाजिक द्वन्द्व, चरम निराशा, आत्मकेन्द्रितता आदि यसले वर्तमानमा देखाएका मुख्य-मुख्य घातक असरहरू हुन् ।

'कालो बादलमा चाँदीको घेरा हुन्छ' भनेझैँ नकारात्मकताको अँध्यारोमा पनि थोरै धिपधिपे उज्यालोचाहिँ बाँचिरहेकै हुन्छ । यो नयाँ प्रकोपले पनि मान्छेको सोच्ने शैली र रहनसहनमा भने केही परिवर्तन ल्याएको महसुस हुँदै छ । सरसफाइप्रतिको सजगता, आहार-अनुशासन, मानवीय महत्त्वाकाङ्क्षामाथि अङ्कुश, प्राकृतिक जीवन-शैलीप्रतिको झुकावआदि यस महामारीले जन्माएका केही सकारात्मक उपलब्धि हुन् ।

यिनै उपलब्धिहरूको सूचीमा थपिएको अर्को एक उपलब्धि हो– सामाजिक सञ्जालमा देखिएको साहित्यिक उभार । उद्योगधन्दा, व्यापार, शिक्षालगायतका क्षेत्रहरू शिथिल भएर शरशय्यामा सुतेझैँ अवस्थामा रहेको र व्यक्तिहरूले पनि आफ्नै घरमा बन्दीको झैँ नियति भोग्दै आएकाले सामाजिक सञ्जाल यतिखेर विभिन्न तह र तप्काका जनता, कर्मचारी, व्यापारी, साहित्यकारआदि सबै भेला हुने र गफिने 'ग्लोबल पार्क' जस्तै बनेको छ ।

हालको समाजमा सर्वत्र कोरोना कहर, खोप र स्वास्थ्य मापदण्डकै चर्चा-परिचर्चा छ । सामाजिक भोगाइ र समसामयिक मुद्दालाई आधारसामग्री बनाएर सिर्जनाकर्ममा अग्रसर हुने सर्जकहरू यस

सन्दर्भबाट टाढा रहन सक्ने कुरै आउँदैन । समाजबाट लिने र समाजलाई नै दिने प्राणी नै सर्जक भएकाले परिस्थितिअनुसारको मनस्थिति तयार गरी लेखाइमा सोको प्रतिविम्ब उतार्ने कार्य उनीहरूले गरिरहेकै हुन्छन् । यतिखेर सबैलाई कोरोना प्रकोपले जन्माएको सकस र उकुसमुकुसले भित्रैदेखि चिमोटेको अवस्था रहेकाले सर्जकहरूको लेख्ने शैलीमा पनि स्वतः कोमलता, भावात्मकता र साहित्यिकताका विशेषताहरू झल्कनु स्वाभाविक छ ।

बाहिरफेर स्वतन्त्र घुमफिरको अवसर उपलब्ध नभएको, आफ्नो पेशा/ व्यवसायमा पूर्णकालीन रूपले व्यस्त हुने अवस्था नरहेको, भेटघाट, औपचारिक कार्यक्रम, तालिम, गोष्ठी, मनोरञ्जनआदिमा सहभागी भएर पुनर्ताजगी प्राप्त गर्ने अवस्था नरहेको, प्रकाशन गृहहरू बन्द हुनाले पुस्तक प्रकाशनको अवसर नरहेको, लाइब्रेरीमा बसेर अध्ययन गर्ने वातावरण नबनेको आदि कारणले पनि अहिले मनको जम्मै गथासोलाई सामाजिक सञ्जालमा लेख्ने र पोस्ट गर्ने प्रवृत्ति ह्वात्तै बढेर गएको छ ।

यस कालखण्डमा यसअघि कहिल्यै नलेखेकाहरूले पनि लेखेर कविको छवि बनाएका छन् । पहिलादेखि लेख्दै आएकाहरूले परम्परागत विषयवस्तु छाडी कोरोना डायरी, लकडाउन अनुभूतिआदि विविध नाममा साहित्य सिर्जना गरिरहेका छन् । यसबीचमा कैयौँ साहित्यिक संस्थाहरूले कोरोना विशेषाङ्क पनि प्रकाशित गरेको देखिन्छ । फेसबुक, ट्वीटर, भाइवर, युट्युबआदि सामाजिक सञ्जालमा कोरोना विम्बमा आधारित बग्रेल्ती रचनाहरू पढ्न र सुन्न पाइन्छ । फेसबुक लाइभ, गुगल मिट, जुमआदि प्रविधिका माध्यमले प्रसारित हुने कार्यक्रमहरूमा सबैभन्दा बढी साहित्यिक कार्यक्रमहरू नै परेका देखिन्छन् । अझ प्रतियोगितात्मक साहित्यिक कार्यक्रमहरू सञ्चालनमा त होडबाजी नै चलेको देखिन्छ ।

कोरोना नियन्त्रण गर्न राज्य संयन्त्र असफल भइरहेको सन्दर्भमा कोठामै सीमित भई लेखेरै मात्र बस्नु पनि एक प्रकारको बेवकुफी हो भन्ने तर्क पनि गर्न सकिन्छ । कतै रोम जलिरहँदा निरो बाँसुरी बजाएर आत्मरतिमा लीन भएजस्तै व्यवहार सर्जकहरूले देखाएका त होइनन् ? भन्ने पेचिलो प्रश्न गर्ने ठाउँ पनि यहाँनेर छ । तर, बुझ्नुपर्ने कुरा के छ भने यो त्रासदीमा मान्छेलाई मनोरोगी हुनबाट जोगाउन, उनीहरूको आत्मविश्वासलाई गिर्न नदिन मीठो सङ्गीत, राम्रा कविता र जीवनवादी

सोचले युक्त गीतहरू रचिनु अति आवश्यक छ । सर्जकहरूले त्यही काम गर्दै आएका छन्, जुन उनीहरूको विशेषज्ञताको विषयभित्र पर्छ । यस सन्दर्भमा एक प्रकारले मनोसामाजिक परामर्शदाताको भूमिका सर्जकहरूले निर्वाह गर्दै आइरहेको मान्न सकिन्छ ।

त्यसो त सामाजिक सञ्जालमा पोस्ट भएका रचनाहरू साहित्यिक मूल्यको कसीमा खरो उत्रन सक्छन्/सक्दैनन्– बेग्लै बहसको विषय हुन सक्छ । वर्तमानमा उभिएर हेर्दा त्यसरी पोस्ट गरिएका कतिपय रचनाहरू स्तरहीनजस्ता पनि देखिन सक्छन् तर तिनीहरूको अभिलेखन र भण्डारण गर्न सकिएमा ती रचनाहरू भावी दिनमा महामारीको स्वरूप, इतिहास र अपनाउनुपर्ने सावधानीका बारेमा मिहिन कुरा बोल्ने जीवन्त दस्तावेज बन्न सक्नेमा भने सन्देह छैन । यस चरणमा लेखिएका अधिकांश रचनाहरूमा कुण्ठा, रोग, भ्रम, मानसिक विचलन आदिबाट मुक्त गराई सबल मनोविज्ञान तयार गर्न सकारात्मक भूमिका खेल्न सक्ने ल्याकत पनि देखिएकाले समयको साक्षी बस्ने यस्ता रचनाहरू स्वयम्मा सार्थक र मूल्यवान् छन्/हुनेछन् ।

नेपाली साहित्यको इतिहास–लेखनका क्रममा जसरी अध्येताहरूले २०६२/०६३ अघि र पछिको साहित्य भनेर समयका आधारमा सीमाङ्कन गर्ने गरेका छन्, त्यसैगरी भविष्यमा पनि नेपाली साहित्यको विकासक्रमको बारेमा अनुसन्धान हुँदा सम्भवतः कोरोना–पूर्व र कोरोना–उत्तर युगको साहित्य भनेर चर्चा हुनेछ । साथै कोरोना–उत्तर युगको साहित्य लेखनको प्रसङ्ग उठ्दा त्यस कालखण्डको साहित्यिक विकासमा सामाजिक सञ्जालले खेलेको भूमिकाका बारेमा पनि विमर्श हुने अपेक्षा गर्न सकिन्छ ।

– *अतृप्त*



# शुभकामना

नेपाल विद्युत् प्राधिकरण, विद्युत्कर्मी साहित्यिक समाजले ने.वि.प्रा.को ३६ औँ वार्षिकोत्सवको अवसर पारेर विविध साहित्यिक सामग्रीहरूको सङ्गालोका रूपमा 'अमरज्योति' साहित्यिक त्रैमासिक पत्रिकाको ५१ औँ अङ्क प्रकाशित गर्न लागेको खबरले मलाई खुशी लागेको छ ।

यस साहित्यिक पत्रिकाले एकातिर नेपाल विद्युत् प्राधिकरणमा कार्यरत साहित्यिक प्रतिभाहरूको खोजी गरी त्यस्ता प्रतिभाहरूलाई अझै सशक्त र सिर्जनशील बनाउने कार्य गर्दै आएको छ भने अर्कातिर संस्थाबाहिरका प्रतिष्ठित साहित्यकारका रचनाहरूलाई समेत समेटेर संस्थाभित्र र बाहिरका सर्जकहरूलाई भावनात्मक रूपमा एकाकार गर्ने महत्त्वपूर्ण माध्यमका रूपमा समेत कार्य गर्दै आइरहेको छ । जसरी नेपाल विद्युत् प्राधिकरणमा रहेर हामीले बिजुलीको उज्यालो वितरण गर्दै सबैको दैनिकीलाई सरल र सहज तुल्याउँदै लगेका छौँ, त्यसैगरी साहित्यिक बिजुलीको प्रकाशले सबैको सोचाइ र कार्यशैलीलाई परिष्कृत गर्न सकियोस् भन्ने हेतुले हामीले 'अमरज्योति' साहित्यिक पत्रिका प्रकाशन गर्दै आएका छौँ ।

नैतिक गुण, संस्कार र सत्चरित्रको विकास गराउन, सामाजिक विकृति हटाउन एवम् मानवलाई कर्तव्य र दायित्वबोध गराउनसमेत साहित्यले विशिष्ट भूमिका खेल्ने भएकाले सबल, सिर्जनशील र नैतिकवान् जनशक्ति तयार गर्ने दिशामा यस पत्रिका विगतमा झैँ कोशेढुङ्गो सावित हुनेछ भन्ने मैले विश्वास लिएको छु । यस अङ्कमा प्रकाशित हुने सिर्जनात्मक लेखहरूले आ–आफ्नो कार्यक्षेत्रमा संलग्न सबैलाई दैनिक सम्पादन गर्नुपर्ने कार्यहरूमा स्वयम् प्रेरित हुन र जिम्मेवारीबोध गर्न प्रेरित गरोस् भन्ने शुभकामना व्यक्त गर्दै यस पत्रिकाको स्तरवृद्धि र उत्तरोत्तर प्रगतिको कामनासमेत गर्दछु ।

अन्त्यमा, विश्व स्वास्थ्य सङ्गठन र नेपाल सरकारले जारी गरेका स्वास्थ्य मापदण्डहरूको परिपालना गर्दै बढ्दो कोभिड सङ्क्रमणको महामारीबाट आफू पनि जोगिने र अरूलाई पनि जोगाउने अभियानमा सबैको सकारात्मक भूमिका रहने अपेक्षा पनि गरेको छु । धन्यवाद !

*मितिः २०७८/०४/२८*

**(कुलमान घिसिङ)**

कार्यकारी निर्देशक, ने.वि.प्रा., संरक्षक, विद्युत्कर्मी साहित्यिक समाज

# शुभकामना



विगत लामो समयदेखि विविध साहित्यिक सामग्रीहरू प्रकाशित गरेर आमकर्मचारी एवम् साहित्यप्रति रुचि राख्ने सबैलाई उपयोगी सन्देशका साथै मनोरञ्जसमेत प्रवाह गर्दै आइरहेको 'अमरज्योति' साहित्यिक त्रैमासिक पत्रिकाको ५१ औँ अङ्क प्रकाशित हुन लागेको खबरले अत्यन्त खुशी लागेको छ ।

नेपाल विद्युत् प्राधिकरण विद्युत्कर्मी साहित्यिक समाजले हरेक वर्ष वार्षिकोत्सवको अवसरमा आयोजना हुने कविता प्रतियोगितामा वाचित कविताहरूलाई समेटेर पछिल्लो वर्षमा 'अमरज्योति' त्रैमासिकको असार-श्रावण-भाद्र अङ्क प्रकाशित गर्दै आइरहेकामा गत वर्ष बढ्दो कोभिड सङ्क्रमणको कारण कुनै पनि अतिरिक्त क्रियाकलापहरू सञ्चालन हुन नसकेकाले 'अमरज्योति' पत्रिकाको यो अङ्क कविता विशेषाङ्कका रूपमा नभई अन्य अङ्कसरह नै विविध साहित्यिक सामग्रीसहित प्रकाशित हुँदै छ । म सर्वप्रथम यस अङ्क पनि विगतका अङ्कहरूभैँ विशिष्ट र सङ्ग्रहणीय बन्न सफल होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

सामाजिक हितको प्रवर्द्धन गर्नु नै साहित्यको मुख्य उद्देश्य हो । चेतनाको दीप प्रज्वलित गर्दै मानवीय व्यवहारमा परिवर्तन ल्याउन यसको अहम् भूमिका रहने गर्छ । यसको अध्ययनबाट मानव-मनको शुद्धीकरण गर्ने र सामाजिक सद्गुणहरूको विकास गर्ने कार्यमा पनि महत्त्वपूर्ण ऊर्जा प्राप्त हुन्छ । यस अङ्कमा समावेश गरिने लेख-रचनाहरू पनि यिनै लक्ष्यहरू परिपूर्ति गर्नका लागि सहायक सिद्ध हुनेछन् भन्ने बलियो विश्वासका साथ यस साहित्यिक पत्रिकाको निरन्तरता र स्तरवृद्धिको कामना गर्दछु ।

अन्त्यमा, विश्व स्वास्थ्य सङ्गठन र नेपाल सरकारले जारी गरेका स्वास्थ्य मापदण्डहरूको परिपालना गर्दै बढ्दो कोभिड सङ्मणको महामारीबाट आफू पनि जोगिने र अरूलाई पनि जोगाउने सवालमा सबैको सकारात्मक भूमिका रहने अपेक्षा पनि गरेको छु । धन्यवाद !

मितिः २०७८/०४/२८

**(लेखनाथ कोइराला)**

संयोजक, ३६ औँ वार्षिकोत्सव समारोह प्रबन्ध मूल समिति



# शुभकामना

नेपाल विद्युत् प्राधिकरणले आफ्नो वार्षिकोत्सवका अवसरमा प्रत्येक वर्ष रक्तदान, खेलकुद, हाजिरी-जवाफ, कविता-वाचनजस्ता शारीरिक एवम् मानसिक विकाससँग सम्बन्धित विभिन्न अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गरी कर्मचारीहरूको सिर्जनशीलता र बौद्धिक विकासका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएकामा कोभिडको दोस्रो भेरियन्टका कारण यस वर्ष केही सीमित क्रियाकलापहरूबाहेक अन्य सञ्चालन गर्न सकिएन ।

नेपाल विद्युत् प्राधिकरण विद्युत्कर्मी साहित्यिक समाजले अघिल्लो वर्षको वार्षिकोत्सवको अवसरमा आयोजना हुने कविता प्रतियोगितामा वाचित कविताहरूलाई समेटेर पछिल्लो वर्षको वार्षिकोत्सवको पूर्वसन्ध्यामा 'अमरज्योति' त्रैमासिकको नयाँ अङ्क प्रकाशित गर्दै आइरहेको छ । गतवर्ष कुनै पनि अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न सकिएन र 'अमरज्योति' पत्रिकाको यो अङ्क पहिलेझैँ कविता विशेषाङ्कका रूपमा निकाल्न सम्भव भएन । म सर्वप्रथम यस अङ्क पनि विगतका अङ्कहरूझैँ 'सबैको कुरा बोल्ने र सबैको मन छुने' बन्न सफल होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

समाजलाई सत्मार्ग प्रदान गर्नु नै साहित्यको मुख्य उद्देश्य हो । यसका माध्यमबाट राज्य सञ्चालन, समाज र जीवन-दर्शनलगायतका क्षेत्रमा घटेका र घट्न सक्ने सम्भावित घटना र त्यसमा लिनुपर्ने सचेतनालाई उजागर गर्न सकिन्छ । साहित्य आनन्दको स्रोत त हुँदै हो साथै यसले व्यक्तिलाई वैचारिक रूपले समृद्ध र कल्पनाशील बनाउनसमेत अहम् भूमिका खेल्छ । यस अङ्कमा समावेश गरिने लेख-रचनाहरू पनि यिनै लक्ष्यहरू परिपूर्ति गर्नका लागि सहायक सिद्ध हुनेछन् भन्ने मैले विश्वास लिएको छु ।

नेपाल विद्युत् प्राधिकरणभित्र साहित्यको मूल्यबोध गर्ने र सोहीअनुसार सिर्जनात्मक क्रियाशीलता देखाउने स्रष्टाहरू बढ्दै गएका छन् । 'अमरज्योति'ले नेपाली साहित्यको विकासमा लामो समयदेखि विशिष्ट योगदान पुऱ्याउँदै आएकाले विश्वव्यापी पहुँच विस्तारका लागि नेपाली भाषामा मात्र नभई नेपालका विविध भाषा र अन्तर्राष्ट्रिय भाषामा समेत यसको प्रकाशन हुने व्यवस्था मिलाउनेतर्फ हामी सबैको सोच केन्द्रित हुन सकोस् भन्ने कामनासहित यस साहित्यिक पत्रिकाको निरन्तरता र स्तरवृद्धिको कामना गर्दछु ।



मितिः २०७८/०४/२८

**(तुलाराम गिरी)**

संयोजक, ३६ औँ वार्षिकोत्सव अतिरिक्त क्रियाकलाप उपसमिति

# यस अङ्कमा


## अन्तर्वार्ता

विष्णुबहादु सिंह/९

## समालोचना

- डा.नेत्र एटम/१५

## कविता

असीम सागर/२९, कुसुम ज्ञवाली/८३
महेश कार्की क्षितिज/५६, मनुकुमारी पुलामी मगर/८२
युवराज भण्डारी/७४, राजेन्द्र अधिकारी/७१,
राजेन्द्र श्रेष्ठ/५९, रीता खनाल/४५
राधिका कल्पित/७७, लक्ष्मण घिमिरे/८७
सङ्गिता अधिकारी/७५, सागर शिवाकोटी/८५
शम्भुप्रसाद गजुरेल 'अज्ञानी'/७६

## गजल/मुक्तक

मन्दा पौडेल/४९, विष्णुप्रसाद आचार्य 'अतृप्त'/५८
सुदीप भट्टराई/८३, डा. श्यामप्रसाद न्यौपाने/६६

## कथा/लघुकथा

आविष्कार कला/५०, नारायणप्रसाद आचार्य/६३,
मनु वि.क./६८, मान्चुकुमारी श्रेष्ठ/७२
मिलन समीर/५६, रत्न प्रजापति/३७, रासा/४६

## लेख/निबन्ध

मुकुन्दराज शर्मा /३१, राजनप्रसाद प्याकुरेल/६५,
सुदर्शन अधिकारी/६०, सुमन थापा सङ्गम/७९



विष्णुबहादुर सिंह

*वरिष्ठ साहित्यकार तथा*
*पूर्व निर्देशक, ने.वि.प्रा.*

# साहित्य समाज परिवर्तनको दियो हो ।

*नेपाली साहित्यका विविध विधामा हस्तक्षेपकारी उपस्थिति देखाउँदै आएका चिर-परिचित साहित्यिक व्यक्तित्व हुन्– विष्णुबहादुर सिंह । वि.सं. २००८ सालमा पिता ठगबहादुर र माता मानशोभाका कोखबाट अर्घाखाँची जिल्लामा जन्मेका यिनी पेशाले नेपाल विद्युत् प्राधिकरणका सेवानिवृत्त निर्देशक हुन् । विद्यार्थी जीवनदेखि नै कविता-लेखनका क्षेत्रमा हात बसालेका सिंहको पहिलो कविता भने वि.सं.२०३५/०३६ सालतिरको 'रूपरेखा' पत्रिकामा प्रकाशित भएको हो । तत्पश्चात् यिनले कथा, नियात्रा, हाइकु, ताङ्का, गीत, चोका, सिजोआदि विविध विधामा सफलताका साथ कलम चलाएको देखिन्छ । यिनी आजको दिनसम्म पनि त्यत्तिकै सशक्त र जुझारु भएर लेखकीय क्रियाशीलता देखाइरहेका छन् । चलायमान, सिर्जनशील, उत्प्रेरक र हँसमुख व्यक्तित्वका धनी सिंह लेखन-निरन्तरताको कारण नै आजको साहित्यिक उचाइ प्राप्त भएको विश्वास गर्छन् । सिभिल इन्जिनियरिङ तथा वातावरण व्यवस्थापनतर्फको विद्यार्थी भएर पनि विशिष्ट सिर्जन-सामर्थ्य प्रस्तुत गर्दै हालसम्म यिनले करिब तीन दर्जनभन्दा बढी पुस्तक प्रकाशन गरिसकेका छन् भने जलविद्युत्, वातावरण व्यवस्थापनलगायतका विभिन्न विषयमा करिब चार दर्जनजति प्राविधिक र समसामयिक लेखहरूसमेत प्रकाशित भइसकेका छन् । विद्युत्कर्मी साहित्यक समाजका पूर्वअध्यक्षका रूपमा कुशल जिम्मेवारी निर्वाह गरिसकेका यिनी विभिन्न साहित्यिक सम्मानहरूद्वारा सम्मानित भइसकेका छन् । राष्ट्रप्रेम, प्रकृतिप्रेम, सौन्दर्यप्रेम र समसामयिक विद्रुपतालाई विषयवस्तु बनाई साहित्य लेखनमा क्रियाशील यिनै साहित्य साधकसँग 'अमरज्योति' साहित्यिक त्रैमासिकका लागि अतृप्त र शब्दसेनाले लिखित प्रश्नावलीका माध्यमबाट लिएको रोचक र प्रेरक अन्तर्वार्ताका केही अंशहरू तल प्रस्तुत गरिएका छन् :*

*यहाँको परिचय बताइदिनुहुन्छ कि ?*

मेरो जन्म वि.सं. २००८ साल भाद्र ९ गते कृष्णाष्टमीका दिन अर्घाखाँची जिल्लामा पर्ने जुकेनाको दानसिंह भन्ने गाउँको मध्यमवर्गीय किसान परिवारमा भएको हो । मेरो बुबा जग्गा सट्टापट्टा गरी दानसिंहनजिकैको कल्लेरी भन्ने स्थानमा बसाईं सरेपछि मेरो बाल्यकाल कहिले कल्लेरी र कहिले मावली गाउँ ठाडाहुँदै बितेको हो । मेरो प्रारम्भिक शिक्षा घरबाटै सुरु भएको हो । मैले जुकेनाको सुधा र ठाडाको ज्योति हाइस्कूलबाट कक्षा ८ सम्मको अध्ययन गरेको थिएँ । भविष्यमा इन्जिनियर बन्ने सपना रहेको र उक्त विद्यालयमा ऐच्छिक गणित पढाउने शिक्षक नभएकोले छिमेकी जिल्ला कपिलवस्तुको तौलिहवामा रहेको ऐच्छिक गणितको पढाइ हुने बुद्ध पद्म हाइस्कूलमा अध्ययन गरी सोही विद्यालयबाट २०२४ सालमा द्वितीय श्रेणीमा एस.एस.सी. परीक्षा उत्तीर्ण गरेँ । तत्पश्चात् मैले शिवपति कलेज शोहरतगढ, भारतमा केही समय आई.एस.सी.अध्ययन गरी पछि नेपालगञ्जको महेन्द्र कलेजबाट आई.एस.सी. उत्तीर्ण (प्रथम श्रेणीमा प्रथम) गरेँ । मैले नेपाल इन्जिनियरिङ इन्स्टिच्युट पुल्चोकबाट छात्रवृत्तिमा डिप्लोमा इन सिभिल इन्जिनियरिङ, जनमैत्री विश्वविद्यालय रुस (तत्कालीन सोभियत सङ्घ) बाट एम.ई. सिभिल (हाइड्रोपावर) र पोखरा विश्वविद्यालयबाट वातावरण व्यवस्थापनमा एम.एस्सी. सम्मको अध्ययन पूरा गरेको छु ।

*साहित्य भनेको के हो ? यसको सामाजिक उपयोगितामाथि प्रकाश पारिदिनु हुन्छ कि ?*

समाज गतिशील हुन्छ र समय चक्रसँगै अगाडि बढिरहन्छ । समाजलाई कुन गतिमा कसरी अगाडि गुडाउने हो भन्ने कुरा त्यो समाजको शैक्षिकस्तरमा भर पर्छ । एउटा औपचारिक शिक्षा हुन्छ र अर्को नैतिक शिक्षा हुन्छ । जुन घर, परिवार, गाउँ, टोल, छिमेक, नातागोता, साथीभाइ, गुरु, संस्कार र परम्परासंग जोडिएको हुन्छ । साहित्य भनेको त्यही परिवेशभित्र जन्मेको, हुर्केको, बढेको विशाल वृक्ष सम्झनुपर्छ । जसले घामपानी छेक्छ । आफू मरेर पनि अरूलाई काम लाग्ने हुन्छ । मान्छेरूपी एउटा आकृतिभित्र साहित्यले घरजम गर्‍यो भने त्यो मान्छेले पूर्णाकारको रूप लिन्छ । अतः साहित्य, सङ्गीत र कलाले त्यो समाज पूर्ण हुन्छ । त्यसभित्र सुख–दुःख क्रान्ति, शान्तिआदिको अनुभूति गराउँछ । पुर्खाले गरेको कामको सम्झना गराउँछ । वर्तमानमा हिँडने सही बाटो डोर्‍याउँछ र भविष्को गन्तव्य देखाउँछ । एक पङ्क्तिमा भन्ने हो भने साहित्य समाज परिवर्तनको दियो हो ।

*साहित्य सिर्जनाको प्रेरणा र पृष्ठभूमि के कसरी तयार हुन पुग्यो ?*

ज्योति स्कूलमा पढ्दा प्रत्येक शुक्रबार विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन हुने गर्थ्यो । त्यस बखत साहित्यतर्फ पं.दामोदर गौतम र खेलकुदतर्फ अशोककुमार श्रीवास्तवले उत्प्रेरित गर्नुहुन्थ्यो । त्यही बेलादेखि नै म नेपाली साहित्यका कविहरूले रचना गरेका कविताहरू कण्ठस्थ गरेर सुनाउने गर्थें । पछि कपिलवस्तुमा कक्षा १० मा पढ्दै गर्दा जिल्लास्तरीय कविता प्रतियोगिता भएको थियो । उक्त प्रतियोगितमा प्रथम स्थान हासिल गरेपछि लेखनतर्फ थप उत्प्रेरणा जागेको हो । त्यसपछि उच्च शिक्षाको क्रममा रुस पुगेपछि नेपाली छात्रसङ्घले गर्ने साहित्यिक कार्यक्रमहरूमा भाग लिन थालेँ । आदरणीय कृष्णप्रकाश श्रेष्ठ त्यो बेला रेडियो मास्कोमा काम गर्नुहुन्थ्यो । हामीहरू बेलाबखत रेडियो मास्कोमा साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्थ्यौं । त्यो बेला नेपाली छात्रसङ्घद्वारा आयोजित कविता प्रतियोगितामा पनि प्रथम पुरस्कार प्राप्त गरेको थिएँ ।

*प्रथम प्रकाशित रचना कुन हो र कुन पत्रिकामा कहिले प्रकाशित भयो ?*

मेरो पहिलो रचना कविता हो । त्यो वि.सं. २०३५/०३६ सालतिरको 'रूपरेखा' पत्रिकामा प्रकाशित भएको थियो । रुसमा अध्ययनको क्रममा रहेको बेलामा उक्त कविता प्रकाशित भएको हो ।

*साहित्यका कुन-कुन विधामा कलम चलाउँदै आउनुभएको छ ?*

म विज्ञानको विद्यार्थी भएकाले विभिन्न विधामा परीक्षण गर्दै आएको छु । जस्तै कविता, गीत, गजल, मुक्तक, सेदोका कथा, नियात्रा, हाइकु, ताङ्का, चोका, सिजो आदि । उपन्यास पूरा रूपमा लेख्न भ्याएको छैन ।

*कुन विधामा अभिव्यक्त हुन सजिलो लाग्छ र उक्त विधाले दिएको सन्तुष्टिको स्तर के-कस्तो रहेको छ ?*

सबैलाई कविता विधामा नै अभिव्यक्त हुन सजिलो हुन्छ होला सायद । मलाईचाहिँ कविता, गीत, मुक्तक र नियात्रामा अभिव्यक्त गर्न अलि सहज लाग्छ ।

*हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू कुनकुन हुन् ?*

मेरा हालसम्म ३४ वटा कृतिहरू प्रकाशित छन् । ती मध्ये कवितासङ्ग्रहतर्फ देशको माटो (२०५६), इमान बेच्न पाईंदैन (२०६०) लगायत ५, गीतसङ्ग्रहतर्फ ठाडाको दहमा (२०५७), खुशीको यो आँसु (२०५९) लगायत ४, नियात्रातर्फ तीस पाइला (२०६१), स्मृतिका छालहरू (२०६२) लगायत ५, मुक्तकसङ्ग्रहतर्फ समयका चस्काहरू (२०६२), मौनता (२०७४) लगायत ४, हाइकु, ताङ्का, चोका, सेदोका, आदितर्फ १२ एवम् र अन्य विविध विधाका ४ वटा रहेका छन् ।

*हालसम्म पाउनुभएको सम्मान र पुरस्कार कुन-कुन हुन् ?*

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अमेरिकाबाट कवि हरिभक्त कटुवाल अन्तर्राष्ट्रिय पुरस्कारका अलावा बगर सम्मान (२०५९), दोभान सम्मान (२०६६), तन्नेरी प्रतिभा सम्मान (२०५८), ज्योति साहित्य सम्मान ( २०६९) लगायत करिब १ दर्जनभन्दा बढी सङ्घसंस्थाबाट विभिन्न सम्मान-पुरस्कारहरू प्राप्त गरेको छु ।

*कतिपयले साहित्यलाई "यो मनको उत्पादन हो, कलात्मक त हुन्छ तर उपयोगी हुँदैन" पनि भन्ने गरेको पाइन्छ, यस सम्बन्धमा तपाईं के भन्नुहुन्छ ?*

साहित्य विशेष गरी मन र बुद्धिको खेल नै हो । यो कलात्मक त हुनैपर्छ । अब त्यसको उपादेयताबारे भन्नुपर्दा कुनै पनि सिर्जना चाहे त्यो गैरसाहित्यिक होस् वा साहित्यिक होस्, शतप्रतिशत उपयोगी हुनै सक्दैन । कतिमात्रामा ग्रहण गर्ने भन्ने कुरा उपयोग वा ग्रहण गर्ने पात्रमा भर पर्छ । जसले जति बढी उपयोग गऱ्यो, त्यसले त्यति बढी फाइदा लिन सक्छ ।

*यहाँका समकालीन, समवयी साहित्यकारहरू को-को हुन् ?*

नेपाल विद्युत् प्राधिकरणभित्र मोहनबहादुर कायस्थ, मातृका पोखरेल, रामेश्वर रावत 'मातृदाश' आदि हुनुहुन्छ भने अन्य अग्रजहरूमा नगेन्द्रराज शर्मा, रोचक घिमिरे, वियोगी बुढाथोकी, शङकर भारतीलगायत धेरैजना हुनुहुन्छ । सबैको नाम लिएँ भने लिस्ट लामै हुन्छ ।

*सिभिल इन्जिनियरिङ र वातावरण विज्ञानतर्फको विद्यार्थी भएर पनि साहित्य क्षेत्रप्रतिको झुकाव कसरी बढ्यो ? विशुद्ध बौद्धिक र विशुद्ध भावात्मक क्षेत्रहरूबीच सन्तुलन र सामञ्जस्यता कायम गर्न कति गाह्रो हुँदोरहेछ ?*

नढाँटीकन भन्ने हो भने म पूर्णकालीन साहित्यकार हुँदै होइन । म इन्जिनियरिङ विधाको पेशाकर्मी हुँ । फुर्सदको समयमा साहित्यको रचनामा लागेको पनि धेरै वर्ष भयो । ममा निरन्तरता छ– पेशातर्फ पनि र साहित्यतर्फ पनि । कहिलेकाहीँ लाग्छ– गन्तव्यको खोजीमा एक्लै-एक्लै हिँडिरहेको छु । गन्तव्यमा पुग्न सकेको छैन ।

*यहाँको लेखनकला कुनै वाद वा दर्शन वा अभियानबाट विशेष अनुप्राणित छ कि ?*

म प्रजातन्त्रप्रति समर्पित छु । निरङ्कुशताबाट टाढा रहन चाहन्छु । कुनै पार्टीकै झण्डा बोकेर सडकमा हिँडेको छैन । लेखनमा अलि स्वतन्त्र रहन चाहन्छु । किनकिन सत्तापक्षको ज्यादा नजिक हुने चाहना मनमा आउँदैन ।

***नेपालमा पनि साहित्य लेखेर पेटपालो गर्ने मेसो बन्न थालेको हो ?***

अहिले केही लेखकहरू त्यो बाटोमा हुनुहुन्छ । समग्रमा त्यस्तो वातावरण बनिसकेको छैन । १०/१५ प्रतिशतमा त्यो लागू भयो भने पनि राम्रै उपलब्धि हुनेछ ।

***साहित्य-लेखनमा प्रतिभा, व्युत्पत्ति र अभ्यासमध्ये कुन पक्षको भूमिका विशिष्ट हुन्छ भन्ने लाग्छ ?***

प्रतिभा र अभ्यासको मिश्रण भएमा साहित्य विशिष्ट हुन्छ । व्युत्पत्तिका बारेमा मलाई त्यति ज्ञान छैन ।

***धेरै साहित्य रचना गर्नुभएको छ, कुनै एउटा सिर्जनाले पाठकलाई तत्काल पारेको प्रभावका बारेमा बताइदिनुहुन्छ कि ?***

'कविताको रङ' कवितासङ्ग्रहभित्र रहेको *मेरी आमा* शीर्षकको कविता आमाको अगाडि पढ्दा उहाँको मुहारमा झल्किएको खुशी र आँखामा आएको आँसुको भेलको समिश्रणले मलाई सधैँ साहित्यको शक्ति बोध गराइरहन्छ ।

***सिर्जना, सम्पादन, अनुवादआदि विभिन्न क्षेत्रमा यहाँको व्यक्तित्व बाँडिएको छ । यहाँलाई आम पाठकहरूले के भनेर बुझ्ने ?***

मलाई धेरैले इन्जिनियरकै रूपमा बुझ्छन् । त्यसपछि मात्र साहित्यकारका रूपमा । 'शिवपुरी सन्देश' पत्रिकाको सम्पादकका रूपमा पनि काम गर्दै आइरहेको छु । धेरै विधामा हात हालेकोले होला, एउटा कुनै विधामा सशक्त रूपमा कलम चलाओस् भनेर साथीहरूले सल्लाह दिन्छन् । मलाई सबै साहित्यकार र साहित्य-प्रेमीले माया चाहिँ गर्छन् है !

***साहित्यिक जमघटहरूमा सरिक हुन कतिको रुचाउनु हुन्छ ?***

त्यसमा म अलि अल्छी छु, दुईवटा कारणले । पहिलो हो– समयमा कार्यक्रम सुरु हुँदैन । अनि, दोस्रोचाहिँ वक्ताहरूले बोल्दा समयको ख्याल गर्दैनन् । त्यसैले जानैपर्ने कार्यक्रमहरूमा बाहेक धेरै कार्यक्रममा जाँदिन । त्यसो हुनुमा अलिकति पेशागत जिम्मेवारी पनि कारण बनेको छ । वि.सं. २०६७ मा ने.वि.प्रा.को सेवाबाट अलग भएपछि पनि निरन्तर जलविद्युत् क्षेत्रसँग गाँसिदै आएको छु । तर, त्यसो भए पनि टेलिभिजन, रेडियो, पत्रपत्रिकाआदिबाट प्रकाशन/प्रसारण हुने साहित्यिक कार्यक्रमहरू र साहित्यिक समाचारहरूमा सधैँ चासो राखिरहेकै हुन्छु ।

***फेसबुक, ट्वीटरजस्ता सामाजिक सञ्जाललाई साहित्यिक क्षेत्रमा कसरी उपयोग गरिरहनुभएको छ ?***

अहिलेको प्रचारमुखी युगमा आवश्यकताअनुसार उपयोग गर्नु नै पर्ने हुन्छ । त्यसैले समय-समयको अन्तरालमा आवश्यकताअनुसार उपयोग गर्दै आएको छु ।

*अन्तर्राष्ट्रिय सन्दर्भमा नेपाली साहित्यको स्तर कहाँनिर देख्नुहुन्छ ?*

जबसम्म नेपाली साहित्यलाई विभिन्न भाषामा अनुवाद गरिँदैन, तबसम्म हाम्रो साहित्यिकस्तर अन्तर्राष्ट्रिय स्तरमा कहाँनिर छ भनेर एकीन गर्न मुश्किल छ । मेरो एउटा कवितासङ्ग्रह रुसी भाषामा प्रकाशित छ । रुसी मित्रहरू "नेपालीहरू अलि बढी भावुक छन् कि क्या हो ? तपाईंको कवितामा त्यस्तै देखिन्छ" भन्छन् ।

*साहित्यकारहरूलाई प्रोत्साहित गर्न राज्यको कस्तो भूमिका हुनुपर्छ भन्ने लाग्छ ?*

नेपालमा केही सीमित साहित्यकारहरूले मात्र राज्यबाट प्रोत्साहन पाएका छन् । समग्र साहित्यकारहरूले सम्मान पाउन सकेका छैनन् । अहिले केही सुधार हुँदै गएको जस्तो लाग्छ तर यसका लागि समय लाग्छ ।

*लेखनमा जवाफदेहिता र लेखकीय इमानदारिताको पनि खोजी हुन थालेको छ, यसलाई कसरी लिनुभएको छ ?*

लेखनमा जवाफदेहिताको भन्दा पनि इमानदारिताको अलि बढी खाँचो छ । त्यसमा पनि नैतिकतामा केही ह्रास आएको अवस्था छ । प्रचारमुखी साहित्यले बढी स्थान पाएको छ ।

*'अमरज्योति' साहित्यिक पत्रिकाको साहित्यिक योगदानलाई कसरी हेर्नुभएको छ ? यसलाई अझै स्तरीय बनाउन केही सुझाव दिनुहुन्छ कि ?*

यो पत्रिका विशुद्ध रूपमा नेपाल विद्युत् प्राधिकरणभित्रका स्रष्टाहरूलाई नेपाली साहित्यमा प्रवेश गराउने मूल–ढोका हो । यसको प्रथम उद्देश्य त्यही हुनुपर्छ । दोस्रो उद्देश्य स्थापित साहित्यकारहरूसँग घुलमिल गराउनु हो । तसर्थ, यसलाई अझै स्तरीय बनाउन दुवैतर्फका लेखकहरूको प्रतिनिधित्व गराइनुपर्छ ।

*अन्त्यमा हामीले प्रश्न गर्न छुटेका र यहाँलाई भन्नैपर्ने लागेका केही कुराहरू छन् कि ?*

'अमरज्योति' साहित्यिक पत्रिकाको निरन्तरताको कामना गर्दछु । यो पत्रिका ने.वि.प्रा. र ने.वि.प्रा. बाहिरका स्रष्टाहरूको सङ्गमस्थल बन्न सकोस्, मेरो शुभकामना छ ।

■■



डा.नेत्र एटम

# समकालीन नेपाली कविताको कथन संरचना



## १. प्रवेश : संरचनात्मक कथनका रूपमा कविता

सम्प्रेषणका सन्दर्भबाट हेर्दा कविता कविले पाठकलाई दिन चाहेको कलात्मक सन्देश हो । काव्यात्मक सन्देश सम्प्रेषणका निम्ति विभिन्न पक्षहरू आवश्यक पर्दछन् । रिचार्ड्स (सन् २००१) का अनुसार सामान्य भाषिक व्यवहारमा जस्तै कवितामा कवि 'वक्ता' (अड्रेसर) पाठक 'श्रोता' (अड्रेसी), कविताको सार 'सन्देश' (म्यासेज), भाषा 'माध्यम' (मेडियम) र प्रकाशित वा प्रसारित कृति 'वस्तु' (अब्जेक्ट) यस्ता पक्षहरू हुन् । यसरी कविले आफ्नो सन्देशलाई अनुभूति हुँदाको जस्तै र प्रभावकारी ढङ्गले पाठकसमक्ष सम्प्रेषण गर्नका निम्ति कविता रचना गर्दा त्यसको अभिव्यक्तिका उपयुक्त कलात्मक कथनका ढाँचाहरू पनि तयार गर्छ । यस्ता विभिन्न ढाँचालाई नै कविताको संरचनात्मक कथन भनिन्छ । समकालीन नेपाली कविता (वि.सं. २०४६ पछि) का क्षेत्रमा काव्यिक प्रभावलाई सहज र अपेक्षित रूपमा सम्प्रेषण गर्नका निम्ति कथनका विभिन्न संरचनाहरू उपयोग गरिएको छ । यस लेखमा समाकालीन नेपाली कविका कवितामा प्रयुक्त

कथन संरचनाका प्रकारहरू देखाउँदै तिनलाई प्रभावकारी ढङ्गले अभिव्यञ्जित गर्ने प्रक्रियालाई व्याख्या गरी कविताको मूल्याङ्कन गरिएको छ ।

## २. कथन संरचनाका प्रकार

भाषिक अभिव्यक्तिका रूपमा कविता एक प्रकारको 'कथन' (न्यारेटिभ) नै हो । त्यसैले यसमा सन्देश भन्ने मान्छे हुन्छ, कविताको संरचनात्मक कथनमा भन्ने मान्छेको भूमिका, विषयवस्तुप्रति उसको धारणा र भनाइको शैलीलाई हेरिन्छ । समकालीन नेपाली कविताको कथन संरचनालाई प्रगीतात्मक, आख्यानात्मक, प्रबोधात्मक, नाटकीय र संकर गरी पाँच प्रकारमा वर्गीकरण गरेर काव्यिक 'स्वर' (भोइस), 'मनोभाव' (मुड) र 'प्रभार' (चार्ज) को प्रभावकारिताको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ । यहाँ केही समकालीन कविताको उदाहरण दिएर तिनका कथन संरचनामा आएको प्रभावकारितालाई परीक्षण गर्ने प्रयास भएको छ ।

## २.१ प्रगीतात्मक कथन

प्रगीतात्मक कथनका कवितामा कथयिताको आत्मगत अभिव्यञ्जनाको प्रबलता रहन्छ । त्यसैले यस्ता कवितामा प्रथम पुरुषमा रहेको पात्रको स्वर, दृष्टिकोण र उसकै सुनिश्चित मनोभाव नै प्रत्यक्ष रूपमा प्रकट हुन्छ । व्यक्तिगत अहम्लाई महत्त्व दिने रागात्मक र उत्तेजक विषयवस्तु प्रस्तुतिका निम्ति प्रगीतात्मक कथन उपयुक्त हुन्छ किनभने यसमा एउटा केन्द्रीय चिन्तनको सेरोफेरोमा कविता घुम्छ र त्यसलाई प्रबल बनाउनका निम्ति गीतको स्थायी पदजस्तो मूल चिन्तनको विम्बलाई पुरावृत्त गरिएको हुन्छ । समकालीन नेपाली कवितामा प्रगीतात्मक कथनको अत्यधिक प्रयोग पाइन्छ । यस्तो कथनमा कथयिताले आफू परिधिमा बसेर अरूकै कुरा भन्ने र आत्मगत उत्तेजना सिर्जना गर्ने अभिभारा पुरा गर्न पनि सक्छ । यसमा कविको चिन्तन र वैयक्तिक अभिलाषाका बीचमा विरोध देखिन पनि सक्छ । नाफामा आधरित पुँजीवादी चिन्तनको लालची र विस्तारवादी सोचलाई गिद्धका रूपमा राखेर रचिएको लिखत पाण्डेको 'सिंहदरबार– जहाँ गिद्ध नाचिरहेछ' कविता यहाँ उदाहरणका रूपमा प्रस्तुत छ :

*गिद्ध– ह्वाइटहाउसको अट्टालीमा बसेर*
*संसारको मानचित्र पल्टाइरहेछ*
*र मानचित्रमा अवस्थित लेनिनका सालिकहरूलाई*
*छेप्यास्त्र छोडेर धूलो पारिरहेछ*
*गिद्ध– ह्वाङ्ओ, प्योङ्याङ, लाबोस र हवानामा*
*आँखा डुलाइरहेछ र मेरो स्वाभिमानको सगरमाथालाई*
*पनि हरबखत ठुँगिरहेछ*
*मेरो देशको सिंहदरबारमा गिद्ध नाचिरहेछ*
*अभाव र महँगीहरूमा अनूदित भएर गिद्ध*
*देशवासीहरूको शरीर लुछिरहेछ*
*आहतहरूलाई राहत दिने अभिनय गरिरहेछ...*
*म सगरमाथाको फेदीमा बसेर कविता कोरिरहेछु*
*र कवितामार्फत गिद्धका प्वाँखहरू लुछिरहेछु ।*

(सुवेदी र अरू, २०७०, पृ. २२९–२३०)

यसमा केन्द्रीय विषय पुँजीवादी चिन्तनका विकृतिहरूको पर्दाफास गर्नु रहेको छ र त्यसको विम्बात्मक पात्र गिद्धको चरित्र र क्रियाकलाप (प्रत्यक्षतः रुस, चिन, कोरिया, लाओस, क्युबा र अप्रत्यक्षतः नेपाल पनि) तिर निर्देशित हुन

खोजेको देखिन्छ तर कथयिता पात्रचाहिँ परिधि (सगरमाथाको फेदी) मा बसेर कविता सिर्जना गरिरहेको छ । यसमा कथयिताको चिन्तन अमेरिकाको पुँजीवादी लालची सोचले साम्यवादी र तेस्रो विश्वका विकासोन्मुख देशहरूलाई विभिन्न छलकपट गरेर कमजोर र समाप्त पारिरहेको तथ्यको वर्णनमा केन्द्रित रहेको छ भने उसको वैयक्तिक अभिलाषाचाहिँ सुन्दर कविताको रचनातर्फ उन्मुख छ । रुसमा लेनिनको सालिक ढाल्नलाई अनेकौँ प्रपञ्च गरेको पुँजीवादी दृष्टिकोणप्रति कथयिता आक्रोशित छ र उसले त्यसको तुष्टि अन्त्यमा 'कवितामार्फत गिद्धका प्वाँखहरू लुछिरहेछु' भनेर प्राप्त गरेको पाइन्छ । यसमा कथयिता साम्यवादी समर्थक नेपाली कवि हो र गिद्धलाई ह्वाइटहाउसमा बसेर संसारको मानचित्र पल्टाउने, साम्यवादी देशहरूलाई असफल बनाउने र गरिब देशहरूमाथि देखावटी सहानुभूति देखाएर भित्री रूपमा तिनको आत्मसम्मान समाप्त पार्ने षड्यन्त्रकारी ठानेको छ । त्यसले ऊ आफूलाई अस्तित्वशाली देखाउन 'म सगरमाथाको फेदीमा बसेर कविता कोरिरहेछु' भनेर गौरवबोध पनि गर्न पुग्छ । यसरी प्रस्तुत कवितामा प्रगीतात्मक कथनभित्र परिधीय कथयिता पात्र प्रयोग गरेर पनि भावको अभिव्यञ्जना सुन्दर तरिकाले हुन सकेको छ ।

प्रगीतात्मक कथनमा कथयिताको प्रतिक्रियाले महत्त्व पाएको हुन्छ । यस्तो प्रतिक्रिया प्रश्नहरूको शृङ्खलाका रूपमा प्रस्तुत भयो भने त्यो बाहिर तटस्थ देखिन्छ तर त्यसको अन्तरमा कथयिताकै मानसिक द्वन्द्वको प्रधानता रहन्छ । उदाहरणका निम्ति वासुदेव अधिकारीको 'प्रमिथस, ग्रिस र आगो' शीर्षकको यात्राकवितालाई हेरौ, जसमा वामपन्थी सरकार भएको युरोपेली देश ग्रिसको आर्थिक मन्दीप्रति सहानुभूतिपूर्वक प्रतिक्रिया अभिव्यक्त भएको छ :

*यति चिसो भुइँमा*
*कसरी लागेको आगो ?*
*के सल्केको यसरी ?*
*कसरी पुतपुताएको धुवाँ ?*
*किन जलिरहेको यो माटो ?*
*किन बलिरहेका हृदय ?*
*केको लाभा आएर पुरेको यो अर्थतन्त्रलाई ?*
*के विधि चाल्नो भएको आत्मविश्वास यो भूगोलको ?*
*कति मुसा भेटिएका भकारीभरि ?*
*सुन्दर ग्रिसको नाकमा*

*कस्तो पोतो देखिएको ?*
*अब्बल ग्रिसेलीका नुर*
*किन भुइँतिर झोल्लिएको ?*

(अधिकारी, २०७१, पृ. ५०)

यस कविताले विश्वलाई नै सभ्यता, दर्शन, साहित्य, राजनीति आदि क्षेत्रमा मार्गदर्शन गर्ने ग्रिस नै 'गम्भीर आर्थिक सङ्कट' (ग्रिक डिप्रेसन) मा फसेर सार्वभौम राष्ट्रको इज्जतबाट समेत पतन हुने स्थितिमा पुगेको देखेर कविको मनमा पलाएका सहानुभूतिका प्रश्नहरूलाई प्रस्तुत गरेको छ । सन् २००८–९ देखि अत्यधिक व्यापार र बजेट घाटा सामना गर्दै गएको ग्रिसले सन् २०१२ मा 'ऋण तिर्न नसक्ने असफल राष्ट्र' (सोभरिन डेन डिफल्ट) घोषणा गर्नुपर्ने अवस्था सिर्जना भएको थियो । यसको प्रमुख कारण थियो ग्रिसले उत्पादन हुने र आर्थिक समृद्धितिर लैजानेभन्दा ज्यादा खर्च सामाजिक सुरक्षा र श्रमिकहरूको हित हुने कार्यक्रमहरूमा गर्न थाल्नु । यसै पृष्ठभूमिमा ग्रिस पुगेका बेला कवि अधिकारीले ग्रिसको अर्थतन्त्रप्रतिको जिज्ञासा, इतिहासदेखि नै सभ्य, सम्पन्न र आत्मविश्वासी ग्रिसेलीहरूको नुर झुक्ने अवस्थाप्रतिको तिक्तता पोखेका छन् । नेपालको बैङ्किङ क्षेत्रका आर्थिक विज्ञका रूपमा रहेकाले पनि उनको व्यक्तिगत अभिरुचि त्यतातिर रहनु स्वाभाविकै हो । स्वर्गबाट आगो चोरेर पृथ्वीका मानवलाई बचाउने प्रमिथसको देश ग्रिसले आफ्नै जनताका आकांक्षालाई थेग्न नसकेर सडक आन्दोलन हुनु र अन्तर्राष्ट्रिय मुद्रा कोष (आई.एम.एफ.) को ऋण तिर्न नसकी युरोपेली मण्डल (युरो जोन) मा भोग्नुपरेको बेइज्जतीलाई कविले गम्भीर ढङ्गले लिएका छन् । 'जलिरहेको माटो', 'बलिरहेको हृदय', ' चाल्नो भएको आत्मविश्वास', 'मुसा भेटिएका भकारीभरि' आदि विम्बलाई प्रश्नका शृङ्खला बनाएर उनले ग्रिसेली शुभचिन्तकका रूपमा प्रयोग गरेका हुन् । कविले यस कवितामा वक्ता पात्र 'म' लाई नेपथ्यमा राखेर आफ्नो वैयक्तिक आक्रोश, विक्षिप्तता र करुणाले व्याकुल भएर ग्रिसको आर्थिक पतनलाई 'नाकमा कालो पोतो देखिएको' र 'नुर भुइँतिर झोल्लिएको' तटस्थ अभिव्यक्ति दिएका छन् । त्यसैले मानवीय चिन्तन र चिन्ताका अविरल छालका रूपमा आएका प्रश्नहरूबाट सिर्जित सूक्ष्म एवम् सघन दृष्टिकोणले निर्देशित हुँदा यो कविता आत्मपरक भए पनि सार्वजनिक महत्त्वको बन्न पुगेको छ ।

प्रगीतात्मक कथनको प्रयोगले कविको संवेदनालाई पाठकको सबैभन्दा निकट लैजाने र संवेदनशील बनाउने क्षमता राख्छ तर यसबाट कविता नितान्त निजी अनुभूतिमा रूपान्तरण गर्ने हुँदा सामाजिकीकरणतिर कविको तटस्थता

सिर्जना हुने खतरा पनि रहन्छ । समकालीन नेपाली कवितामा प्रयुक्त प्रगीतात्मक कथनका कवितामा पनि यस्ता क्षमता र खतरा देखिन्छन् तर प्रगतिवादी नेपाली कविताले भने वैयक्तिक अनुभूतिलाई पनि सार्वजनिन मुद्दामा केन्द्रित गरेको पाइने हुँदा कवितामा सामाजिक तटस्थताको जोखिम कम हुँदै गएको छ ।

### २.२ आख्यानात्मक कथन

आख्यानात्मक कथनका कवितामा विषयवस्तुको प्रस्तुति कथाका रूपमा भएको हुन्छ । घटना, पात्र र परिवेशको निरन्तरताको शृङ्खला सिर्जना हुनु नै आख्यानात्मक कथनको विशिष्टता हो । कथयितासँग विषयवस्तुको दुरी अधिक हुने हुँदा यस्तो कथनमा कविले निश्चित परिवेश सिर्जना गरी त्यसमा पात्रलाई उभ्याएर घटनाहरूलाई संयोजन गर्दछ र कथानकका रूपमा घटनाहरूलाई कार्यकारण शृङ्खलामा जोड्दै अभीष्ट लक्ष्यसम्म पुऱ्याउँछ । आख्यानात्मक कथनका कवितामा यथार्थ, मिथक, इतिहास, स्वैरकल्पना आदिलाई आधार बनाइने हुँदा यसले वर्णनात्मकता र वस्तुपरकतालाई महत्त्व दिन्छ । इराकमा अमेरिकाले आक्रमण गरिरहेको र तत्कालीन इरानी शासक सद्दाम हुसैनले त्यसको प्रतिकार गर्न संसारका मुसलमानहरूलाई आह्वान गरिरहेको सन्दर्भमा रचिएको कवि राजवको 'बर्साती खाँ र सद्दाम हुसैन' कवितालाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

*बर्साती खाँ र सद्दाम हुसैनको देश*
*छुट्टाछुट्टै छ ।*

*फारमहरूमा*
*तिनीहरूको राष्ट्रियता*
*नेपाली र इराकी उल्लेख हुन्छ*
*उल्लेख गर्नुपरे ।*

(राजव, २०५०, पृ. ५८)

यो कविता अमेरिकाले इराकका तत्कालीन शासक सद्दाम हुसैनलाई सत्ताच्यूत गर्ने गरी आक्रमण थालेको समय (सन् २००३) र त्यस युद्धले नेपालका मुसलमानहरूमा पारेको प्रभावको परिवेशमा रचना भएको छ । बर्साती खाँ बाँके जिल्लामा बस्ने गरिब नेपाली मुसलमान हो, इराकी शासक सद्दाम हुसैनलाई नचिने पनि मुसलमान हुनुका नाताले र अमेरिकालाई चुनौती दिन सकेको हुनाले ऊ सद्दामको समर्थक, प्रशंसक र सहयोगी देखिएको छ । बर्साती खाँको चाहनाका बारेमा कथयिताको कथन यस्तो छ :

*बर्साती खाँलाई इराक जाऊँ जाऊँ लागेको छ*
*सद्दाम हुसैनलाई सघाउन*
*अमेरिकालाई देखाउन*

(पृ. ५९)

बर्साती खाँको गाउँमा जमिनदार मुसलमान इकवाल अन्सारी पनि बसेको देखिन्छ । खान नपुग्दा उसले क्रूर चरित्रको अन्सारीकहाँ जमिन बन्दकी राखेर ऋण लिनुपर्छ अनि उसको सावाँ र ब्याज तिर्न जमिन नबेची हुँदैन । यति हुँदाहुँदै पनि सद्दाम हुसैनको सवालमा इकवाली अन्सारीसँग बर्साती खाँको मनोभाव मिलेको छ । धर्मले गर्दा गाउँका शोषक र शोषितको मत मिलेको छ :

*त्यसकारण आजकल*
*इकवाल अन्सारीसँग*
*बर्साती खाँको मतभेद समाप्त भएको छ*
*दुबै एकै घुरको*
*आगो ताप्छन्*
*र सद्दाम हुसैनप्रति दया वार्ता गर्छन् ।*

(पृ. ६१)

यसरी सद्दाम हुसैनको समर्थन र अमेरिकाको विरोधका कारण बर्साती खाँले इकवाल अन्सारीलाई मान्न थालेको देखाएर यस कवितालाई अन्त्य गरिएको छ । एउटा खल पात्र इकवाल अन्सारी पनि गाउँमा धर्मको आस्थाको कारण नायक बन्न पुगेको देखिने हुनाले बर्साती खाँ अझै शोषणमा पर्ने सङ्केत यसमा गरिएको छ । पुँजीपतिहरूले कसैलाई गर्ने समर्थनमा आर्थिक स्वार्थ प्रमुख हुन्छ हुन्छ । नायक बर्साती खाँ, विषय सद्दाम हुसैन तथा अमेरिकाको युद्ध र समर्थन, खलनायक इकवाल अन्सारी अनि नायक र खलनायकको मिलनलाई यस कविताको आख्यानात्मक कथनले शृङ्खलित बनाएको छ र त्यस मिलनलाई तार्किक समाधानमा पुऱ्याएको छ । इराक-इरान युद्ध (सन् १९८०–१९८८) मा अमेरिकाले इराकलाई पूर्ण सहयोग गरेको थियो तर पछि तेलको कुरामा आर्थिक स्वार्थ नमिलेपछि सद्दाम हुसैनसहित इराकलाई नै तहसनहस परिदिएको तथ्यको पृष्ठभूमिमा यस कविताको कथनले पाठकको मानसिकतामा गाउँको पुँजीपति इकवाल अन्सारीको शोषणको जालमा सोझो, अशिक्षित बर्साती खाँ पर्ने र उठिबास हुन सक्ने त्रासद भविष्यको वातावरण सिर्जना गर्न सकेको छ ।

आख्यानात्मक कथन मूलतः खण्डकाव्य, महाकाव्य, गीतिगाथा आदिमा प्रयुक्त हुन्छन् र यस्ता रचनामा कवितात्मक क्षमताका साथ कथालाई प्रबन्धन

गर्दै अघि जानु कविका निम्ति जहिले पनि चुनौतीपूर्ण नै देखा पर्छ । समकालीन नेपाली कवितामा पनि आख्यान प्रबल र कला न्यून हुन गई काव्यिक संयोजनमा यस्तो सिर्जनात्मक जोखिम अत्यधिक छ ।

### २.३ प्रबोधात्मक कथन

निर्मित काल्पनिक पात्रलाई सम्बोधन गरेर सिर्जित कवितामा प्रबोधात्मक कथन प्रयुक्त हुन्छ । यस्तो पात्र कुनै पाठक, लेखक वा पाठबाहिरको सामाजिक व्यक्ति वा संस्थासमेत हुन सक्छ । सम्बोधित पात्रसँगको सम्बन्ध वा अनुरक्तिका कारण उसको चिन्तनमा अन्तर्ज्ञानको प्रवाह ल्याउने यसको प्रमुख उद्देश्य हो । यस्ता कथनयुक्त कवितामा कोमल अनुनय, कठोर आज्ञार्थ, सहज इच्छार्थ वा सामनामूलक धम्की आदि उपयोगी हुन्छन् । कवि आहुतिको 'अनाथ सत्य' कवितामा योद्धालाई सम्बोधन गरेर उसको चेतनामा अन्तर्ज्ञान भर्ने प्रयास यसरी भएको छ :

*योद्धा ! योद्धा ! ! ए योद्धा ! ! !*
*यो पनि अब बुझ्नु अनिवार्य छ तिमीले*
*सङ्कटको घडीमा मानिस वास्तवमा एक्लै हुन्छ !*
*योद्धा ! योद्धा ! ! ए योद्धा ! ! !*
*आँखा खोलेर हेर*
*विषालु गोमन निलेर नाचिरहेको मयुरलाई हेर*
*मयुरको प्वाँखहरूमा आफ्नो उत्साहलाई साँच*
*यो सत्यलाई पनि अब पचाउनु अनिवार्य छ तिमीले*

*कहिलेकाहीँ सत्यको साक्षी आफ्नो हृदय मात्रै हुन्छ !*

(आहुति, २०७१, पृ. २९)

यस कवितामा सम्बोधित पात्र 'योद्धा' हो र कथयिताले उसलाई 'तिमी' सर्वनामले पनि बुझाइरहेको छ । त्यसैले यो द्वितीय पुरुष दृष्टिबिन्दुमा रचिएको काव्यिक अभिव्यक्ति हो । यसमा 'हेर', 'साँच' जस्ता आज्ञार्थ बुझाउने क्रियापद प्रयोग गरेर कथयिताले आफ्नो सोचलाई बलपूर्वक लागु गराउन कोसिस गरिरहेको देखिन्छ । युद्ध जिते पनि आफ्ना सहकर्मीहरूलाई गुमाउँदा वा उनीहरूसँग टाढा रहँदा टोलाइरहेको योद्धालाई कथयिताले उत्साहको प्रेरणा दिन खोजेको हुँदा उसले 'विषालु गोमन निलेर नाचिरहेको मयुर'तिर देखाएर शत्रुलाई परास्त गरेको हुनाले आनन्दित र उत्साहित हुन योद्धालाई विचार प्रक्षेपण गरिहेको देखिन्छ ।

अन्त्यमा सम्बोधित पात्रलाई 'कहिलेकाहीँ सत्यको साक्षी आफ्नो हृदय मात्र हुने' भनेर एक्लै भएकोमा आत्मबल कमजोर नपार्न अनिवार्य प्रबोधात्मक चिन्तन दिएको हुनाले यस कवितामा प्रयुक्त कथन उपयुक्त रहेको छ ।

निकट व्यक्तिसित विचार, अनुभूति, चिन्तनमा सहमत बनाउन प्रबोधात्मक कवितामा कविले पाठकसँग प्रत्यक्षतः कुरा गरिरहेको पनि हुन सक्छ । यस्तो कथनमा कथयिताको भूमिका हस्तक्षेपकारी हुन्छ किनभने उसकै विचार, अनुभूति र चिन्तनले सम्बोधित पात्रलाई निबन्धमा जस्तै प्रत्यक्ष रूपमा प्रभाव पार्न खोजिन्छ । कवि राबतको 'राजधानी मास्तिरको राजधानी' कवितामा कथयिताले आफ्नी प्रेमिका डोल्मालाई सम्बोधन गरेर नवीन आत्मबोधी चिन्तन प्रतिपादन गरेको छ :

*ओई, डोल्मा !*
*अझ यो काफलको रूपमा चढेर हेर् त !*

*तेरो ढुङ्ग्रीजत्रै देखिन्छ– ऊ...त्यो राजधानी*
*जसको सुरक्षार्थ खटिएझैँ*
*वरिपरि डाँडामा उभिएका हामीहरू*
*चौकीदार सिवाय केही देखिएनौँ त्यहाँबाट*
*भरिया सिवाय केही देखिएनौँ त्यहाँबाट*
*दास सिवाय केही देखिएनौँ त्यहाँबाट*

*ओई, डोल्मा !*
*ओई, मेरी प्यारी !*
*तेरो यो पुस्तैनी भट्टीबाट तन्तनी पिएर कीरा परेको छ्याङ*
*आइज, हाम्ले पनि चिच्याई चिच्याई भन्दिऊँ–*
*'हामी पनि हौँ यहाँको मालिक-मालिक्नी,*
*हाम्रो पनि छ तिम्रोजस्तो राजधानी !'*

(राबत, २०७०, पृ. ६२)

यस कवितामा राजधानीबाट नजिकै भएको तर परित्यक्त र अपहेलित गाउँबाट राजधानी हेरेर कथयिताले सम्बोधित पात्र डोल्मालाई राजधानी देखाउँदै गरेको पाइन्छ । आफ्नो लागि राजधानीको कुनै महत्त्व नरहेको अभिव्यञ्जना दिन कथयिताले गाउँबाट राजधानी डोल्माको 'ढुङ्ग्रीजत्रै' देखिन्छ भनी बताएको प्रसङ्ग निकै घतलाग्दो छ । राजधानीले आफूहरूलाई सधैँ चौकिदार, भरिया र

दास मात्र ठानेकोमा आक्रोशित कथयिताले सामान्य भट्टीवाल केटी डोल्माको मनमा विद्रोही चेतना हालिदिन खोजेको छ। त्यसैले ऊ जाँड खाएको निहुँ पारेर आफ्नै गाउँलाई राजधानी र आफूहरूलाई त्यस राजधानीको मालिक-मालिक्नी घोषणा गरेर शक्तिको विनिर्माणलाई पुष्टि गर्न खोज्दै छ। सबाल्टर्न जीवनलाई तिरस्कार गर्ने राजधानीलाई आधिकारिक मान्न इन्कार गर्ने विद्राही चेतनाको सम्प्रेषणका निम्ति कथयिताले गरेको प्रयास यस कवितामा सफल भएकाले यसमा प्रयुक्त प्रबोधात्मक कथन प्रभावकारी देखिएको छ।

प्रबोधात्मक कथनको उपयोग पाठकलाई प्रत्यक्ष रूपमा विचार सम्प्रेषण गरी उत्प्रेरणा जागृतिका निम्ति उपयोग गरिने हुनाले यसलाई कलात्मक बनाउन कविको प्रयास अपेक्षित हुन्छ, अन्यथा यसले कुरूप अभिव्यक्तिको स्तर मात्र पाउन सक्छ। समकालीन नेपाली कवितामा प्रबोधात्मक कथनको प्रयोग प्रबल वैचारिक अनुनय, आक्रोश र विद्रोहको अभिव्यञ्जनाका लागि विम्बात्मक ढङ्गले भएको हुनाले त्यो सुन्दर छ।

## २.४ नाटकीय कथन

नाटकीय कथनमा कथयिता हुँदैन वा उसको भूमिका नगण्य हुन्छ र पात्रहरूको संवादबाट नै कवितामा आवश्यक पर्ने कविका विचार, अनुभूति, दृष्टिकोण, स्वर आदि प्रकट हुन्छन्। कथयिताको हस्तक्षेप नहुने हुँदा नाटकीय कथनमा कुनै दृश्यका बीच पात्रहरूको अन्तर्क्रिया नै प्रबल हुन्छ। यसमा वस्तुलाई पनि पात्रका रूपमा उभ्याउन त्यसलाई चरित्र र मानसिक अभिवृत्ति प्रदान गरिएको हुन्छ अनि एउटा पात्रको दृष्टिकोणबाट कवि बोल्छ। निरज भट्टराईको 'जबाफ' कवितामा जीवनको विविधतालाई चित्रण गर्न चिया पसलको गिलास र ग्राहकबीचको संवादलाई माध्यम बनाई नाटकीयता सिर्जना गरिएको छ :

*सधैँ सधैँ व्यस्त रहने*
*चिया पसलको गिलासलाई सोधेँ*
*'यार, तिमीलाई दुध, चियापत्ती र चिनीको*
*स्वादले वाक्क लाग्दैन ?'*

*फिस्स हाँसेर उसले भन्यो–*
*'सर, हरेक ओठको स्वाद फरक हुन्छ।'*

(भट्टराई, २०७०, पृ. १०४)

यस कवितामा एउटा व्यस्त चियापसल दृश्यका रूपमा आएको छ, जसमा 'म' र गिलास दुई पात्र उपस्थित छन्। गिलास वस्तु भए पनि उसलाई मानवीय अभिवृत्ति र दृष्टिकोण प्रदान गरिएकोले ऊ संवादका निम्ति योग्य छ

किनभने परस्पर सम्बोधनबाट ती दुईका बीच आत्मीय सम्बन्ध पनि स्थापित देखिन्छ । 'म' पात्रले चियाको स्वादको एकरूपताका बारेमा प्रश्न सोधेको छ तर गिलासले ओठको विविध स्वादका बारेमा उत्तर फर्काएको छ । संक्षिप्त भएर पनि यो संवादमा जीवनको गम्भीर चिन्तन लुकेको देखिन्छ किनभने हरेक सम्बन्धलाई नयाँ र भिन्न दृष्टिकोणले हेर्न सक्नु नै हो जिउनुलाई सकारात्मक र सुन्दर बनाइराख्ने हाम्रो सोच हो । यस कवितामा प्रयुक्त नाटकीय कथन अत्यन्त आह्लादकारी छ र यसले पाठकको मानसिकतामा कलात्मक बोध प्रक्षेपण गरेको छ । कवि निरज भट्टराईले गिलासलाई आफ्नो मुखपात्र बनाएर यस कवितामा आफ्नो जीवन चिन्तनलाई सुन्दर शिल्पकारिता प्रदान गर्न सकेका छन् ।

सही दृश्यको स्थापना र पात्रहरूको अन्तर्क्रियालाई सही गति र दिशा दिन सक्दा कवितामा नाटकीय कथन अत्यन्त प्रभावकारी हुन्छ किनभने यसमा कवि आफैँ बोल्न पर्दैन र एउटा पात्रमार्फत् आफ्ना विचार र संवेगलाई प्रस्तुत गर्न पनि सकिन्छ । समकालीन नेपाली कवितामा नाटकीय कथनको उपयोग न्यून मात्रामा मात्र भएको छ तर जति भएको छ, त्यो निकै प्रशंसनीय छ ।

### २.५ संकरित कथन

कथनको मात्र होइन, कवितामा विधाको समेत एकीभवन भएर काव्यिक संरचनाले कतिपय अवस्थामा 'संकर' (हाइब्रिड) को स्वरूप लिइसकेको छ । कवितामा रहेको संकरित कथन काव्यिक तरलताको प्रतिफल हो र यथार्थलाई अझैँ तीक्ष्णताका साथ प्रक्षेपण गर्ने यो कथन शिल्पविधानकै एउटा प्रायोगिक अभ्यास हो । प्रथम, द्वितीय र तृतीय तिनै प्रकारका दृष्टिबिन्दुहरूको प्रयोग, आत्मचेतनाको अनुभूति र तथ्यपरक सूचनाको मिश्रण एवम् विलयन यस्तो कथनमा पाइन्छ । मानवीय दुर्दशायुक्त भावावेगले विक्षिप्त पार्ने घटना, पात्र, वा विचारको उथलपुथल अभिव्यञ्जित गर्नुपरेको विचित्रताको अवस्थामा कविले मिश्रित कथनको उपयोग गर्दछन् । उदाहरणका निम्ति यहाँ मोमिलाको 'भीमसेन थापाको सुसाइड नोट' कविता हेरौँ :

*... र अन्तमा मात्र अस्थिपञ्जर केवल अस्थिपञ्जर बाँकी राखेर*
*अमरसिंहको त्यो तस्बिरबाट मस्तिष्क र मुटु पनि झरेछन्*
*सायद त्यही बेलादेखि यस देशका शासकहरू*
*अबिरमालाले पुरिएका चेतना र हृदयशून्य*
*केवल ठिङ्ग उभिएका सालिकजस्ता बनेको हुनुपर्दछ ।*
*यस्तो अभिशप्तता अन्त्य गर्न*
*यहाँ भीमसेन थापाहरूले सालिक होइन*

*बरु मुर्दा नै बन्नुपर्नेरहेछ !*
*तपाईंहरूकै सेवक*
*भीमसेन थापा*
*अहिलेसम्म सुन्दै हुनुहुन्थ्यो*
*भीमसेन थापाको सुसाइड नोट ।*

*अब परिशिष्टमा :*
*आजको शीर्ष खबर*

*देशभक्त भीमसेन थापाको आत्महत्याले देश स्तब्ध छ । थापाको आत्महत्यापश्चात् उनको बन्द मुठी खोलेर हेर्दा उनको हत्केलामा कोरिएको किरिङमिरिङ भाग्यरेखा अनि यो देशको नक्सा र त्यो झुन्डिएको तस्बिरमा बाँकी रहेको अमरसिंह थापाको त्यो वास्तु नमिलेको अस्थिपञ्जर दुरुस्तै रहेको बताइएको छ ।* **(मोमिला, २०७०, पृ. ९१–९२)**

यस रचनामा कविता, टिप्पणी र पत्रकारिताको सम्मिश्रण भएको छ । भीमसेन थापाको आत्महत्याको निशानीस्वरूप रहेको काल्पनिक टिप्पणी छ प्रारम्भमा, जसलाई पत्रका रूपमा नामसहित दिइएको छ । सालिक भनेको अन्याय, अत्याचर, थिचोमिचो चुपचाप सहने तर प्रतिक्रिया नदिने मान्छेको निर्जीव रूप हो तर भीमसेन थापालाई त्यसभन्दा 'मुर्दा बन्न उपयुक्त लाग्यो' भन्ने टिप्पणीबाट नेपालको इतिहासको एउटा जटिल पात्रको उत्खनन र पुनर्प्रस्तुति भएको छ । भीमसेन थापाको उक्त प्रबोधात्मक कथनसँग कथयिताको छोटो वर्णन (अहिलेसम्म सुन्दै हुनुहुन्थ्यो भीमसेन थापाको सुसाइड नोट) आएको छ भने त्यसपछि परिशिष्टका रूपमा समाचारको सानो आमुख (लिड) पनि राखिएको छ । यसरी यस कविताले आत्माभिव्यञ्जना, अनुनय र विवरणको कोलाज स्वरूप प्राप्त गरेको छ । नेपालको इतिहासलाई आधुनिकताको मोडमा पुऱ्याउन अहम् भूमिका रहेका र आफ्ना व्यक्तिगत शत्रुहरूको विनासमा कुख्याति कमाएका भीमसेन थापाको अन्त्य दुःखद त थियो नै, सँगै नेपालको विकृत भविष्यको प्रारम्भसँग पनि त्यो गाँसिएको थियो । यसै चिन्तन, चिन्ता र चरम अवसादको असङ्गत एवम् व्यङ्ग्यात्मक चेतनाको समग्रतालाई अभिव्यञ्जित गर्नका निम्ति कवि मोलिलाले यसमा संकरित कथन अँगालेकी हुन् ।

सामाजिक, राजनीतिक, सांस्कृतिक विषयका गम्भीर विवादास्पद मुद्दाहरूमा विमर्शका निम्ति पनि कवितामा संकरित कथनको प्रयोग गरिन्छ । अनिल श्रेष्ठको 'दृश्य/अदृश्य' कवितामा सत्ताप्राप्तिको अवसरवादी राजनीतिको

खेल र तिनका पछाडि देखिने निदर्शेनका विकृतिलाई प्रस्तुत गर्ने सिलसिलामा यस्तो कथनको उपयोग भएको छ :

*कुकुरहरू भुक्छन्/भुकिरहन्छन्*
*घरि बत्तीहरू बल्छन्/निभ्छन्*
*निभ्छन्/बल्छन्*
*(अत्यन्तै छिटो प्रक्रियाबाट प्रकाशको गति संयोजन भैरहन्छ)*

*पर, केही पर*
*कुनै अज्ञात वस्तु खसेको झैँ सुनिन्छ*
*(खसेको हो, वा त्यो फ्याँकिएको हो, स्पष्ट देखिँदैन)*
*कुकुरहरू त्यसलाई पछ्याउँदै अँध्यारोतिर दौडन्छ*
*त्यो अज्ञात वस्तुतिर झम्टन्छ*
*छिनाझपटी गर्छ, खोस्छ/भाग्छ*
*लड्छ/फेरि एकअर्कामा लडिरहन्छ*
*कुकुरहरू अब भुक्दैन*
*तर अँध्यारोमा आफैँ कुई... कुई... गरिरहन्छन्*

*"कट ... कट*
*ओ.के. ओ.के." पर्दा पछाडिबाट कोही चिच्याउँछ*

*दर्शक दीर्घाबाट*
*एउटा लामो निश्वास छुट्छ ।*
*(पर्दा बिस्तारै बन्द हुन्छ)*

(श्रेष्ठ, २०६३, पृ. ४४)

यस कवितामा बाहिरबाट राजनीतिक परिदृश्यभित्र स्वयम् चलमलाएका देखिने पात्रहरूको योजनालाई आन्तरिक रूपमा निर्देशकको निर्देशनसँग जोडी कविता, नाटक र पटकथाको संयोजनबाट काव्यिक कथनलाई संकर तुल्याइएको छ । अँध्यारोमा कुकुरहरू सक्रिय हुनु, केही खसेको आवाज सुनेर त्यतैतिर छिनाझप्टी गर्नु अनि पर्दापछाडिबाट 'कट' र 'ओ.के.'का स्वरहरू सुनिनु अनि दर्शकदीर्घामा लामो निश्वास छुट्नु राजनीतिक दुःखान्तताका परिचायक परिघटनाहरू हुन् । हाम्रा नेताहरू सत्ताका निम्ति विदेशीको निर्देशनमा अघि सर्ने र पछि हट्ने क्रियाकलापले जनतालाई झन् समस्यामा पार्ने अनि चिन्तित

तुल्याउने परिवेशलाई यस कविताले सङ्केत गरेको छ । पात्रको सिर्जना, परिवेशको परिकल्पना र 'सिनेमाकला' (सिनेमाटोग्राफी) मा प्रचलित साना साना दृश्यांशहरूलाई जोडेर भिन्न प्रभाव दिने खालको विम्ब सिर्जना गर्ने 'मोन्टाज प्रविधि' (मोन्टाज टेक्निक) को समेत उपयोग गरेर यस कविताले संकरित कथनमार्फत नेपाली राजनीतिक यथार्थको जटिल अभव्यिञ्जना दिन सकेको छ ।

संकरित कथनको प्रयोगले कवितामा अर्थका विभिन्न तहहरू सिर्जना गर्न र त्यस्ता जटिल अर्थहरूमा निहित वाणीहरूलाई कलात्मक रूपले अभिव्यञ्जित गर्न सकिन्छ । नूतन र अक्षतप्रायः रहेको यस्तो क्षेत्रमा समकालीन नेपाली कविहरूको न्यून प्रवेश वा उदासीनता एउटा बिडम्बना नै हो ।

## २. निष्कर्ष

संरचनात्मक कथनका दृष्टिले समकालीन नेपाली कविताले आत्माभिव्यञ्जना दिन उपयुक्त हुने तर कविको हस्तक्षेपले प्राथमिकता पाउने प्रगीतात्मक कथनलाई नै शिल्पविधानमा अधिक प्रयोग गरेको छ । यसले गर्दा कवितामा विविधताका आवाज प्रतिनिधित्व गराउन र पाठकका मानसिकताका जटिलतम् गन्थ्रिहरू फुकाउन सक्षम आख्यानात्मक, प्रबोधात्मक, नाटकीय र संकरित कथनका ढाँचाले न्यूनता पाएको देखिन्छ । यसबाट के निचोड निस्कन्छ भने समकालीन नेपाली कवितामा अर्थतात्त्विक स्तर र तहगत विविधताबाट पाठकमा बहुलताको सम्प्रेषण गर्ने संस्कार न्यून छ, जसले गर्दा हाम्रा कविहरू जटिल काव्यिक अभिव्यक्तिका नवीन क्षेत्रहरूको अनुसन्धान र आविष्कार गर्नुभन्दा पनि एकल मुद्दाकेन्द्रित भई विषयवस्तुको प्रत्यक्ष प्रकटीकरणतर्फ नै उन्मुख रहेका छन् ।

## सन्दर्भसामग्री

अधिकारी, वासुदेव (२०७१), युरो स्पर्श, काठमाडौँः याम्बुरी बुक प्वाइन्ट ।
आहुति (२०७१), गहुँगोरो अफ्रिका, काठमाडौँः साङ्ग्रिला पुस्तक प्रा.लि. ।
एटम, नेत्र (२०६१), समालोचनाको स्वरूप, ललितपुरः साझा प्रकाशन ।
एटम, नेत्र र गौतम, लक्ष्मणप्रसाद (सम्पा.). (२०७४). प्रज्ञा आधुनिक नेपाली कविता. काठमाडौँः नेपाल प्रज्ञा-प्रतिष्ठान ।
एटम, नेत्र (सम्पा.). (२०७३). समकालीन नेपाली नारी कविता. काठमाडौँः नेपाल प्रज्ञा-प्रतिष्ठान ।
पाउलिन ए. र मिसेल वाटर्ज (सन् २००६), कन्टेम्पोररी अमेरिकन पोइट्री, ब्ल्याक बेः हटन मिफ्लिन कम्पनी ।

बुगेजा, मिसेल जे. (सन् २००१), द आर्ट यान्ड क्राफ्ट अफ पोइट्री, ग्रिन्लीः राइटर्ज डाइजेस्ट बुक्स ।

बुरोवे, जनेट (सन् २००७), इम्याजिनेटिभ राइटिङः द इलिमेन्ट्स अफ क्राफ्ट, न्यू योर्कः पिर्सन ।

भट्टराई, निरज (२०७०), धुवाँको धागो, काठमाडौँः ऋतुरङ्ग फाउन्डेसन–नेपाल ।

मोमिला (२०७०), भीमसेन थापाको सुसाइड नोट, काठमाडौँः याम्बुरी बुक प्वाइन्ट ।

राजव, (२०५०), “बर्साती खाँ र सद्दाम हुसैन”, कविता/सोचः समकालीन नेपाली कवि, विचार र कविता, सम्पा.राजेन्द्र पराजुली, काठमाडौँः नेपाल साहित्य गुठी, पृ.५८–६२ ।

राबत (२०७०), राजधानी मास्तिरको राजधानी, काठमाडौँः फिनिक्स बुक्स ।

रिचार्डस, आई.ए. (सन् २००१), प्रिन्सिपल्ज अफ लिटरेरी क्रिटिसिजम, न्यू योर्कः साइकोलोजी प्रेस ।

श्रेष्ठ, अनिल (२०६३), आरु फुलेको साँझ, काठमाडौँः पाठ्य सामग्री पसल ।

सुवेदी, पुरुषोत्तम, लक्ष्मणप्रसाद गौतम र विष्णुविभु घिमिरे (२०७० सम्पा.),

■■

*(प्रज्ञा समकालीन नेपाली कविता भाग १ र २, काठमाडौँः नेपाल प्रज्ञाप्रतिष्ठान ।)*

असीम सागर

# गाउँको मानचित्र



आफ्नै पाखो बारीमा हलो जोतेर
म स्वाभिमानले बाँच्न खोजेँ
तिनीहरूले मलाई होच्याएर हली भने ।

पहाडका उकाली–ओरालीहरूमा भारी बोकेर
म इमानले बाँच्न खोजेँ
तिनीहरूले मलाई हेपेर ढाक्रे भने ।

यसरी
ब्रान्डेड जुत्ताले कुल्चिएर
चुँडिएको म थोत्रो पुरानो चप्पल शहर छिरेँ ।

शहर छिरेपछि लाग्यो–
गाउँमा त बरु धुलो बनेर
एक छिन भए पनि किसानको लुगामा टाँसिन पाउँथेँ
तर, शहरमा त
कसैको जुत्ताको सोलमा टाँसिन पनि
जुत्ताकै टेकाइ सहनुपर्दोरहेछ ।

बाजले चिललाई लखेट्नु
चिलले पन्छीलाई खेद्नु
र, पन्छीले ससाना किराफट्याङ्ग्रा खानु
सायद प्रकृतिकै नियम रहेछ सम्झेँ
र, सडक-किनारमा नाङ्लो पसल खोलेँ
तिनीहरूले मलाई नाङ्ले भन्दै लखेट्न थाले ।

ठेलागाडामा सब्जी बेचैँ
तिनीहरूले मेरो ठेला पल्टाइदिए
र, मलाई पाखे भन्दै विस्थापित गराए ।

अब म कुन देशको शरणमा जाऊँ ?
कुन देशको शरणमा जाऊँ अब म ?
कहाँ सजाएर राखूँ यो मेरो नागरिकता ?

यसरी
गाउँमा तिर्खा बाँड्दै हिँड्ने गाउँको खोला
एक दिन नदीमा हाम फाल्यो
र, बग्दै–बग्दै समुद्र पुगेर बेपत्ता भयो ।

अचेल मेरो गाउँ
मजस्ता सयौँ बेपत्ता खोलाको पर्खाइमा
टुहुरो बालकझैँ झोक्राएर बसेको छ ।

■■

*सन्धिखर्क नगरपालिका, अर्घाखाँची*
*हाल : काठमाडौँ*

मुकुन्दराज शर्मा

# कफीसपको पाठशाला



आउनुहोस् पत्रकार मित्र ! तपाईंलाई मेरो 'कफी पाठशाला'मा स्वागत छ । मेरो ठेगाना पत्तो पाउन त तपाईंलाई गाह्रो भएन नि ? अलिकति भित्र छ, कुनाकाप्चामा अवस्थित छु म । घचेटिँदै-घचेटिँदै भित्तैनेर पुगेको छु म । अरूले आफूलाई फराकिलो पार्दापार्दै मेरो पाठशाला थोरै साँघुरिएको छ; अज्ञानताले ज्ञानलाई चेप्टाएझैँ, अँध्यारोले सूर्यको प्रकाश निलेझैँ । तर, सबैले चिनिहाल्छन्, 'कफी सप' भन्नुहोस्, मेरो दैलोमैँ पुऱ्याइदिन्छन् । गतिला छन् मेरा छिमेकीहरू; पहिले आफूलाई सजिलो पार्छन् अनि मतिर सहयोगी हात बढाउँछन् ।

यही हो मेरो पाठशाला ।

पहिले कफी खाऔँ अनि गफिऔँला, हुन्न ?

यो बडेमाको कपमा म सधैँ आफ्ना लागि कफी बनाउँछु । अनि, यी बुट्टेदार कपहरू पाहुनालाई कफी 'सर्भ' गर्नका लागि राखिएका हुन् । पाहुना एक वा अनेक पनि हुन सक्छन् । त्यसैले आधा दर्जनजति कप राखेको छु । म कफीको सौखिन छु । पाहुनालाई पनि म कफीले नै स्वागत गर्ने गर्छु । मित्रहरू एक-दुई कप कफीमा घन्टौँ रमाइला बात मारेर जान्छन् र त मेरो पाठशाला कफीसपको पाठशालाले चिनिन्छ ।

कफी पिउनु मेरो आदत हो । मानिसमा आ-आफ्नै बानी हुन्छन्, एउटा-एउटा कुराको लत बसेको हुन्छ । चुरोटको लत, हुक्का गुडुर्‌गुडुर् पार्ने लत, सङ्गीत सुन्ने लत, उपन्यास पढ्ने लत... रुचिको मात्रा बढ्यो भने त्यो आदत भइदिन्छ । आदतको सम्बन्ध मन र मस्तिष्कसँग हुन्छ । एक कप कफी पिउँदा म 'रिल्याक्स्ड' हुन्छु, स्फूर्ति बढ्छ र केही गर्ने जाँगर चल्छ । हुन त आदत पानी नपार्ने बादलजस्तै हो, फाट्दा पनि केही फरक पर्दैन ।

तपाईंलाई कस्तो कफी टक्र्याऊँ पत्रकार मित्र ? चिनीसहितको कि चिनीरहितको ? दूध मिसाएको कि कालो लेदो ?

मेरो पाठशालामा तपाईंलाई पहिलोपटक स्वागत छ ।

तपाईं त शिक्षा-पत्रकार हुनुहुँदोरहेछ । शिक्षा तपाईंको रुचि हो कि फगत जागिर ? कैयन्ले जागिर र विशेषज्ञताको भिन्नता चालै पाउँदैनन् । शिक्षाले सर्वप्रथम धीरताको परीक्षण गर्दछ । शिक्षा हुरीको वेग होइन, मन्द बतासले हल्लाएका पातहरूको मधुरो सर्सराहट हो ।

तपाईंको पहिरन मलाई आकर्षक लाग्यो । पत्रकार भन्नेबित्तिकै मानिसका आँखामा उसको परिकल्पित छवि आउने गर्दछ । पहिरन र पेशालाई यस्तै परिकल्पित ढाँचाले जोडेका हुन्छन् मानिस- पत्रकार, शिक्षक, नेता, व्यापारी, दलाल, वैज्ञानिक, सन्त, महात्मा आदि-आदि । तपाईं क्याजुअल खालको हुनुहुँदो रहेछ ।

तपाईंले बिहान मलाई फोन गरेर आफ्नो नाम पनि बताउनुभएको थियो । मैले बिर्सिएको छैन । तपाईंका दुईवटा चाहना थिए– एउटा, मेरो पाठशाला हेर्ने र अर्को, शिक्षासम्बन्धी केही जिज्ञासा । म आज दिनभरि कतै गइनँ, जानु परेन भनेर बुझ्नुस् । विनाउद्देश्य टहल्नु भनेको आफ्नो समयको मूल्य चाल नपाउनु नै हो ।

म बार्दलीमा आराम कुर्सीमा बसेर घाम ताप्दै केही घोत्लिँदै थिएँ । मेरा कानमा नभई शरीरको शीर्षासनमा विराजमान मस्तिष्कमा तपाईंको फोनको आवाज प्रतिध्वनित भयो । मेरो पाठशाला हेर्ने तपाईंको रहर ! कि छिमेकीहरूको जस्तै कफी सुर्काउने सुलभ बहाना ? पाठशाला भन्नेबित्तिकै मलाई र सायद तपाईंलाई पनि अनि धेरैजनालाई झट्ट लाग्दो हो- एउटा लामो रेलजस्तो कोठैकोठा भएको भवन, भवनका दुवैपट्टि फराकिला हरिया चउर, वरिपरि बारबन्धन, बारका भित्रीछेउमा अग्ला-अग्ला बैंसका रूखहरू, भुङ्ग्रामा सेकेको रोटीजस्तो खुट्टामा झुन्ड्याइएको एउटा पित्तलको घन्टी अनि सबै बालबालिकाका प्रिय चौकीदार दाइले टिङटिङ पारेर घन्टी ठोक्दा रूखको हाँगाबाट भुरुर्र उडेका चराका बथानझैँ भुइँभरि उड्दै गरेका बालबालिकाको उन्मुक्ति । सोच्नोस् त ! दूरदराजसम्म यस्तै पाठशाला भइदिनु नि !

तपाईंलाई मेरो पाठशाला कस्तो लाग्यो ? यो ठूलो कोठाका भित्ताभरि राखिएका यी पुस्तकहरू पुस्तक मात्रै नभई मेरा शिक्षक हुन्, मेरा बालसखा पनि यिनै हुन्, ज्ञानका स्रोत हुन् । यिनीहरूबाट आर्जित श्रुतिमय ज्ञानलाई अनुभूत गरी भावनामय ज्ञान अर्थात् experiential learning मा परिणत गर्न सजिलै सम्भव छैन । मित्र, बेलुका तपाईं आएपछि धेरै छलफल गरौँला भनेर ध्यान अन्तै मोडेँ । तर, मलाई तपाईंको दोस्रो जिज्ञासाले गिजोलिरह्यो– शिक्षा...! तपाईं सायद समुद्र अटाउने रित्तो घडा लिएर आउनुहुनेछ र जाँदा एउटा सूक्ष्म थोपा मात्र लिएर जानुहुनेछ ।

अँ, यसो गरौँ न ! एक-एक कप कफी थपौँ है ?

सोचिरहेँ, पत्रकार मित्रले शिक्षाका बारेमा के जान्न खोजेका होलान् ? ऋषिमुनिहरूका पालाको आफ्नै जीवन-जगत्‌को शिक्षा ? जतिबेला शिक्षक ज्ञानका द्योतक हुन्थे, उनको आचरण हिमगङ्गाको श्वेत निर्मल जलझैँ हुन्थ्यो, जसको सेचन गर्दामात्रै पनि चित्त शुद्ध हुन्थ्यो, राजकुमारहरू पनि गुरूका शरणमा रहेर शिक्षार्जन गर्थे, स्वयम् राजा-महाराजाहरू गुरूलाई आफ्नोभन्दा उच्चासनमा विराजमान गराउँथे; कतै त्यही इमानको शिक्षा, तपश्वी शिक्षकका बारेमा केही जान्न चाहेका हुन् कि ? नम्बरी सुन बन्न आगोमा पोलिनुपर्ने कठोर विद्यार्थी जीवन । पाठ्यक्रम, पाठयोजना, पाठको उद्देश्य अनि मूल्याङ्कन– सबथोक गुरूले नै तय गर्थे । गुरूकै निर्णयानुसार विद्यार्थीले महाविद्यालयको डिग्री प्राप्त गर्थे ।

ती पत्रकार मित्रलाई यति त पक्कै थाहा होला कि जब औपनिवेशीकरणका पाइला विश्वभर दगुर्न थाले, शिक्षाले ज्ञानको दायरालाई खजान्ची र लेखनदासमा सीमित पारिदियो । मध्यमा, शास्त्री, आचार्यका प्रमाणपत्र कागजमा छापिएर आउन थाले । ज्ञान अङ्कमा जोखिन थालियो । पुराना मूल्य र मान्यता, वैदिक सभ्यताका पर्खालहरू भत्किँदै गए । यान्त्रिक जीवनको जगजगी सुरू हुँदै जान थाल्यो ।

म सोच्दै थिएँ पत्रकार मित्र, तपाईंसँग शिक्षाका बारेमा के गन्थन हुने होला ? एकछिन बार्दलीको बारमा अडिएर बाहिरतिर हेरिरहेँ । दुई-चारवटा सुकेका पातहरू हाँगाबाट छुट्टिएर बत्तिँदै-बत्तिँदै भुइँतिर झरे, हाँगाभरि पलाएका नयाँ कलिला पातहरू फर्फर गर्दै नाच्न थाले । समय (चौथो आयाम)को बललाई नाप्ने औकात त कसैसँग छैन, तर यसलाई अनुभूत गर्न सकिन्छ । यसले पुराना विषय, वस्तु, विचार र रिवाजहरूलाई विस्थापित गर्दै नयाँलाई स्थापित गर्दोरहेछ जसरी स्वयम् समय पनि पुराना पलहरू मेटिएर नयाँ पलहरूद्वारा निरन्तर विस्थापित भइरहन्छ । जीवजगत्‌मा मात्र नभई अन्य अमूर्त विषयहरूमा पनि विकासवादको सिद्धान्त मेल खाने रहेछ- गतिशीलता । विज्ञान र समाजको चामत्कारिक विकास भनौँ वा परिवर्तन ? भइरहेछ । समयले चेतनाको विधि-विधानमा पनि धेरै फेरबदल ल्याएको छ । यी सबै विकास, परिवर्तन, फेरबदल जे भने पनि त्यसको मुख्य जरा शिक्षाको नाभीमा जोडिएको हुन्छ । त्यसैले शिक्षा पनि स्थिर रहन सक्दैन । आखिर शिक्षा मानवप्रयुक्त विषय न हो र मानव भौतिक, आध्यात्मिक र संवेगात्मक तत्त्वहरूको त्रिकुटी हो । जडवादीहरू यसलाई

नस्विकार्लान्, तपाईं नस्विकार्नुहोला, म नस्विकारौँला तर स्वीकार गर्नेहरू पनि त छन् नि ?

अर्को एउटा कुरा– शिक्षा जीवन निर्माण विधि हो र सही मानेमा जिउने पद्धति हो । ज्ञान, सीप र जीवनको अन्तर्सम्बन्धको स्वरूप जतिसुकै फेरिए पनि सारतत्त्व जस्ताको तस्तै रहन्छ । हामी भरपुर जिउनका लागि जन्मेका हौँ । त्यही भरपुर 'जीवाइ' शिक्षाले देओस् भन्ने हो । नत्र यति बोझिलो पढाइलाई विसर्जन गरिदिँदा भइहाल्थ्यो ।

मेरो घरको साँधनेर एकजनाले केराको एउटा बोट रोपेका थिए । आज बार्दलीबाट हेर्दा त्यहाँ पाँचवटा बोट भएछन्, दुई–चारवटा अझै टुसाएका थिए । अब छिट्टै त्यहाँ घारी बन्ने भो, झाँगिने भो विचारहरू झाँगिएझैँ । तपाईंलाई एउटा विचार आउँछ, अनि त्यसको छेउछाउबाट कोथो टुसाएझैँ अन्य विचारहरू टुसाउन थाल्छन् । छिनभरमैँ विचारहरूको अरण्य झाडी बन्छ र स्वयम् विचारक त्यही झाडीमा हराउँछ । आज म पनि दिनभरि दिशाहीन भई हराएको थिएँ झाडीमा, अहिले तपाईं आइपुग्नुभयो अनि बाहिरिने बहाना पाएँ ।

म बार्दलीमा बसेर तेस्रोचोटि कफी पिउँदै गर्दा तपाईंको जिज्ञासा कतै आधुनिक शिक्षा राज्यसत्ताको स्वार्थसँग गाँसिएको, उसैद्वारा नियन्त्रित, राजनीतिपरस्त भयो कि भन्नेतर्फ पनि हुनसक्ला भन्ने लाग्यो । हेर्नोस् मित्र, अहिलेको विश्व, यो समाज होस्, गाउँ–टोल होस्, घरपरिवार होस् या एउटा व्यक्तिविशेष मात्रै किन नहोस्; कसैले पनि आफूलाई राजनीतिबाट 'आइसोलेट' गर्न सक्दैन । राजनीतिले शिक्षालाई आफ्नो बैसाखी बनाउँछ र आफ्नो नीतिको साम्राज्य विस्तार गर्छ । ऊ पाठ्यपुस्तकका अक्षर बनेर सर्वत्र डुल्छ । सही हो । तैपनि राजनीतिबाट केहीलाई पनि, कसैलाई पनि अलग्याएर राख्न सकिन्न । त्यसैले शिक्षा राजनीतिको गोडा बनेको छ भन्दा गल्ती हुँदैन ।

वास्तवमा अहिलेका विद्यार्थीले भोजभतेरमा 'टिट्स–बिट्स' चबाएझैँ शिक्षा चबाइरहेछन् । हामी सम्भ्रान्त शैलीका भोजहरूमा वेटरले किस्तीमा सजाएर जे ल्याउँछ, त्यही टिपेर चबाउँछौँ– मूला, काँक्रा, गाँजर, पनिर, पकौडा, फ्रेन्च फ्राइ, साँधेको बदाम, सिन्कामा उनेको पोलेको मासु । अनि, हातमा बोकेको ह्विस्की, वाइन, बियर वा चिसो पेय पदार्थले बगाएर पेटभित्र हुल्छौँ । यो 'टिट्स–बिट्स' शिक्षा ! हामीलाई हाम्रो रुचि र आवश्यकताको पहिचान नै छैन । विद्वान् र विज्ञ ठानिएकाले जे भट्ट्याउँछन्, हामी त्यसैमा सुर मिलाएर देउसिरे भन्दै छौँ । मलाई कहिलेकाहीँ लाग्छ– हामीले शिक्षालाई रसायनशास्त्रको प्रयोगशालामा

हुलिदिएका छौँ, जहाँ प्रत्येक दिन 'रेडिकल टेस्ट' गरिँदै छ । नयाँ, झन् नयाँ अनि फेरि नयाँ ।

म अलमलमा छु । निश्चित उत्तर र उपाय भेटाउँदिनँ ।

के शिक्षाले पनि विनिर्माण (डिकन्स्ट्रक्सन) को सिद्धान्त खोजेको हो ? अब यसको मियो उखेलेर अन्यत्र सार्नु पर्ने हो कि ? जसरी म जहाँनेर उभिएको छु, त्यहिँनेर पृथ्वीको केन्द्रबिन्दु हो । ठीक त्यसरी नै म जे पढ्न रुचाउँछु, त्यही शिक्षाको मियो हो । मेरो आवश्यकताको मेन्यु अरूले होइन, म आफैँ बनाउँछु । मलाई यस्तै लहडी ख्यालहरू आउँछन् ।

तपाईं फर्किएपछि म फेरि प्रश्नै-प्रश्नहरूको झाडीमा हराउन सक्नेछु ।

मेरी नातिनी विद्यालय जाने उमेरकी भैसकिन् । तपाईंलाई थाहा छ, म उनलाई के-के पढाउँदै छु ? सर्वप्रथम म उनलाई भाषा सिकाउँछु । जति सक्दो धेरै भाषा । भाषाले मात्रै तपाईंलाई दुनियासँग जोड्छ । यदि भाषा नै छैन भने भावको के अर्थ ? अभिव्यक्तिमा प्रवीणता र शिल्प-दक्षता वर्धन गर्नका लागि भाषा चाहिन्छ । विचार र विमर्शहरूको योजक नै भाषा हो ।

त्यसपछि म उनलाई गणित सिकाउँछु । किनकि गणितमा तर्क हुन्छ याने कि लजिक । गणित शाश्वत सत्य हो, त्यसैले यसमा कुतर्कलाई कुनै स्थान छैन । विज्ञान र विकासको जननी गणित हो– तपाईंलाई विश्वास नलाग्ला ।

त्यसपछि उनलाई थोरैथोरै विज्ञान पढाउँछु । रुखका पातहरू किन हरिया छन् ? सिमीको बोटलाई थाँक्रा किन चाहिएको ? इनारभित्र पानी कसरी जम्मा हुन्छ ? फूलहरू रङ्गीचङ्गी किन हुन्छन् ? किन दिन पछि रात र रात पछि दिन नै हुन्छ ? आकाशमा जून र तारा कसरी अल्झिएका छन् ? भुइँमा किन खस्दैनन् ? यसले उनलाई नयाँ कुराहरू सिक्ने र खोज्ने जिज्ञासा बढाउने छ, जिज्ञासु बनाउनेछ । जिज्ञासा बालबालिकाको जन्मजात गुण हो । यसलाई हुर्किन दिनुपर्छ । प्रकृति जिज्ञासै-जिज्ञासाको भण्डार हो । यसको सान्निध्यमा रहनुपर्छ ।

भनिन्छ– सन्देह र जिज्ञासा नै ज्ञानशालाका द्वार हुन् ।

र अन्त्यमा, नागरिकशास्त्रका आधारभूत कुराहरू पढाउँछु । अन्ततोगत्वा उनलाई एक सफल नागरिक बनाउनु नै मेरो उद्देश्य हो । यति पढे पुग्दैन ? ठूलो भएपछि उनीहरूलाई जे विषय रुचिकर हुन्छ, त्यही पढ्छिन् । अहिलेदेखि नै सबै ज्ञानको भारी बोक्नु जरुरी छ र ?

यो मेरो पाठशालामा रोजी-रोजी सबै विषयको अध्ययन गर्न पाइन्छ । जे रुचाउँछन्, त्यही रोज्छन् । पढ्नु भनेको जीवन सार्थक बनाउनु हो । हैन त ?

बरु म उनलाई प्रशस्तै चित्रहरू कोर्न लगाउँछु । चित्र कोर्दा कल्पनाशीलता, भावना, प्रेम सबै पक्षको प्रचुर विकास हुन्छ । आफैँले कोरेको चित्रलाई माया गर्न थाल्छन् । बालबालिका स्वभावैले चञ्चल हुन्छन् । चित्र कोर्दा एकाग्र हुन पनि मद्दत पुर्‍याउँछ । चित्रैचित्र भएका कथाहरू पढ्न लगाउँछु, म आफैँ पनि सुनाउँछु । त्यसले पढाइप्रतिको आकर्षण बढाउँछ, मानसपटलमा उनीहरू आफ्नै एउटा काल्पनिक चलचित्र बनाउन थाल्छन् । एकादेशमा राजा, रानी, सिपाही, जङ्गल, जनावरहरू आदि–आदि । उनीहरूले कल्पना गरेका पात्र वास्तविक पात्रभन्दा भिन्न पनि हुन सक्छन् । रुचिका साथ हुने सिकाइ प्रक्रिया यस्तै गरी हुने त हो नि ? कि कसो ?

बालबालिकाको सिकाइ प्रक्रियामा कल्पनाशीलताको महत्ता म सामान्य शब्दमा वर्णन गर्न सक्दिनँ । बरु मैले तपाईंलाई उनीहरूको सिकाइमा सङ्गीत र नृत्यको महत्त्व सुनाउनै बिर्सेछु । फेरि अर्को बसाइमा है ?

शिक्षाको उद्देश्य मानिसको प्रज्ञा अनि करुणालाई जगाउनु हो । तर, त्यो उद्देश्यपथ भेटाउन कति कठिन रहेछ ?

तपाईं त शिक्षा–पत्रकार ! शिक्षाका बारेमा तपाईंले पनि धेरै सोध, खोज र चिन्तन गर्नु भएकै होला ? धेरै ज्ञान बटुल्नु भएकै होला ? मलाई पनि तपाईंसँग एउटा प्रश्न सोध्ने इच्छा थियो– “के शिक्षाको पूर्वीय दर्शन यति छद्मी र झुटो थियो र ? हामीले यसलाई भत्काउनैपर्ने ? कि यो यति बलशाली थियो कि अरू कसैले यसलाई परास्त गर्नैपर्ने ? उत्तर सोँचेर दिनुहोला, फुर्सदमा ।”

पुरानो पूर्ण त्याज्य वा विस्थापित भई पूर्ण नयाँको स्थापना हुन्छ भन्ने परिकल्पना गर्न नसकिएला । पुरानो भनेको थोत्रिएको, बहिष्कृत अथवा नयाँ भन्नेबित्तिकै कलुषित, अपरिपक्व भन्ठान्नु दुवैमा दृष्टिदोष छ । हाम्रो आफ्नै भूमिमा अङ्कुरित साङ्ख्यदर्शनको सारतत्त्व ‘विकासवाद’ लाई बुझ्न हामीले डार्बिनलाई पर्खिनुपर्‍यो ।

लौ त मित्र, कफीको कप पनि रित्तियो होला ? अब तपाईंका प्रश्नहरूतिर लागौँ ।

■■

*प्रिन्सिपल, लिटिल एन्जल्स स्कूल*

रत्न प्रजापति

# साइँलीको कुखुरी



'मान्यो च्याङ्बा मान्यो... ।'

मनु ब्राजाकीको 'मान्यो च्याङ्बा मान्यो, असिनामा पान्यो' शीर्षकको कथालाई नै सम्झाउने गरी साइँली तामाङ्नी कराई । सडकछेउमै छ साइँली तामाङ्नीको घर । ऊ कराएतिर यसो हेर्दा त सडकमा एकातिर उसको घच्चीको कुखुरी उत्तानो परिरहेको । अर्कोतिर वडाध्यक्ष हरिहर बिष्ट बाइकसहित उत्तानो परिरहेको । बाइकले थिचेर ऊ उठ्न पनि सकिरहेको थिएन । बटुवाले उठाइदिएपछि मात्रै ऊ उठ्न सक्यो । बाइक भने कसैले उठाएनन् ।

एकछिन् अघिसम्म त कुखुरी फत्र्याक-फत्र्याक गर्दै थियो । अब त्यो पनि गर्न छोड्यो । अर्थात् कुखुरी मन्यो ।

वडाध्यक्षले जिउमा लागेको धुलो टकटकायो । घुँडा भुइँमा घस्रिएछ । अलिअलि चोट पनि लागेछ । ऊ खोच्याउँदै हिँड्यो ।

वडाध्यक्ष सधैँझैँ मनमा के-के सोच्दै बाइक हाँकिरहेको थियो । त्यही बेलामा साइँलीको कुखुरीले बाटो काट्न खोजेछ । पारिपट्टि नालीको फोहोरमा गड्यौँला खान पल्केको कुखुरी आज पनि उतैतिर जान लागेको रहेछ । त्यसलाई कालले निम्त्याएको । त्यहीबेलामा वडाध्यक्ष बाइक हाँकेर आइपुगेछ । आफ्नै सुरमा हिँड्दा वडाध्यक्षले कुखुरीलाई देखेनछ । अगाडि नै पुगिसकेपछि कुखुरीले बाटो काट्दै गरेको देखेर बेसरी ब्रेक लाउँदा पनि कुखुरीलाई बचाउन सकेनछ । अनि त बाइकले किचिएर कुखुरी उत्तानो । बाइक चिप्लिएर वडाध्यक्ष पनि उत्तानो । धन्न हातखुट्टैचाहिँ भाँचिएनछन् ।

साइँली तामाङ्नीको हारगुहार सुनेर एक-दुईजना गर्दै मान्छेको भीड लाग्न थाल्यो । "के भो ? के भो ?" भन्दै छिमेकीहरू दौडिँदै आए । साइँली तामाङ्नीले बीच सडकमै उत्तानो परेको आफ्नी कुखुरीलाई देखाई । कुखुरीभन्दा अलि पर उत्तानो परेको बाइकलाई देखेपछि सबैले बाइकले कुखुरीलाई किचेको अनुमान लगाए । आखिर भएको पनि त्यही नै हो ।

"कुखुरीलाई किचेको रै'छ । मान्छेलाई किचेको भए ?" कसैले भन्यो ।

"कुखुरीको मात्रै ज्यान होइन र ?" अर्कोले भन्यो ।

अघि बोल्ने मान्छे चुप लाग्यो । अब अरूहरू नै बोल्न थाले ।

"खोरमा थुनेर राख्नुपर्छ नि ! छाडा छोडेपछि बाइकमात्रै होइन, साइकलले नि किच्छ । गाडीले नि किच्छ ।" साइकल डोऱ्याउँदै आएको मान्छेले भन्यो ।

उसको कुरा साइँली तामाङ्नीले सुनिछ । आफ्नो माइतीको पेवा कुखुरी मरेको रनाहाले डाहा भइरहेकी साइँली तामाङ्नी च्याँट्ठिई, "तेरो साइकिल नालीमा फाल्दिऊँ । तुइँले सिकाउनुपार्छा खोरमा थुन्नू भानेर ? खुल्ला ठाउँमा हामी खुल्लै छोड्छौँ । तुँलाई किन खास्खास् ?"

साइकलवाला नबोली लुसुक्क साइकल डोऱ्याउँदै गयो । त्यहाँ भेला भएका महिलाहरू साइकलवालाप्रति व्यङ्ग्य गर्दै हाँसे ।

"सिकाउन पो खोज्दोरै'छ ए मुँलाई ।" साइँली तामाङ्नीको रिस अझै मरेको रै'नछ । ऊ अझै भुतभुताइरही ।

च्याङ्बा अर्थात् साइँली तामाङ्नीको लोग्ने अर्थात् वीरमान तामाङ्ले खुसुक्क बाइकको साँचो झिकेर हातमा लियो । वडाध्यक्षले रोक्न खोज्दै थियो । वीरमानले आँखा तरेर हेऱ्यो । वडाध्यक्षले केही भन्न सकेन ।

हुन त वडाध्यक्ष बाइक लिएर भाग्ने खालको मान्छे त होइन र भाग्ने पनि थिएन । तर, वीरमानलाई बाइकको साँचो हातमा लिएपछि ढुक्क हुन्छ भन्ने लाग्यो हर्जाना तिराउनलाई । फुत्केपछि त फुत्किहाल्यो नि । वडाध्यक्षजस्तो मान्छे । साना मान्छेको के लाग्छ र । वीरमानले मनमनै यस्तै सोचिरह्यो ।

"आफ्नै गाउँका वडाध्यक्ष हुन् । कुरा मिलाएर पठाइदिए भैगो नि । किन बबाल गरिरहनु !" कसैले प्वाक्क बोल्यो ।

साइँली तामाङ्नी उसैगरी च्याँट्ठिई, "हुन्छा, मेरो कुखुरीको पैसा तिर्, आनि जा ।"

धनवीरे अर्थात् धनवीर तामाङ । गएको स्थानीय चुनावमा हालका वडाध्यक्ष हरिहर बिष्टका प्रत्यासी । थोरै भोटले हारेको । ऊ पनि कताकताबाट टुप्लुक्क आइपुग्यो । उसले भीडमा मिसिएर यसो चारैतिर हेऱ्यो । स्थितिको अवलोकन गऱ्यो । मूल्याङ्कन गऱ्यो । अनि, आफ्नो निर्णय गऱ्यो । यही हो मौका वडाध्यक्षसँग बदला लिने । मनमनै यस्तो सोच्दै ऊ फिस्स हाँस्यो र फेरि एक पटक चारैतिर आँखा डुलायो ।

उसको हाँसोलाई भीडले अर्थपूर्ण रूपमा लियो । अब भीडलाई उसको प्रतिक्रियाको प्रतीक्षा रह्यो ।

वीरमान तामाङले केही बोल्नै परेन । साइँली तामाङ्नीले पनि केही बोल्नुपरेन । वडाध्यक्ष आफैँ बोल्यो, "कति लिन्छ्यौ त जाबो एउटा कुखुरीको ?"

"जाबो एउटा कुखुरी ? तेरो लागि जाबो होला यो कुखुरी । मेरो लागि ता सर्वश्व हो यो कुखुरी । मेरो माइतीले दिएको पेवा हो यो कुखुरी ।" साइँलीले रिसको झोकमा मर्यादा पनि बिर्सेर भनी ।

"कुखुरा भए त ठीकै थियो । यो त कुखुरी पऱ्यो । अलिकति विचार त गर्नैपर्छ है ।" धनवीरेले मौकामा चौका हान्यो ।

वडाध्यक्षले अलिकति आँखा ठूला पारेर हेऱ्यो धनवीरेलाई । तर, केही भन्न चाहिँ सकेन । स्थानीय चुनावका बेलाको प्रत्यासीको भावना सायद उसको मनबाट अझै हटिसकेको थिएन । त्यसमाथि चुनावहरूवा धनवीरेसँग के मुखमुखै लाग्नु भन्ने सोच्यो उसले ।

"पहिलोचोटि यसले बीसवटा फुल पारेको थियो । आबु ता झान् तीसवटा पार्छ होला ।" साइँलीले औँलामा गन्दै भनी ।

"आफ्नै गाउँको वडाध्यक्षसँग पनि के बीस र तीसको हिसाब गरिरा'को । खुरुक्क एउटा कुखुराको मोल लिए भैहाल्यो नि ।"

फेरि एउटाले प्वाक्क बोल्यो वडाध्यक्षको पक्ष लिएर । वडाध्यक्षको मुख अलि उज्यालो भयो । तर, यो कुरा वीरमानलाई मन परेन । साइँलीलाई पनि मन परेन । धनवीरेलाई त झनै मन परेन ।

वीरमानले त्यो बोल्ने मान्छेतिर आँखा तरेर हेऱ्यो र भन्यो, "एउटा कुखुराको मूल्य कति पर्छ थाहा छ ?"

"हजार-पन्ध्र सय ।" त्यो मान्छेले प्याच्चै भन्यो ।

"हो हो, त्यस्तै हो । एउटा कुखुराको मूल्य हजार-पन्ध्र सय भन्दा बढ्ता के पर्ला र !" अरूले पनि यस्तै भने ।

अब बोल्ने पालो आयो धनवीरेको । उसले मनमनै हिसाब गरेर भन्यो, "लौ तपाइँहरूले भनेकै सही ।"

धनवीरेको कुरा सुनेपछि वडाध्यक्षको मुख झन् उज्यालो भयो । अब त यो कुखुरी-लफडाबाट मुक्ति पाइने भयो भनेर उसले पाइन्टपछाडिको खल्तीबाट सर्लक्क पर्स निकाल्यो । पर्सबाट दुईटा हजार-हजारका नोट निकालेर साइँली तामाङ्नीतिर हात बढायो ।

साइँली तामाङ्नी र वीरमान तामाङले पनि दुइटा कटकटिने नोटलाई पहिला लोभिएर हेरे । त्यसपछि भने घृणा गरेर हेरे । साइँली तामाङ्नीले प्याच्चै भनी, “यति पैसाले मेरो कुखुरीको ज्यान फिर्ता आउँछ ?”

भीड अवाक बन्यो । कसैले चुँक्क गर्न सकेनन् । कति सटिक कुरा गरेकी साइँली तामाङ्नीले । के साँच्चै पैसाले कसैको मरेको ज्यान फिर्ता आउँछ र ? आउँदैन । आउने भए राजा-महाराजाहरू कहिल्यै मर्ने थिएनन् । संसारका धनी मान्छेहरू कहिल्यै मर्ने थिएनन् । हाम्रै गाउँका जमिनदारहरू पनि कहिल्यै मर्ने थिएनन् । किनभने, तिनीहरूसँग प्रशस्त जग्गाजमिन छ । प्रशस्त धनसम्पत्ति छ ।

त्यही बेलामा साइँलीको कान्छो छोरो कलेजबाट आइपुग्यो । यथार्थ बुझिसकेपछि उसले घोषणा गऱ्यो, “अब यहाँ टायर बालिन्छ । चक्काजाम हुन्छ । अनि अरू पनि के-के हुन्छ अब ।”

साइँलीको छोराको युवाजोश देखेर वडाध्यक्षको मुख कालोनीलो भयो । थप भीड पनि जम्मा हुन थाले । वडाध्यक्षको मुख झन् कालोनीलो हुन थाल्यो ।

यही हो यो वडाध्यक्षलाई गलाउने मौका । धनवीरेले मनमनै सोच्यो । उसले मनमनै भन्यो– स्थानीय चुनावमा यो बिष्टेले गाउँलेलाई पैसा बाँडेर भोट किनेको थियो । अब म पनि हेर्छु नि एउटी कुखुरीको मूल्य कतिसम्म तिर्नसक्दो रहेछ । यस्तो सोचेर धनवीरेले भीडतिर हेरेर भन्यो, “साइँली भाउजूले ठीक भनिन् । पैसाले कसैको ज्यान फिर्ता आउँदैन । फेरि यहाँ त एउटाको होइन । बीसौँ र तीसौँको पनि होइन । सयौँ ज्यानको कुरा छ ।”

मान्छेहरूले धनवीरेको कुरा छक्क परेर सुन्न थाले । कसको ज्यानको कुरा गर्दै छ यो धनवीरेले भनेझैँ गरी सबैजना अकमक्क पर्न थाले । वडाध्यक्ष स्वयम् पनि सोचमग्न हुन थाल्यो । चुनावको बदला लिन खोज्दै छ कि भन्ने पनि लाग्यो वडाध्यक्षलाई ।

सबैजना मौन भएर धनवीरेतिर हेर्न थाले । वीरमान तामाङ र साइँली तामाङ्नी पनि अब कुखुरी मरेको पिरलाई भुलेर धनवीरेको कुरा सुन्न थाले । आज धनवीरेले अचम्मैसित आफ्नो पक्ष लिएर बोलिरहेको देखेर वीरमान तामाङ र साइँली तामाङ्नी छक्कै परे । कुखुरी राजनीति भइरहेको कुराचाहिँ वीरमान र साइँलीजस्ता सोझासिधा मान्छेलाई के थाहा !

सबैको मौनतालाई चिर्दै धनवीरेले भन्यो, “साइँली भाउजूले अघि नै भनिसकिन्– यो कुखुरीले पहिलोचोटि बीसवटा फुल पारेको थियो । अब यसले

कम्तीमा तीसवटा फुल पार्छ । तीसवटा फुलबाट कम्तीमा तीसवटा चल्ला बन्छन् । अर्थात् फेरि तीसवटा ज्यान बन्छ । तीसमध्ये बीसवटा मात्रै कुखुरी निस्किए भने तिनले फेरि एकचोटिमा बीस अथवा तीसवटा फुल पार्छन् । फेरि चल्ला काढ्छन् । यसैगरी कुखुरा र कुखुरीको सङ्ख्या बढ्दै जान्छ ।"

भीड पक्क परेर धनवीरेको हिसाब सुन्न थाल्यो । धनवीरेको हिसाब सुनेर वडाध्यक्षको चाहिँ मुटुमा ढ्याङ्ग्रो बज्न थाल्यो । उसले मनमनै सोच्यो– पक्कै यो धनवीरेले मसँग चुनावको बदला लिँदै छ ।

धनवीरेले खल्तीबाट मोबाइल निकालेर त्यसैमा हिसाब जोड्न थाल्यो ।

"एउटा कुखुरा अथवा कुखुरी कम्तीमा दुई वा तीन वर्ष बाँच्छ । एउटा कुखुरीले वर्षमा दुई पटक बीसवटाकै दरले फुल पारे पनि तीन वर्षमा त एक सय बीसवटा फुल पार्छ । एक सय बीसवटा फुलबाट सरदर एक सय वटा मात्रै चल्ला काढे पनि त्यति नै सङ्ख्यामा कुखुरा अथवा कुखुरी बन्छन् । एउटा वयस्क कुखुरा वा कुखुरीको मूल्य सरदर दुई हजार मात्रै मान्ने हो भने पनि दुई लाख रूपैयाँ हुन्छ । त्यसैले कम्तीमा त्यो दुई लाख रूपैयाँ त तिर्नुपर्‍यो नि ।

फेरि सयमध्ये पचास वटा मात्रै कुखुरी भए पनि ती पचास वटा कुखुरीले उसैगरी वर्षमा एक सय बीस वटाका दरले फुल पार्‍यो भने छ हजार वटा हुन्छ । यसैगरी हिसाब गर्दै गयो भने त अनगिन्ती हुन्छ । एउटा कुखुरीबाट भविष्यमा यति धेरै कुखुरा र कुखुरी बन्छन् भने ती सबै कुखुरा र कुखुरीको मूल्य यही मरेको कुखुरीले पाउनुपरेन ?"

धनवीरेको कुरा सुनेर वडाध्यक्षलाई रिङ्गटा चल्न थाल्यो । उसले तोरीको फूल देख्न थाल्यो ।

धनवीरेले हिसाबकिताब गर्दैगर्दा साइँली तामाङ्नीचाहिँ विगतमा हराउन थाली । उसका आँखामा क्वारक्वार गर्दै आँगनमा चारो टिप्दै हिँड्ने त्यो कुखुरी आई । अनि क्वाकक्वाक गर्दै त्यही कुखुरीलाई पछ्याउँदै हिँड्ने त्यो रातो भाले पनि आयो उसका आँखामा । अनि आयो त्यो कुखुरीलाई चपक्क अँठ्याएर बेलाबेलामा उसमाथि त्यो रातो भाले चढेको दृश्य पनि । यस्तो मीठो सम्झनाले साइँली तामाङ्नी भित्रभित्रै रोमाञ्चित भई । उसले पुलुक्क आफ्नो लोग्नेलाई हेरी । उसको लोग्ने अर्थात् वीरमान तामाङ् भने धनवीरेतिर हेर्दै थियो । एकै छिनलाई साइँली तामाङ्नीले आफ्नो कुखुरी मरेको कुरा नै बिर्सी ।

धनवीरेको कुरा सुनेर वीरमान तामाङ पनि छक्कै पर्‍यो । एउटा मरेको कुखुरीको मूल्य दुई लाख रूपैयाँ ? यतिसम्म त वीरमान तामाङले कल्पना पनि

गरेको थिएन । साइँली तामाङ्नीले त झन् सपनामा पनि सोचेकी थिइन । साँच्चै भन्ने हो भने त उसले एकमुष्ट दुई लाख रूपैयाँ अहिलेसम्म देखेकी पनि छैन । परारसाल छोरोलाई विदेश पठाउन सानो एक गरा खेत बेच्दा पनि यति पैसा आएको थिएन । अहिले एउटा कुखुरीको दुई लाख हिसाब निकालेको सुनेर वीरमान तामाङ र साइँली तामाङ्नी छक्क परेर धनवीरेतिर हेर्न थाले ।

बाइकले किचेर वीरमान र साइँलीको कुखुरी मर्‍यो । अब असिनामा पर्ने पालोचाहिँ वडाध्यक्षको आयो । मनु ब्राजाकीले भनेझैँ वडाध्यक्ष आफैँले बाइकले किचेर कुखुरी मार्‍यो र आफैँ असिनामा पर्‍यो । धनवीरेको हिसाबअनुसार चाहिँ कुखुरीधनी वीरमान र साइँली मालामाल हुने भए ।

वडाध्यक्षको निधारबाट चिटचिट् पसिना आउन थाल्यो । उसको निधारबाट पसिना आएको देखेर धनवीरेलाई चाहिँ निकै आनन्द आयो । ऊ निकै व्यङ्ग्यपूर्वक हाँसेर स्थानीय चुनावका आफ्ना प्रत्यासी वडाध्यक्षलाई हेर्न थाल्यो ।

वडाध्यक्षले धनवीरेसँग आँखा जुधाएर हेर्न पनि सकेन । उसलाई स्थानीय चुनावको जितभन्दा यो कुखुरी काण्ड निकै भारी लाग्न थाल्यो ।

गाउँका सर्वशक्तिमान वडाध्यक्ष सार्वभौमसत्तासम्पन्न जनता अर्थात् वीरमान तामाङ र साइँली तामाङ्नीसँग निकै निरीह देखियो । उसले आफ्नो शक्तिको उपयोग पनि गर्न सकेन । पुलिसै बोलाए पनि क्षतिपूर्ति त तिर्न लगाइहाल्छ । क्षतिपूर्तिको हिसाब आफ्नै हरूवा प्रत्यासी धनवीरेले निकालिसकेको छ । अब के भनेर उम्किने ? केही उपाय देखेन वडाध्यक्षले । वडाध्यक्षको हैसियत देखाऊँ भने पनि आफ्नै गल्ती छ । आफैँले किचेर मारेको हो कुखुरीलाई । क्षतिपूर्ति त तिर्नैपर्छ । तर यति ठूलो क्षतिपूर्ति तिर्नुपर्छ भन्ने चाहिँ उसले सोचेकै थिएन । स्थानीय तहले पाँच हजार गुणा बढाउँदा पनि जनताले तिर्ने कर पाँच-दश हजार रुपियाँभन्दा बढेको छैन । तर, एउटा कुखुरीको क्षतिपूर्ति यसरी एक्कैचोटि दुई लाख पुग्ला भन्ने कसले सोचेको थियो र ?

कसैले नसोचे पनि धनवीरेले निकै व्यावहारिक ढङ्गले निकालिदियो क्षतिपूर्तिको हिसाब ।

अघि निकै फूर्तिले पाइन्टको पछाडिको खल्तीबाट निकालेको पर्स अहिले निकै सुस्तरी फेरि त्यही खल्तीमा घुसार्‍यो वडाध्यक्षले । किनभने, धनवीरेको हिसाबअनुसार क्षतिपूर्ति तिर्न पुग्ने पैसा थिएन उसको त्यो पर्समा । वडाध्यक्षको अनुहार हारेको जुवाडेको जस्तै देखियो । चुनाव जितेर विजय-जुलुस निकाल्दा जस्तो अनुहार देखेका थिए गाउँलेले, आज त्यसको ठीक विपरीत देखे अर्थात् पराजित अनुहार । जनताले निकै नियालेर हेरे वडाध्यक्षको अनुहार । अनि, दुई

फरक अनुहारको भिन्नता पनि थाहा पाए । एउटा विजयी अनुहार । अर्को पराजित अनुहार ।

वडाध्यक्षको बाइकको साँचो वीरमान तामाङको हातमा हल्लिरहेको थियो । वडाध्यक्ष जनताले चुनेको प्रतिनिधि हो । यस अर्थमा वीरमान तामाङ वडाध्यक्षका लागि जनता हो । जनतामाथि शासन गर्ने जनप्रतिनिधिले जनताको हातबाट आफ्नै साँचो खोसेर लिने हिम्मत पनि आइरहेको थिएन । सायद उसलाई विरोधी पार्टीको नेताको डर थियो । धनवीरे उसको विरोधी पार्टीको गाउँले नेता हो ।

साँढेको जुधाइ बाच्छाको मिचाइ भन्छन् । यहाँ त बाच्छाको जुधाइमा साँढेको मिचाइ पो हुने भयो । वडाध्यक्षजस्तो शक्तिमान मान्छे जनतासँग हार्नुपर्ने अवस्था एउटा कुखुरीको कारण आइलाग्यो । वडाध्यक्षले त्यो मरेर सडकमै उत्तानो परेको कुखुरीलाई मनमनै सत्तोसराप गाली गऱ्यो । तर, उसको गालीले त्यो कुखुरीलाई केही भएन । किनभने त्यो मरिसकेको थियो । बाँचेकै भए पनि के फरक पर्थ्यो र !

"जे हुनु भइहाल्यो । वडाध्यक्षज्यूलाई पनि धेरै मार पार्नुभएन । अलिअलि मिलाएर कुरा टुङ्ग्याऊँ न ।" अलि पाको मान्छेले भन्यो ।

"कुरा ठीकै हो । अति पनि गर्नुहुँदैन । एउटा कुखुरीको मूल्य त हो ।" अर्कोले भन्यो ।

सुनेर साइँली तामाङ्नी रिसाएर फनक्क एक फन्का घुमी र भनी, "मोलाई कासैको एक पैसो चाइन्न । खालि मेरो कुखुरीलाई जिम्दो पारिदेऊ ।"

कसरी पार्ने जिउँदो ? कसले पार्ने जिउँदो मरेको कुखुरीलाई ? विज्ञानको जतिसुकै विकास भयो भने पनि अहिलेसम्म मरेकोलाई जिउँदो पार्ने विज्ञानको विकास भएको छैन । साइँली तामाङ्नीले निकै ठूलो चुनौती तेर्स्याई ।

उपस्थित सबैजना मुखामुख गर्न थाले । वीरमान तामाङले हातमा बाइकको साँचो हल्लाइरह्यो । मरेको कुखुरी सडकमा उत्तानो परिरहेछ । अलिपर वडाध्यक्षको बाइक उसैगरी उत्तानो परिरहेछ । अहिलेसम्म त्यो बाइकलाई उठाउने चेष्टा पनि कसैले गरेका छैनन् । वडाध्यक्षलाई पनि आफ्नै बाइक उठाउने हेक्का भएन । भला उसलाई पनि अरूले नै उठाइदिएका थिए । जीउभरि कताकता दुख्दै छ अझै पनि ।

के गर्ने त ? वडाध्यक्षले मनमनै सोच्यो । अरूले पनि यही सोचे । सवाल जटिल छ । सवाल जाबो एउटा कुखुरीको होइन, सयौँ नजन्मिएका कुखुरा र कुखुरीको छ ।

वीरमान तामाङ मनमनै केही सोच्न थाल्यो । परार साल जेठो छोरोलाई विदेश पठाउन सिफारिस माग्न जाँदा कम्ता दुख दिएन यो वडाध्यक्षले । दशौँ पटक वडा कार्यालय धाउनुपर्‍यो । कहिल्लै भेट नहुने । कहिले के छैन र कहिले के भएन भन्दै फर्कायो । अन्तमा, कागजमा एउटा सही गर्न पनि सरकारी दस्तुर भनेर पाँच हजार ठटायो । हो न हो । हामी अनपढलाई बित्थामा दुःख दिने वडाध्यक्ष ।

"अलिकति मिलाऊँ न वीरमान दाइ ।" केही सीप नलागेपछि अन्तिममा वडाध्यक्षले बिन्ती गर्‍यो वीरमान तामाङसित । तर, वीरमान तामाङ पग्लिएन र वडाध्यक्षसँग डराएन पनि । भन्यो, "मोलाई होइन, धानवीरेलाई भानम् ।"

धनवीरे पनि के कम । ऊ पनि गजक्क परेर बसिरह्यो । आज वडाध्यक्षलाई जनतासामु गलाउने र झुकाउने मौका पाएको छ उसले । सबैभन्दा धेरै त उसले चुनावमा भएको हारको बदला लिने मौका पाएको छ । पैसाकै बलले वडाध्यक्षले चुनाव जितेको थियो । त्यो पनि थोरै भोटको अन्तरमा । त्यो कुरा धनवीरेले कहाँ बिर्सेको छ र ।

दुई लाखबाट डेढ लाख । डेढ लाखबाट एक लाख हुँदैहुँदै पचास हजारमा कुरो मिल्यो । पचास हजारमा पुगेपछि धनवीरेले वीरमान र साइँलीतिर हेरेर आँखाले इशारा गर्‍यो । वीरमान र साइँलीले के बुझे के बुझेनन्, एकै स्वरमा "हुन्छा" भने ।

एउटा कुखुरीको क्षतिपूर्ति पचास हजार रूपैयाँ तिर्नैपर्ने सुनेर मान्छेहरू छक्क परे । तर, त्यहाँ एउटा मात्रै कुखुरीको कुराचाहिँ थिएन ।

वडाध्यक्षले घरबाट पैसा मगाएर साइँलीको हातमा राखिदियो । साइँलीले रूपैयाँको मुठो पटुकामा घुसारेपछि वीरमानले बाइकको साँचो खुरुक्क वडाध्यक्षको हातमा राखिदियो ।

बाइकको साँचो हातमा लिएपछि पनि वडाध्यक्षको छातीमा आगोले पोलेजस्तो पोलिरह्यो । उता धनवीरेको छातीमा भने शीतल भयो ।

जाने बेलामा वडाध्यक्षले सडकमा उत्तानो परेको कुखुरी वीरमान तामाङको हातमा राखिदिँदै रिसाउँदै भन्यो, "लौ, यो पनि तिमीहरू नै खाओ ।"

मरेको कुखुरी हातमा लिएर वीरमान तामाङ र साइँली तामाङ्नी ङिच्च हाँसिरहे ।

■■

*ratna.prajapati@gmail.com*

रीता खनाल

# डायरीका पानाहरू



पल्टाएकी छु आज
डायरीका नयाँ पानाहरू
पोख्न सकौँ मसीहरू
अनि
खुशीका रङ्गहरू !

पुराना डायरीका पाना
पल्टाउँदिनँ अब
छाडेका छायाँहरूसँग
डराउँदिनँ अब ।

काँडाले घोचेका थिए
ती पुराना डायरीहरूमा
सियोको टुप्पाले भिक्ने
कोशिस गरिनँ कहिल्यै
रगताम्य भएका अक्षरहरू
आँसुबाहेक अरूले
बगाइनँ कहिल्यै !

कति पतिङ्गर जलाएकी थिएँ
कति माया सँगालेकी थिएँ
कति तगारो खोल्दै-खोल्दै
गन्तव्यमा पुग्ने कोशिस गरेकी थिएँ

अब पल्टाउँदिनँ
पुराना डायरीका पानाहरू !

मेरा नयाँ डायरीका पानाहरूमा
सफलताका मीठा यात्राहरू कोर्नु छ
चुम्नु छ बिहानीका किरणहरू
सजाउनु छ मेरा मनका भावहरू

डायरीका पानाभित्र
आफैँलाई चिन्नु छ
खोज्नु छ
नदी झैँ बग्नु छ
नटुङ्गिने यात्रासँगै ।

■■

*माटो, ढुङ्गा तथा कङ्क्रिट प्रयोगशाला*
*ने.वि.प्रा.*



## रासा

# अलग-अलग

मैले उसलाई पहिलोचोटि एउटा कविता गोष्ठीमा भेटेको थिएँ । त्यहाँ हामीले कविता वाचन गरेका थियौँ । त्यतिबेला ऊ जति सरल देखिन्थ्यो, त्यति नै उसको कविता पनि सरल थियो । ऊ नम्र पनि थियो ।

००

बीचमा ऊसित मेरो भेट भएन । लामो समयसम्म उसको नाक-मुख देखिएन ।

००

एक दिन अचानक मैले उसलाई मुलसडक-छेउमा हिँडिरहेको देखेँ । बोलाउन मन लागेन । बोलाइनँ । पछि, उसैले मलाई देख्यो । हाँस्यो । म पनि हाँसेँ । ऊ मेरो नजिक आयो र, बोल्यो, “नमस्ते !”

जवाफमा मैले भनेँ, “नमस्ते !”

“टाढै हो कि ?” उसले सोध्यो ।

“होइन, यहीँ छोरीको स्कूलसम्म । तपाईं नि ?” मैले भनेँ ।

“म पनि... साथीको कोठासम्म ।” यति भन्दै ऊ हात हल्लाएर गइहाल्यो । मैले उसलाई ट्वाल्ल परेर हेरिरहेँ ।

००

त्यसपछि, हामीबीच भेटघाट भएन । वर्षौं बिते ।

००

मैले उसलाई बिर्सिसकेको थिएँ । सायद उसले पनि मलाई बिर्सिसकेको थियो ।

००

एउटा निजी कामको सिलसिलामा म कोलकाता पुगेको थिएँ । दुई दिनमै मेरो काम समाप्त भयो । तुरुन्तै स्वदेश फर्किन मन लागेन ।

००

एक साँझ म त्यहाँको कलेज स्ट्रिटमा टहलिरहेको थिएँ। तीन वटा किताब किनिसकेको थिएँ। अरू केही पुस्तकको खोजीमा थिएँ। पाइरहेको थिइनँ।

००

म घुमिरहेको थिएँ। एउटा किताब दोकानमा उसलाई किताब छानिरहेको देखेँ। म पनि त्यहाँ पसेँ। उसलाई "हेलो" भनेँ। उसले पनि "हेलो" भन्यो, तर चिनेको जस्तो गरेन। मैले आफ्नो परिचय दिएँ। ऊ मुस्कुरायो मात्र। मैले अन्य भेट र घटना-प्रसङ्गहरू सुनाएँ। उसले केवल सुनिरह्यो; कुनै प्रतिक्रिया जनाएन।

००

म बाहिरिएको मात्र थिएँ, उसले मेरो हात च्याप्प समात्यो। उसले मलाई नजिकको एउटा कफीसपमा लिएर गयो। हामी कफीको चुस्की लिँदै गफिन थाल्यौँ। छुट्टिने बेलामा उसले मलाई आफ्नो झोलाबाट झिकेर एउटा किताब उपहारस्वरूप दिँदै भन्यो, "मित्र, यो मेरो अङ्ग्रेजीमा लेखिएको आत्मकथात्मक उपन्यास हो। काठमाडौँ पुगेपछि पढ्नुहोला !"

धन्यवाद ज्ञापनसहित म ऊसित छुट्टिएको थिएँ।

००

पर्सिपल्टै म काठमाडौँ फर्केको थिएँ।

००

समयकटनीका लागि केही न केही गरिरहन्छु। पुस्तक अध्ययन मेरो एउटा शौख हो। आज उही मित्रको उपन्यास 'गे, आई एम' पढ्ने उपक्रममा छु म।

००

उपन्यास पढ्दा-पढ्दै नेपालीमा अनुवाद गर्न मन लाग्यो। सरसर्ती गरेँ पनि।

प्रस्तुत छन् त्यही उपन्यासका केही अनूदित अंशहरू :

हामीले छिट्टै बिहे गऱ्यौँ। त्यतिबेला हाम्रो उमेर उन्नाइस-बीसको थियो। बिहेपछिको अर्को वर्ष त हाम्री छोरी जन्मिइन्। त्यसको दुई वर्षपछि छोरा पनि जन्म्यो। हामी सबै खुशी नै थियौँ।

००

म पच्चीस वर्षको उमेरमा रोजगारीका लागि जापान गएको थिएँ। जापानी भाषा पटक्कै नबुझ्ने, काम पनि त्यति नजान्ने मलाई साह्रै सकस हुन्थ्यो।

दिनभरि मजदुरी गर्नुपर्थ्यो । बेलुका मालिकले मिलाइदिएको फ्ल्याटमा लखतरान सुत्नुपर्थ्यो । त्यहाँ अरू दश जना मजदुरहरू पनि बस्थे । उनीहरूसित टुटेफुटेको अङ्ग्रेजी र इशारामा कुराकानी गर्थें ।

घरको न्यास्रो लाग्थ्यो । श्रीमती र छोराछोरीको अचाक्ली सम्झना हुन्थ्यो । दुई वर्षका लागि गएको मान्छे, बीचमा फर्कन असमर्थ थिएँ ।

त्यहाँ बस्दाबस्दै, काम गर्दागर्दै अलिअलि जापानी भाषा बुझ्ने भएँ । काम इमानदारीपूर्वक गर्थें । मसित मालिक अत्यन्त खुशी थिए ।

एक दिन मालिकले मलाई आफ्नो कोठामा बोलाए । गएँ । उनले मलाई मीठा-मीठा जापानी परिकारहरू दोन्बुरी, याकितोरी, काचुकारे खुवाए । ओसाके पनि पिलाए । बेलुकी फ्ल्याटमा फर्किन ढिलो भयो । त्यहीँ आफूसँगै सुताए । भोलिपल्ट बिहान उठ्दा मेरो जीउ एकदम दुखिरहेको थियो ।

त्यसपछि, उनले मलाई पटकपटक आफ्नो ठाउँमा बोलाएर सुताउन थाले । म पनि अभ्यस्त हुनथालेँ ।

००

स्वदेश फर्केपछि हाम्रो जीवन स्वाभाविकै चलिरहेको थियो । केही अप्ठेराहरू पनि उब्जिएका थिए ।

विशेषगरी मेरो श्रीमतीसँगको सम्बन्ध अलि चिसिएको थियो । हरेक रात म ऊसित सुत्न त सुत्थेँ, तर... । मेरो रुचि फेरिएको थियो । हाम्रो दाम्पत्य जीवन त्यति सुखद रहेन ।

००

हाम्रा छोराछोरीको पनि बिहे भैसकेको थियो । नातिनातिनाहरू पनि भैसकेका थिए ।

तर, हामी दुई सँगै थिएनौँ । हामी अलगअलग थियौँ ।

००

उपन्यास रोचक छ । यसको भाषा-शैली पनि आकर्षक छ । यद्यपि, उपन्यास सम्पूर्णतः पढ्न भ्याइएको छैन ।

म अझै उसको उपन्यास पढिरहेको छु । सँगसँगै, उसलाई पनि सम्झिरहेको छु ।

■■

मन्दा पौडेल

# मुक्तकहरू



आफू मैनजस्तै जल्दै अन्धकारमा दीप छर्छन्
असल बुद्धि, विवेकद्वारा अज्ञानीमा ज्ञान भर्छन्
रिस, दम्भ, लालसा त्यागी धर्तीको उपकार गर्दै गुरुले
असल मार्गदर्शक बनेर ज्ञानको पथ तय गर्छन् ।
१.

भोग्नुपर्छ कहिलेकाहीँ नसोचेका कुरा यहाँ
आफ्नाबाटै पटक-पटक प्रहार हुन्छ छुरा यहाँ
भोग्नैपर्छ जति कठिन मोड आए नि जिन्दगीमा
डगमगाई आत्मविश्वास पिउनुहुन्न सुरा यहाँ ।
२

सुख दुःख पाएको चोला सार्थक पार्दै बिताउन पाइयोस्
न्यायको पक्ष वकालत गर्दै सद्विचार जिताउन पाइयोस्
चर्को बतासमा उडे पनि जिन्दगी नामको अस्थिर चङ्गा
नचुँडियुन्जेल प्राणरूपी धागो अरूकै भलो चिताउन पाइयोस् ।
३

रोग, भोक र शोकले जनतालाई जेलिरहेको छ
कुशासनले राज्यलाई दुष्कर्ममा धकेलिरहेको छ
कुर्सीको खिचातानीमै अल्झिँदै हाम्रो सरकारले
जनताको आस्थाको जरो उखेलिरहेको छ ।
४

अरूलाई निस्सार पार्दै आफ्नो थैलो भर्छ मान्छे
भित्र स्वार्थ साँच्दै बाहिर कुटिल मुस्कान छर्छ मान्छे
छेपारोले जस्तै आफ्नो रूप बदल्दै पलपल यहाँ
नजिक्याउँदै पराइलाई, आफ्नालाई घृणा गर्छ मान्छे ।
५

*हाल : काठमाडौँ, नेपाल*



## आविष्कार कला
# देशको चित्र

देशकै अत्यन्तै प्राकृतिक अनि रमणीय वातावरण भएको गाउँ हो हिमालकोट । गाउँको माथिल्लो थुम्को, जहाँ जीवन नेपालको घर छ । सूर्यको किरणले गाउँमा पहिलो हाजिरी जीवनकै घरमा जनाउँछ । हिमालको पूरा मुस्कान हेर्न गाउँका जनहरू जीवनका बाउको दुई रोपनीको थुम्कोमा नआई सुखै छैन ।

पहाडको थुम्कोबाट नै जीवनले बाल्यकालदेखि चारैतिर बराबर नजर लगाएको थियो । घरमा भएका धार्मिक पुस्तकहरू पूजा गर्दै, ढोग्दै उसले घरमा नै सामान्य अक्षरसँग परिचय गरेको थियो । विद्यालय भर्ना भएपछि उसले स्कूले सिँढीहरू पनि क्रमशः पार गरिरहेको थियो । गाउँमा उपलब्ध शिक्षा लिइसकेपछि, जीवन लाग्यो उच्चशिक्षाका लागि पश्चिम-नगरतिर ।

फरक वातावरणमा सुरु भयो उसको उच्च शिक्षाको अध्ययन । बोल्ने, गफ गर्ने साथीहरूको कमीका कारण दिनहरू व्यतीत गर्न उसलाई कठिन भएको थियो । डेराको बसाइ, चार पर्खालभित्र रमाउनुपर्ने अवस्था । सम्झन्थो– घरभित्र बिहानै उठाउन आउने सूर्यको किरण र घरभित्रबाटै देखिने हिमालको सदाबहार मुस्कान ।

अपर्झट एक दिन कोठाभित्र प्रवेश गरिन् कलेजकी एक छात्रा र परिचय दिँदै भनिन्, “म साथी शर्मा, विद्यार्थी सङ्गठनमा काम गर्छु । हामी त जिल्लावासी रहेछौँ । संयोगले एउटै कलेज, एउटै घरमा पो परिएछ है !”

जीवन दङ्दास पर्‍यो । चिन्नु न जान्नु, यति राम्री सुन्दरी कोठामा !

साथी– “तपाईं घर हिमालकोट होइन ?”

जीवन– “हो, हजुरको ।”

साथी– “मेरो त दक्षिणी भेग नि, बेसीँटार । म पहिलेदेखि यहीँ बसेर पढेकी । तपाईंहरूजस्तो गाउँबाट आउनुभएका धेरै साथीहरूलाई सहयोग गर्छौं हामी । केही भए भन्नुहोला ! हरदम तपाईंको साथमा छौँ हामी । बाई... ।”

राजनीति अलिअलि बुझेको ऊ, साथी शर्मा बाहिर गएपछि उ फेरि दङ्दास पर्‍यो । आफ्नै जिल्लाको केटी, विद्यार्थीको नेता । लाल सलाम र जय नेपाल केही पनि भनिन । विद्यार्थी सङ्गठनको नाम त भन्नुपर्ने, त्यो पनि

भनिन । उसले दिमाग पुऱ्यायो– कलेजमा परिचय कार्यक्रमको दिनमा । कलेजमा जिल्लाको सरकारी विद्यालयबाट उच्च अङ्क ल्याउने ऊ ।

हिजो मात्रै किनेको चम्किलो ऐनामा अनुहार हेर्दै भन्छ, 'म पनि नि हिरो छु नि ! शायद यो केटीले त्यहीँ कलेजमा देखेको हुनपर्छ । अब त केही गफ गर्नुपर्छ । यसले त हरदम साथमा छौँ भन्छे । नाम पनि साथी शर्मा...!'

एक दिन ढोकाबाट आवाज आयो– "हेलो जीवन, कलेज जाने होइन ?"

कपाल लर्काउँदै गरेको जीवनले दङ्ग परेर ढोका खोल्यो । जवानीमा हल्का शृङ्गारसहितकी साथीलाई देखेर हेरेको हेऱ्यै भयो जीवन ।

"कपाल धेरै नलर्काऊ, केटीहरू पछि लाग्लान् है ! ख्याल गर, पढ्न आएको मान्छे ! हामी केटीहरू त अलिअलि मेकअफ गर्न परि गो ।"

लजालु पाराले साथीका साथ उ कलेज पुग्यो, मुश्किलले दश मिनेटको बाटोमा जीवन चार शब्द बोल्यो होला । त्यसबाहेक साथीका कुरामा टाउको हल्लाउने काममात्र गऱ्यो उसले ।

कलेजको गेटमा पुगेपछि जीवनले भन्यो, "हजुरको कुन सेक्सन हो ?"

"मेरो र तिम्रो एउटै सेक्सन हो नि लाटा ! अब मलाई हजुर नभन है ! तिमी कक्षामा जाँदै गर, म सङ्गठनको अफिसमा गएर आउँछु ।"

'म कसरी लाटो ? अझ हजुर नभन भन्छे । नेता भन्दैमा बाठी पल्टेकी...' सोच्दै कक्षाको अन्तिममा रहेको खाली बेञ्चमा गएर जीवन बस्यो । विद्यार्थी थपिएसँगै दुई जना केटासाथीहरू आएर जीवनसँगै बसे । दुवै नयाँ, केही बोलचाल भएन ।

कक्षा सुरु गर्ने प्राध्यापकसँग भित्र प्रवेश गरिन् साथी शर्मा । हलो हलोको आवाजमा सबैलाई हात हल्लाउँदै हाँस्दै उनी गएर बसिन् जीवनको छेउमा । "हाम्रो गाउँलेसित बस्नुपऱ्यो," जीवनसँगै बस्न लाग्दाको शब्द हो यो ।

त्यो दिनको पैँतालीस मिनेटको समय जीवनलाई पैँतालीस दिनझैँ लाग्यो । कापीमा कुनै शब्द पनि लेखेन, सरले भनेको कुनै शब्दहरू पनि सुनेन । उसले आफ्नो मुटुको धड्कनबाहेक अरू केही चाल पाएन । दोस्रो पिरियड नपढी कोठामा जाने सोचका साथ जीवन बेञ्चबाट उठ्ने विचारमा निश्चित थियो । दायाँतिरबाट जीवनको काँधमा हात राख्दै साथी शर्माले उठेर भनिन्, "ल सुनेर मात्रै कलेजको पढाइ हुँदैन, नोट पनि बनाउन पर्छ है जीवन ! म अब बाहिर जान्छु, प्रमुख सरसँग वार्ता गर्नु छ पढाइको बारेमा । नोट बनाउने तरिकाले लेख्नू है, म त तिम्रो नोट पढ्ने हो, हामी त विद्यार्थीका कामले गर्दा पढ्नै भ्याइँदैन ।"

कलेजको पढाइ सकिसकेपछि कोठामा खाना बनाउँदै सोच्यो– म गाउँमा नोटहरू बनाएर पढ्नेलाई बडो यो नेताले नोट बनाएर पढ भनेर सुझाव दिन्छे !

प्रथम वर्षको परीक्षा नजिकै आयो । कपाल लर्काएर हिँड्ने, बाहिर कम बोल्ने तर पढिरहने जीवनको दैनिकी थियो । यस अवधिमा उसको र साथीको सम्बन्ध निकै अगाडि बढिसकेको थियो । पश्चिमनगरका हलमा लागेका नयाँ सिनेमाहरू कम्तीमा दुई पटक उनीहरूले नहेरेको सायदै होला । पश्चिमनगरको दायाँ-बायाँका घुम्नलायक ठाउँहरू पनि बाँकी भएनन् । हुदाँ-हुँदा उनीहरूको मायाको योजनामा घरपरिवारमात्रै होइन, देश चलाउनेसम्मका कुरा हुन्थे ।

परीक्षाको तयारी पनि जीवन र साथी शर्माले सँगै गरे । साथी भन्थिन्, “फेल भए त बर्बाद हुन्छ नि !”

जीवन आफ्नो नोटजति साथीलाई दिन्थ्यो । त्योभन्दा बढी साथीले जीवनको नोटका गल्ती सुधार गरिदिने गर्थिन् ।

तोकिएको समयमा कलेजको दुई वर्षको पढाइ पूरा भयो । नतिजा राम्रो आयो । कलेजमा टप गर्ने पहिला विद्यार्थी जीवन नेपाल भयो । छात्रातर्फबाट साथी शर्मा भइन् । जीवनको विषयमा त कसैले प्रश्न उठाएनन्, तर पूरा पिरिएड नपढ्ने त्यो नेता केटीले कसरी टप गरी... ? सबै अचम्मित भए । विभिन्न विद्यार्थीका विभिन्न तर्क आए । यसै बीचमा एउटाले तर्क गर्‍यो, “त्यो जीवने जुल्फेले त सधैँ नेतालाई पढाउँदोरहेछ नि !” अर्काले भन्यो, “आफ्नो छायालाई नपढाएर के गरोस् ।” अर्कोले भन्यो, “धेरै बाठी छे यार त्यो केटी ।”

परिवारको सल्लाहअनुसार जीवन स्नातक अध्ययनका लागि राजधानीतर्फ लाग्यो । तर, साथीले चाहिँ परिवारको सल्लाहमा आफ्नो विद्यार्थी राजनीतिको भविष्य त्यहीँ नै खोजिन् ।

रात्रिबसमा जीवनलाई बिदा गर्दै भनिन्, “राम्रोसँग पढ्नू, देशका लागि धेरै गर्नु छ, कलेजमा तिम्रै नामको एक जना पूर्वतिरको विद्यार्थी नेता हुनुहुन्छ, मैले भनिदिएकी छु, केही परे भन ल, नबिर्स नि !”

राजधानीको केन्द्रीय क्याम्पसमा जीवनको अध्ययन अगाडि बढ्दै थियो । ऊ पूर्वेली जीवन नेपालीलाई कहिलेकाहीँ भेट्थ्यो, अझ छात्रवृत्तिको समयमा बढी भेट्ने गर्थ्यो । पूर्वेली “मेरो मीतज्यू !” भन्दै अरूसँग परिचय गराउँथ्यो, “नाम एउटै, उहाँ नेपाल, म नेपाली । हाम्रो पश्चिम बहुमुखी क्याम्पसको स्ववियू सभापति साथी शर्माको साथी अनि गाउँले पनि हो उहाँ ।”

क्याम्पसमा हुने विद्यार्थी कार्यक्रममा आंशिक उपस्थिति हुने गर्थ्यो जीवन । उसलाई प्रायः निमन्त्रणा पूर्वेली जीवनबाट नै आउँथ्यो । गाउँमा शिक्षक हुने सपना बोकेको जीवन नेपालले केन्द्रीय क्याम्पसमा आएपछि लोकसेवाको जाँच दिई स्नातक सक्दा-नसक्दै नेपाल सरकारको बेरोजगार मन्त्रालयमा नायब

सुब्बामा नाम निकाल्यो । पूर्वेली जीवनलगायत केही साथीहरूलाई खुशियालीको भोज पनि खुवायो ।

स्नातकोत्तरको पढाइ सुरु हुनुअगावै साथी शर्मा राजधानी आइन् । जीवन नेपाललाई उसको मन्त्रालय पुगेर बधाई दिइन् । कार्यालय समयपछि फर्कने समयमा भनिन्, “खै, मलाई विशेष भोज कहिले हो ?” जीवनले भन्यो, “तिमीलाई ३६५ दिनै भोज नि साथी !”

“वाह् डियर वाह् ।”

स्नातकोत्तर पढाइमा त्रिभुजका तीन कोण थिए जीवन नेपाल, साथी शर्मा र जीवन नेपाली । आ–आफ्ना सुरमा थिए तीनै जना । जागिर एक नियमित ड्युटी थियो जीवन नेपालको । जीवन नेपाली र साथी शर्मा राजनीतिमा नै आफ्नो भविष्य खोज्दै थिए ।

जीवन नेपालले नेपाल सरकारको अधिकृतमा नाम निकाल्यो । नियुक्ति भयो दुर्गम विकास मन्त्रालयमा । कामका लागि खटियो ‘क’ वर्गको कार्यालयमा । जीवन नेपाली र साथीसँग विदा भई ऊ लाग्यो कार्यालयतिर ।

जीवन नेपाली र साथी शर्मासँग उसको सम्पर्क केही पातलिँदै गयो । दुई वर्षपछि त नयाँ वर्ष र विजया दशमीमा शुभकामनाबाहेक अन्य समयमा जीवन र साथीसँग उसको सम्पर्क पूरै टुट्यो । यता जीवन नेपाली र साथी शर्मा विद्यार्थी राजनीतिसँगै मायामा पनि एकाकार भइरहेका थिए ।

०००

तराईका जिल्लामा मात्र सरुवा भइरहेको र दश वर्षसम्म पनि बढुवा नभएको रन्कोमा थियो जीवन नेपाल । यसैबीचमा सरकारले राष्ट्रिय अन्तरजातीय आयोगको प्रमुखमा नियुक्ति गऱ्यो साथी शर्मालाई । यो बीचमा पूर्वेली जीवन नेपाली र साथी शर्माले केन्द्रीय नेताहरू साक्षी राखी आधुनिक विवाह गरे । यता, जीवन नेपाल पनि एक जागिरे कर्मचारीसँग विवाहबन्धनमा बाँधिएको थियो ।

पूर्वेली जीवन केही समयदेखि नै शक्तिशाली मन्त्रीको स्वकीय सचिवको रूपमा कार्यरत थियो । बढुवाको लागि दुर्गममा नम्बर लिन, सरुवाका लागि भनसुन र पुरानो साथी भनौँ वा मनको साथीलाई बधाई दिन साथी शर्माकोमा हिँड्यो जीवन नेपाल ।

साथी शर्मालाई बधाई दिनेहरूभन्दा पदलाई चाकडी गर्नेहरूको भीड थियो । पुग्यो जीवन नेपाल पनि । गेट भित्र छिर्नासाथ साथीले देखिन् जीवनलाई र हात फैलाउदै भनिन्, “जीवन, तिमी नेपालमै छौ ?”

जीवन मुस्कुरायो । क्रमशः बधाई दिनेको समूह घट्दै गयो । परिवारका सदस्यबाहेक जीवन मात्रै भयो त्यहाँ । उनीहरूबीच विगतदेखिका निकै गफ चलिरहे । सम्पर्कविहीन एक दशकको आरोप-प्रत्यारोपमा कुरा चल्यो ।

जीवन– "तिमीले पहिले बिहे गऱ्यौ नि थाहै नदिएर ।"

साथी– "होइन तिमी हो ! मैले त कुरेकी थिएँ नि तिमीलाई, कसम !"

जीवन : "तिमी बेइमानी नि ! पहिला बिहे गर्ने अनि कसम खाने है, धोकेबाज नै हौ तिमी ।"

साथी : "होइन होइन, तिमी धोकेबाज ।"

दुवैको लामो दोहोरी चलिरहेकै बखत भित्रबाट साथी शर्माको छोरीले भनिन्, "मामु, बाबाको फोन आयो ।"

फोन उठाउँदै साथीले भनिन्, "छिटो घर आउनुस् ! जीवन आएका छन् तपाईँलाई भेट्न ।"

उताबाट आवाज आयो, "को जीवन ?"

"मेरो गाउँको साथी क्या ! तपाईँको मीत !"

"ए हो र, ल ल गफगाफ गर्दै गर न, म आइहाल्छु ।"

साथी फोन राखेर आइन्, "तिम्रो प्रगति सुनाऊ त जीवन ! घरघडेरी के-कति बनायौ ? कर्मचारीलाई त मालामाल छ नि हो !"

निराशाको स्वरमा बोल्यो जीवन, "केको प्रगति हुनु ! एउटा बुकुरो चोकमा जीवन कम्प्लेक्स छ । नगरतिर चारवटा घडेरी छन्, बर्बाद छ । केही कमाउन सकिएन... । तिमीहरूको के छ नि ? दुवै जना राजनीतिमा ! गाह्रोसाह्रो के छ कुन्नि ?"

"के हुनु र ! यो दुई रोपनी जमीन हो हाम्रो । एउटा कलेज छ । प्रदेशका राजधानी पूर्वीनगर र पश्चिमनगरमा दश बिगाहा प्लटिङ गरेका छौँ । काठमाडौँमा पनि अलिअलि घडेरीहरू छन् । बरु तिमीलाई कतै चाहिन्छ भने भन है !" साथी शर्माले प्रगति-विवरण सुनाइन् ।

दुवै जनाको जागिर छैन, कसरी कमाउँछन् हो मान्छेले राजनीति गरेर...! जीवनले मनमनै सोच्यो, तर बोली फुटेन ।

साथी पनि सोच्दै थिइन्– यी सरकारी कर्मचारीले कति कमाएका हुन् !

जीवन र साथीले एक-आपसमा हेराहेर गरिरहे; जहाँ प्रष्ट देखिन्थ्यो देशको चित्र ।

■■

*मल्लरानी-३, प्यूठान*

मिलन समीर

# फरक



पहिले –

उनीहरूलाई आफ्नो संस्था राम्रोसँग चलाउनका लागि ऊ नभई हुँदैनथ्यो । त्यसैले त संस्थागत कामको नाममा एउटा ढलेको सिन्कोसमेत नउठाउने नाममात्रैको भए पनि साधारणसभाबाट निर्वाचित बहालवाला सचिव हुँदाहुँदै सदस्यमा निर्वाचित भएको उसलाई सचिवको सम्पूर्ण कार्यभार सुम्पिँदै भावी सचिवको रूपमा स्थापित गरियो ।

यतिबेलासम्म परम्परागत ढर्रामा कामचलाउको पाराले चलिरहेको संस्थालाई उसले नयाँ गति दियो । वर्षौंदेखि सामान्य गतिविधिलाई निरन्तरता दिँदै सीमित ठाउँमा परिचित रहेको पुरानो संस्थालाई निकै छोटो समयमा विशेष रूपमा क्रियाशील गराउँदै देशव्यापी रूपमा परिचित तुल्याएर संस्थागत साख र गरिमालाई उचाइमा पुऱ्याउन सफल भयो ।

यही बीचमा संस्थागत रूपमा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण अर्थ राख्ने केही विशेष कामहरूसमेत उसैको अग्रसरतामा सम्पन्न भए । संस्थागत रूपमा उसको कामगराइको तौरतरिकाकै कारण संस्थाका संस्थापक जिम्मेवार सदस्य तथा पदाधिकारीहरूद्वारा उसलाई संस्थाको भावी अध्यक्षको रूपमा हेरियो ।

अहिले –

स्तरीय लेखन, नियमित प्रकाशनसँगै चर्चा–परिचर्चाको हिसाबले संस्थाका अन्य पदाधिकारीहरूको भन्दा उसको खोजी बढी हुन थाल्यो । निकै छोटो समयभित्रको उसको संस्थागत क्रियाशीलता र उसले पुऱ्याएको विशेष महत्त्वपूर्ण योगदानको कदरस्वरूप ऊ देशव्यापी रूपमा पुरस्कृत/सम्मानित हुन थाल्यो ।

हरेक हिसाबले आफुलाई वरिष्ठ ठान्नेहरू उसको संस्थागत क्रियाशीलताको अगाडि क्रमशः ओझेल पर्दै गए । धेरै पहिलेदेखि नै हरेक हिसाबले हामी निकै अगाडि छौँ भन्नेहरू अहिले आएर हरेक हिसाबले ऊभन्दा निकै पछाडि परे । फलस्वरूप, यतिबेला उनीहरूका लागि उसको उपस्थिति मात्रै पनि 'नखाऊँ भने दिनभरिको शिकार, खाऊँ भने आफ्नै कान्छा बाउको अनुहार' भनेजस्तै भएको छ ।

*करादीखोला, स्याङ्जा*



महेश कार्की क्षितिज

# खुलामञ्च



आजको घाउ निको बनाएर रातभरिमा
तयार पार्नु छ आफूलाई नै कुमारी
भोलि बिहानको सूर्योदयसँगै
टेकाउनु छ द्रौपदी छातीमा
सेनासहितका सम्राटहरूलाई ।

जे पनि हुन सक्छ रातारात
घोषणा हुन सक्छ बिहानै अर्को व्यवस्थाको
आजको सम्बोधन सती जान्छ भोलिको भाषणसँग ।

तुहाइदिन्छन् उनीहरूले
मैले गर्भमा बोकेको भ्रुण देश
विधुर बन्दैनन् कोही पनि
सबका सब बौद्धिक सम्राटहरू
देखिन्छन् उदारतावादी उनीहरू नै
म छातीको सुदूर इतिहास बगाउँछु रजस्वलामा ।

म घोडी खुलामञ्च, वीर अस्पताल हेरेर
धिक्कारिरहेछु आफूलाई
खै मभित्रको मातृत्वको उर्जस्वता ?

धन्य माधवी !
गालबको सङ्कटमोचन त गऱ्यौ तिमीले ।

यहाँ वर्तमानका ययातिहरूले
मलाई केश शुल्का बनाइरहेका छन् ।

अहिलेका हलिमकहरू, हर्यश्वहरू
दीवोदासहरू, शिविहरू र विश्वामित्रहरू
हेरिरहेका छन् कामुक आँखाले
धन्न गालब तिमी छैनौ ।

म हजारौँ हजार बलिष्ठ सम्राटकी अङ्कशायिनी
खुलामञ्च अर्थात् घोडी ।

हरेक दिन भोगिए पनि सम्राटबाट म
किन जन्माउन सकिरहेकी छुइनँ मैले
एउटा न्यायिक देश ?
■■

विष्णुप्रसाद आचार्य 'अतृप्त'

# दुई गजल



## एक

हरेक सम्बन्ध बलियो र खास हुनुपर्छ
हरपल आफ्नोपनको आभास हुनुपर्छ

उखरमाउलो गर्मीमा मधेश निसास्सिँदा
टाकुराहरूसँग चिसो बतास हुनुपर्छ

गोधूलि आकाशमा बकुल्लाको उडान हेर
मानौँ, एउटा शरीर र अर्को सास हुनुपर्छ

काँडाघारीमा, आहा ! ऐँसेलुको जवानी
पाइलैपिच्छे चुनौतीको रास हुनुपर्छ

हो, विष र अमृत कक्टेल भएर आउँछन्
दूध-पानी छुट्ट्याउने रजहाँस हुनुपर्छ ।

## दुई

काम निकाल्नेहरूलाई टनाटन काम छ
फुर्सद-प्रेमीलाई भने आरामै-आराम छ

कुमारले कर्तव्यको बोझ उठाइरहँदा
यता गणेशसँग भने पोल्टाभरि इनाम छ

पखेटासँग दुश्मनी मोलेपछि चराहरूले
चाल पाए कि उडानको अन्तै लगाम छ

जग्गा दान दिने नै साँध मिच्ने तरखर गर्छ
मान्छेको व्यवहारमा यति धेरै छलछाम छ

कोही आउँदा पनि मनखुस भएको थिएन
आज तिमी आएर होला, मध्यरातमै घाम छ।

■■

*प्रशासकीय अधिकृत*
*ग्रीड विकास विभाग, नेपाल विद्युत् प्राधिकरण*

राजेन्द्र श्रेष्ठ

# आजकल म



हिजो–आज
छैन समय पहिलाको जस्तो
जस्तो– घुमिफिरी आउँथ्यो वसन्त
जस्तो– घनघोर बर्सन्थ्यो असार
जस्तो– कठ्याङ्ग्रिन्थ्यो हिउँद
र, उखरमाउलो गर्मी ।

अब अहिले समय उल्टो बहेको छ ।

तिमीलाई छोएर आउने हावाले पनि
बाटो भुल्यो कि
अन्तै मोडियो कि आकाशको बादल
सीमाविहीन भएको छ भूगोल
फेरिएको छ परिधि यो धरतीको ।

तब पो पूर्णेको जून, जूनजस्तो लाग्दैन
दिनको घाम, घामजस्तो लाग्दैन

अरू त अरू
तिमीले पठाएको सुवासले
बाटो बिराएर
पराई फूल पो फक्रिरहेको छ ।

क्षितिजमा डुलिरहने मेरा नजर
दिग्भ्रमित भएर
बाटो बिराउन थालेका छन् आजकल
हुलका हुल कागका बथान
हरेक बिहान बसाइँ सर्छन्
आकाशका तीरैतिर
जानेमात्रै भेटिन्छन्
फर्कने कोही छैन ।

म के गरूँ ?

लामो यात्राका लागि निस्केको छु
सडक किनारामा एक्लै
गाडीको प्रतीक्षामा छु
एउटा गाडी भर्खर छुटेछ
अर्को म पर्खिरहेको छु ।

■■

*कागेश्वरी मनोहरा न.पा.–१*
*ठूलाढिक, काठमाडौँ*



**सुदर्शन अधिकारी**

# बिर्सँदै मौलिकता अँगाल्दै पाश्चात्य संस्कृति



हरेक देशको पहिचान त्यस देशको संस्कृतिले दिइरहेको हुन्छ । आफ्नो परम्परा, संस्कृति, चाडपर्व, मेला, उत्सवआदिको मौलिकपनमा ती संस्कृतिको गरिमा रहन्छ तर पछिल्ला समयमा हाम्रो मौलिक संस्कृतिमा पाश्चात्य संस्कृतिको प्रभावले कुनै पर्वहरू विकृत बन्दै गएको पनि देखिन्छ । हामीले खाने खाना, लगाउने भेषभुषा, अपनाउने रहनसहन र बोल्ने बोलिचालीमा समेत पाश्चात्य संस्कृतिको व्यापक प्रयोगले हाम्रो संस्कृतिलाई ओझेलमा पार्दै गएको छ । आधुनिकता र सभ्यताको नाममा अरूको संस्कृतिको नक्कलले आफ्नो संस्कृतिको मर्ममा प्रहार भएको पत्तै पाएका छैनौँ । संस्कृति भनेको यस्तो महत्त्वपुर्ण कुरा हो, जुन भावी पुस्तालाई हस्तान्तरण गर्ने अमूल्य गहना पनि हो । त्यसैले हरेकले यसलाई जगेर्ना गर्दै, मौलिकता कायम राख्दै यसलाई जीवन्त बनाउने दायित्व हामी सबैको हुन आउँछ ।

संस्कृतिले समाजका सबै क्षेत्रमा प्रभाव पार्छ । यो समयअनुरूप परिवर्तन भइरहन्छ । घुमन्ते समाजको संस्कृतिमा विविधता भए पनि त्यस बेला निश्चित खालको संस्कृतिको विकास भएको थियो । मानवको लवाइ–खवाइ र सोचाइमा सरलता थियो । त्यस्तै सामाजिक व्यवहार, क्रियाकलाप, मूल्य र मान्यतामा समेत निकै सरलता थियो । संस्कृति यस्तो समस्त जटिलता हो, जसमा ज्ञानविज्ञान, कला, नैतिकता, कानुन तथा यस्तै अन्य गुण संलग्न हुन्छन् । जसलाई समुदायका सदस्यको नाताले मानवले आर्जन गर्छन् । संस्कृति मानव जीवनको कार्यशैली सम्पूर्णता हो, यसलाई सम्पूर्णतामा संलग्न विभिन्न पक्ष भौतिक–अभौतिक संस्कृतिका एकाइहरूको सम्बन्धबाट सामाजिक व्यवहार सञ्चालन भएका हुन्छन् । मानवले आफ्नो सामाजिक व्यवहार र सांस्कृतिक क्रियाकलाप सञ्चालन गर्नका लागि यसको निर्माण गर्छ ।

जब भिन्नभिन्न सांस्कृतिक गुण र व्यवहार भएका व्यक्तिहरू एकआपसमा व्यवसाय, पेशाआदि कारणबाट सम्पर्कमा आउँछन, तब एउटाले अर्को समूहको सांस्कृतिक गुण अवलम्बन गर्नु स्वाभाविक हो । लवाइ–खवाइ र भेषभुषालाई हेर्दा नेपालीहरूको विशिष्ट मौलिकपनमा परिवर्तन आएको छ । शिक्षाको तरिका र

उद्देश्यमा वैज्ञानिकता आएको छ । यसले हाम्रो संस्कृतिमा परिवर्तन गरिदिएको छ । संस्कृतिको अवलम्बन गर्ने प्रक्रियामा ठूलो समूहको तथा विकसित भनिने समाजको प्रभाव अन्य समाजमा प्रत्यक्ष रूपमा परिरहेको देखिन्छ । आधुनिकीकरणको माध्यमबाट समाज सरलबाट जटिल र परम्परागतबाट आधुनिकतातर्फ बदलिन्छ । यस प्रक्रियामा व्यावसायीकरण र विविधीकरणका साथै उद्योगको विकास र प्रविधिको विकास उच्च तहमा हुन्छ । हाम्रो परम्परागत उत्पादनको तरिका र साधनमा नयाँ तरिका विकास भएका छन् । बाटो, बिजुली र सञ्चारले नेपालको ग्रामीण समाज दिनप्रतिदिन परिवर्तन हुदैँ गएको देखिन्छ ।

यसै कारण सामाजिक मूल्यमान्यता, व्यवहार र आदर-सम्मानको तरिका, व्यवसायको उत्पादन र बिक्री गर्ने संस्कृतिको विकास भएको छ । एक स्थानबाट अर्को स्थानमा उत्पादित वस्तुको ओसारपसार मानिसहरूमा सजिलै आवतजावत गर्न सकिने अवस्था विभिन्न सञ्चारका साधन रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटरको सुविधाआदिले गर्दा नेपाली सामाजिक-सांस्कृतिक ढाँचामा अप्रत्याशित परिवर्तन आएको देखिन्छ । यसलाई सकारात्मक नै मान्न सकिन्छ तर विदेशीको नक्कल गर्नुमात्र आधुनिकीकरण होइन । जव मानवमा जातिगत छुवाछुत, सामाजिक विभेद, लैङ्गिक असमानता, कालो-गोरोबीचको विभेद, क्षेत्रीय, धार्मिक र जातिगत पूर्वाग्रहजस्ता सोचाइमा परिवर्तन आई त्यसप्रति सकारात्मक दृष्टिकोणको विकास र व्यावहारिक प्रयोग हुन्छ, तबमात्र हामी त्यसलाई आधुनिक समाज मान्न सक्छौँ ।

यस अर्थमा सोचाइमा आउने परिवर्तन नै आधुनिकीकरण हो तर खास जाति, धर्म, लिङ्गको हितमा मात्र सीमित हुने सोचाइ आधुनिक होइन् । हामीले खाने खाद्यान्नमा मकै, भटमास, सातु, पुवा, चिउरा, रोटी, ढिँडोजस्ता मौलिक खाद्यवस्तुको बदलामा तयारी र प्याकेटका चाउचाउ, बिस्कुट, केक, बर्गर, पिज्जाको उपयोग गर्छौं । त्यसैगरी धोती, चोली, गम्छा, दौरा-सुरुवाल, टोपी, भोटोजस्ता मौलिक वेशभूषा परिवर्तन भएर पाइन्ट, टिर्सट, ज्याकेट, म्याक्सी, स्कर्ट, हाफप्यान्ट, ह्याटजस्ता छोटो र पारदर्शी पहिरहन बढ्दै गएका छन् ।

अभिवादनका तरिकामा प्रणाम, नमस्कार, नमस्तेको बदलामा हेलो, हाई, मर्निङ्, इभिनिङ् जस्ता पश्चिमी शब्दहरूको नक्कलमा मग्न छौँ । बढ्दो सम्बन्धबिच्छेद तथा स्वतन्त्रता र स्वच्छन्द जीवन आदिलाई पनि पश्चिमीकरणको उपज मान्न सकिन्छ । सांस्कृतिक रूपमा पूर्वीय शास्त्रीय सङ्गीतका स्थानमा अथवा पञ्चेबाजाको सट्टामा व्याण्डबाजा र पपसङ्गीतले आफ्नो स्थान व्यापक बनाउँदै गएको छ । सामाजिक मेला, पर्व, भोज, गुठी, रोदीजस्ता मौलिक पर्वहरूका ठाउँमा औपचारिक सङ्गठनहरू जस्तै पार्टी, नाइट क्लब, डिस्को जस्ता संस्था

स्थापना भएका छन् । त्यस्तै बोलिचालीमा पनि अङ्ग्रेजी शब्दहरूको प्रयोगमा दिनानुदिन वृद्धि भएर गएका छन् । हाम्रा पर्वहरू होली, तिजजस्ता उत्सवमा समेत पाश्चात्य सङ्गीतको प्रयोग बढ्दै गइरहेको छ भने जुन सन्देश र मर्म व्यक्त हुने पर्व हो, त्यसले आफ्नो पहिचान नै गुमाउने अवस्थामा पुगेको छ । विशेष गरी तिज पर्वमा विरह-वेदनाका आफ्नो घरमा भोगेका कथालाई मौलिक रूपले प्रस्तुत गर्नुपर्ने गीतहरू भड्किलो र महिना दिनअगाडि देखिनै पार्टी प्यालेसमा गएर गरगहना र महँगा पहिरन प्रदर्शन गरी पश्चिमी सङ्गीतमा झुम्ने क्रमसमेत बढेर हाम्रो वैदिक संस्कारअनुसार अष्टचिरञ्जीविको विशेष पूजा-अर्चना गरी अखण्ड दीप प्रज्ज्वलन गराई जन्मोत्सव मनाउनुपर्नेमा अर्काको प्रभावमा परेर उमेरका हिसाबले मैनबत्ती बाल्दै त्यसलाई निभाएर 'ह्याप्पी बर्थ डे टु यु' भन्दै पश्चिमी शैलीमा रमाएर मनाउने गर्छौं भने हाम्रो संस्कृतिको मौलिकता कसरी रहला ? यी र यस्ता दृष्टान्त त प्रतिनिधि मात्र हुन् । अन्य धेरै पर्वविशेषमा पश्चिमी शैलीको अनुकरणले मग्न हुने हो भने हाम्रा पछिल्ला पुस्ताले आफ्नो वास्तविक संस्कृति पुस्तकमा मात्र पढ्ने दिन आउनेमा शङ्का रहँदैन । हाम्रा मौलिक गीत-सङ्गीत आदिमा पनि पश्चिमी प्रभावले स्थान जमाउँदै जानु र भाषामा पनि अङ्ग्रेजीमा नै रमाउने प्रवित्तिले गर्दा आज विद्यालयका बालबालिका शुद्ध नेपाली बोल्न र लेख्न समेत नसक्ने अवस्थामा पुग्दै छन् ।

हाम्रो राष्ट्रिय भाषा नेपालीमा भएका आमा, बा, काका, काकी, भाइ, भतिजाजस्ता वास्तविक शब्दहरू बोल्दा अपठित र असभ्य भइन्छ भन्ने मानसिकता बढेर गएको छ । आजका सचेत भनिने अभिभावक पनि अङ्ग्रेजी भाषा आफ्ना बालबालिकाले बोल्दा गर्व गर्छन् । आफ्नै पर्व वैशाख १ गते नयाँ वर्ष मनाउन भने चासो नदेखाउने तर क्रिसमस डे भने तामझामका साथ मनाउने जुन संस्कृतिको विकास भएको छ, त्यसले हाम्रो मौलिकता लोप हुने खतरा समेत बढेर गएको छ । नवीन र सभ्य देखिने नाममा अन्धभक्त बनेर पाश्चात्य संस्कृतिप्रति मोहित हुनुभन्दा पनि आफ्नै मौलिक र वैदिक संस्कार तथा संस्कृतिलाई जीवन्त बनाउने कार्यमा लाग्नुपर्ने देखिन्छ । अमेरिका, बेलायतलगायतका राष्ट्रमा वेद, गीता अध्यापन गरिन्छ तर हामी भने संस्कृतलाई उपेक्षा गर्दै विद्यालय तहबाट नै हटाउँदै गएका छौँ अनि कसरी हाम्रो पहिचान कायम रहन्छ ।

हामीले हरेक पर्व विशेषलाई जुन शैलीमा मनाउँदै आएका थियौँ, त्यहीमा रम्दै र जोगाउदै जानु उचित हुन्छ । अनुकरण त गतिला र उपयोगी हुनेमा गर्नुपर्ने हो तर अहितकारीमा समेत उत्तिकै सकृयताका साथ अनुकरण गर्नु सकारात्मक होइन । हामीले चाड पर्वको मौलिकता मेटाउँदै जाने हो भने कसरी भावी पुस्तामा यसको गरिमा रहला ? ■■

नारायणप्रसाद आचार्य

# दारीको करामत



हिजोमात्रै जिन्दगीको ३० औँ वसन्त पार गरेको । ३० औँ वसन्त पार गर्दासम्म एकपटक सानैमा भर्खर जुँगाको रेखी बसी छास्स-छुस्स दाह्री पलाउँदै गर्दा हजुरबुबाको औषधि गर्न बुबाको साथ लागेर काठमाडौँ शहर आउनुबाहेक कहिल्यै काठमाडौँ टेकेको थिइनँ । अहिले त दाह्रीजुँगा काले भएर झपक्क आएको छ । साथीभाइहरू भेट भएको बेलामा मेरो दाह्रीको खूब बयान गर्ने गर्छन् । उदाहरण दिनुपरेमा पनि मेरै दाह्रीको दिने गर्छन् । म पनि दङ्ग छु दाह्रीको प्रशंसाबाट ।

सधैँभरि पानी-पँधेरो, गाई-गोठ, खेतीपाती यस्तैमा ३० औँ वसन्त बिते । सँगैका साथीसँगी रामे, बिर्खे, च्यान्टे, रिन्टेहरू काठमाडौँ बसेको दशकौँ भइसकेको थियो । चाडबाड आउँदा नयाँनयाँ लुगामा सजिएर गाउँ आउने उनीहरूको रवाफ देख्दा आफूलाई पनि काठमाडौँ गएर केही गर्ने इच्छा थियो ।

चाडबाडजति बिदा गरिसकेर बालीनाली भित्र्याईवरी परिवारसँग विदा भएर म पनि काठमाडौँ आएँ । काठमाडौँ मेरा लागि नितान्त नौलो । कुनै ठाउँको बारेमा जानकारी थिएन, न त चिनजानको नै कोही । आफूसँग मोवाइल पनि नभएको अवस्था, काठमाडौँमा एक्लै लखर-लखर हिँड्दै थिएँ । त्यतिकैमा एक हुल केटाहरू आए । मलाई फकाई-फुलाई गरी साथीहरूलाई चिनेको र उनीहरूकोमा पुऱ्याइदिन्छौँ भनी घेरा हालेर बीचमा राखेर लिएर गए । केही क्षण हिँडेपछि तल एउटा खोलाको किनारमा पुऱ्याए । अहिले सम्झँदा उक्त स्थान कलङ्कीदेखि तल बल्खु खोलाको किनार भएजस्तो लाग्छ । त्यसपछि "तँसँग के-के छ ? सब निकाल्," भनी लछारपछार गर्न लागे । भर्खर गाउँ छोडेर काठमाडौँ आएको, केही थाहा नभएको म अब यिनीहरूले मार्ने भए भनी घरपरिवार सम्झेर रुन थालेँ । त्यही समयमा परबाट एकजना मानिस चिच्याउँदै-चिच्याउदै आउँदै थियो । जब ऊ नजिकनजिक आइपुग्यो, ती सबै केटाहरू भागाभाग गर्न थाले । भाग्दै गर्दा उनीहरूले "यसको त दाह्री नै छैन, भाग !" भन्दै भाग्दै गरेको सुनियो । एकै क्षणमा उक्त मानिस मेरो छेवैमा आइपुग्यो । नभन्दै उसको त हाम्रो गैह्रीखेतको

धानमा जिमा लागेजस्तै दाह्री त कतैकतै मात्र पलाएको रहेछ । रक्सीले मस्त मातेको ऊ बर्बराउँदै त्यहाँबाट गयो । अनि, मैले रहस्य खोज्न थाले । बुझ्दै जाँदा त 'जुँगा-दाह्री कम भएको मानिस कि त गुरुङ कि त मगर हुनुपर्छ, यिनीहरू त बहादुर हुन्छन् मारिदिन पनि सक्छन् !' भनेर भागेका रहेछन् ।

त्यसपछि आफूलाई आफैँदेखि दिक्क लाग्न थाल्यो– हिजोसम्म गौरव गर्ने गरेको झ्याप्पै पलाएको दाह्रीसँग ।

■■

*उपनिर्देशक, प्रशारण निर्देशनालय*

---

गजल



**डा. श्यामप्रसाद न्यौपाने**

# गजल

पुच्छरको छुद्र चुरीफुरीले दिक्क बनायो
बेथितिको मौन मञ्जुरीले दिक्क बनायो

शान्तिको ग्यारेन्टी गरियो पहिल्यै तर,
बगलीको तीऽऽखो छुरीले दिक्क बनायो

हुरीले तुवाँलो हटाउँछ भन्थ्यो जुलुसले
यहाँ त व्यर्थको हावाहुरीले दिक्क बनायो

गधालाई मालीगाई भनिरहेछु म अचेल
ह्वीप मान्नैपर्ने मजबुरीले दिक्क बनायो

आँटीले तातो गोली खाई गइसके उहिल्यै
गफैमा सीमित बहादुरीले दिक्क बनायो ।

■■

राजनप्रसाद प्याकुरेल

# मोबाइल महात्म्य



केही समयअगाडि मैले कुनै पत्रिकामा एउटा लेख पढेको थिएँ– मोबाइल र यसले बच्चाहरूमा पारेको असरको सम्बन्धमा । शीर्षक थियो– 'डिजिटल दुनियाँ' । शीर्षक देख्दै पढौँपढौँ लाग्यो, पढ्दै गएँ । रमाइलो लाग्यो । तर यो त्यो समयको कुरा हो, जब म अविवाहित थिए । मैले सोचेँ– ठिकै त हो नि, यदि केटाकेटीलाई मोबाइलबाट मनोरञ्जन दिन सकिन्छ भने अभिभावकको समय पनि बच्ने, केटाकेटीले पिराउने समस्याबाट मुक्त पनि होइने ।

यस्तो व्यस्त जीवनमा समयको कत्रो महत्त्व छ । मोबाइलले समस्या समाधान गरिदियो, सजिलो भयो । तर, आज मेरो विवाह भएको पाँच वर्ष बित्न लाग्यो, सानो छोरो पनि छ । मलाई अच्चम लाग्छ कि, मेरो झण्डै सात महिनाको छोरा मोबाइलविना लिटो खाँदैन, दूध पिउँदैन । बल्ल मैले महसुस गरेँ कि अविभावकका लागि यो त बडो दुःखको विषय पो रहेछ । हरेक आमाको इच्छा हुन्छ कि आफ्नो बच्चालाई खेलाइ/खेलाइ, हँसाइ/हँसाइ, कोखाइ/कोखाइ भनी खुवाउने । आजकालका केटाकेटीलाई आमाको कोखाइ/कोखाइ भन्ने शैलीभन्दा 'बाबा ब्ल्याक सीप...', 'व्हिल्स अन द बस...' को सङ्गीत प्रिय लाग्छ ।

केही समयअगाडि प्रसूति-गृहसँगै रहेको चमेनागृहमा चिया खान परेँ । मभन्दा पछाडि दुई जना महिला एउटा सानो बच्चा बोकेर खाजा खाँदै थिए । झलक्क हेर्दा त्यो सानो बच्चा करिब दुई/तीन महिनाको जस्तो देखिन्थ्यो । बच्चा बेस्सरी रुन थाल्यो । दुवैले चुप लगाउन प्रयास गरे, तर केही सीप लागेन । त्यत्तिकैमा कसैको मोबाइलमा रिङटोन बज्यो, बच्चो चुप लाग्यो । मलाई अजीव लाग्यो । मनमनै भनेँ– आम्मै ! उम्रिँदैको तीन पात !

हुन त स-साना केटाकेटीमा मात्र हैन, ठूला मानिसहरूमा पनि यो लागू हुन्छ । अलिकति हुर्केका र विद्यालय जाने उमेर भएका केटाकेटीको समस्या बेग्लै छ । उनीहरूले जानिसकेका छन् कि मोबाइलमा विविध प्रकारका गेम कसरी

डाउनलोड हुन्छ । बिहान उठ्यो– बाबाको मोबाइल, बेलुका आयो– आमाको मोबाइल । राति सुत्ने समयमा पनि त्यही गेम खेल्दाखेल्दै निदाउने अथवा पटक्कै ननिदाउने । मोबाइल नदिए परको चिसो कुनामा गएर लम्पसार परिदिने । टोलाउने, एकोहोरो हुने, झर्किनेआदि समस्या त छँदै छ । निद्रामा मोबाइलमै दिउँसो हेरेको कुरा बर्बराउनेसमेत देखिन थालेको छ । यही र यस्तै क्रम चल्दै जाने हो भने बालमस्तिष्क घात हुने त छँदै छ, अरू डरलाग्दा समस्या जस्तैः एक्लै हाँस्ने, एक्लै रुने, विनाकारण दुःखी देखिने, आमाबाबुको बेवास्ता गर्नेजस्ता समस्या पनि देखिने छ भन्नेमा अत्युक्ति नहोला ।

मैले सामाजिक सञ्जालमा भेटेको एउटा सानो प्रसङ्ग उल्लेख गर्न मन लाग्यो । एउटा बच्चाले आफ्नो हजुरबुबालाई सोधेका थिए, “हजुरबुबा, तपाईंहरूले समय कसरी बिताउनुहुन्थ्यो ? त्यति बेला न मोबाइल थियो न इन्टरनेट न कम्प्युटर न ल्यापटप न च्याट हुन्थ्यो न स्काइप र भाइबरमा कुरा । कसरी बित्थ्यो समय हजुरबुबा ? हजुरबुबाले उत्तर दिनुभयो, “जस्तो अहिले तिमीहरूको समय बितेको छ, न पूजा छ न प्रार्थना, न मित्र छ न मित्रता, न सापटी न सहयोग, न आमाबुबालाई सम्मान, न इज्जत न आदर, न बोलीमा मिठास न विनम्रता ।”

कसले त्यो पोष्ट गरेको थियो, नाम त याद भएन तर त्यो पोष्टले मलाई धेरै गम्भीर बनायो । यसो सोचेँ– हो त नि, के छ र अहिले पहिलेजस्तो ? प्रविधिले अन्धभक्त बनाएको दुनियाँमा कसलाई कसको मतलब ! हुँदाहुँदै मलामी जाँदै गरेको र ह्वार-ह्वार बल्दै गरेको चिताको तस्बिरसमेत सामाजिक सञ्जालको भित्तामा देखिन थालेको छ । ‘फलानोको मलामी जाँदै...’ भन्ने क्याप्सनसहित देखिएका यस्ता तस्बिरमा हजारौँ लाइक र कमेन्टका वर्षा हुन्छन् ।

युवा पुस्ताको कुरा बेग्लै छ । उनीहरू त काम होस् या नहोस्, हरबखत व्यस्त नै हुन्छन्– बसमा, बाटोमा, कलेजमा, जुनसुकै स्थानमा । बाटोमा हिँड्दा दोस्रो मान्छेसँग ठोक्किँदा अनुहारमा समेत नहेरी ‘सरी’ भनेर हिँड्ने युवावर्गलाई के भन्नु खै ? टाढा जानै पर्दैन, दुनियाँ यति धेरै डिजिटल भएछ कि घरको सदस्य खुशी भएको, दुःखी भएको वा निराश भएको कुरासमेत फेसबुकले बताउने रे ! लेखेको हुन्छ– फिलिङ स्याड, फिलिङ ह्याप्पी । अब हुँदाहुँदा सम्बन्धका कुरासमेत त्यसरी नै पो थाहा हुन थाले– फलानो इन रिलेसनसीप । हुन त सामाजिक सञ्जाल अथाह समुद्र हो । यहाँ डुबुल्की मार्न सक्नेले गहिराइमा पुगेर

मोती ल्याएका पनि छन्, डुब्न नसक्नेले पौडेको पौड्यै गरेका छन्– न त मोती भेट्टाउँछन् न त किनारमा फर्किएर बाहिर निस्कन सक्छन् ।

अझ घर बस्ने गृहिणीहरूको व्यथा बेग्लै छ । श्रीमान् घर आउने समय हेर्दै बसेका उनीहरूका श्रीमान घर त आउँछन्, तर आफ्नो आँखालाई स्मार्ट फोनमा लीन गराँउदै । अस्ति भर्खर मेरो छिमेकको कुरा हो– साँझपख ढोकाको घन्टी बज्यो अनि श्रीमतीचाहिँ दौडिँदै ढोका खोल्न गइन्, ढोका खोलिन् । उनको श्रीमान् आएका रहेछन् । श्रीमान्को आँखा हातको मोबाइलमा थियो । करिब एक मिनेटजति उनी ढोका खोलेर बसिन्, श्रीमान्को ध्यान अझै मोबाइलमै छ । केही छिनपछि पुलुक्क श्रीमतीतिर हेरेर भने, "ए ! ढोका खोल्यौ ?" उनले भनिन्, "अघि नै खोलेर कुरिरहेकी छु ।"

ल अब के गर्न सकिएला त ! सम्पूर्ण जगत् नै स्मार्ट फोनको दुनियाँमा लिप्त भएपछि । सबैले आफ्नो पनि खल्ती छाम्दै ए ! मसँग पनि छ नि स्मार्ट फोन भन्दै दङ्ग पर्नेबाहेक अर्को कुनै उपाय छैन । जय मोबाइल !

■■

*स. प्रशासकीय अधिकृत, त्रिशूली जलविद्युत् केन्द्र*

मनु वि.क.

# लोभको फल



धेरै पहिलेको कुरा हो । मानिसहरू भर्खर भर्खर खेतीपाती सिक्दै थिए । खेती गर्ने तरिका सिक्ने र सिकाउने क्रम पनि चल्दै थियो । अहिलेको जस्तो जग्गाजमिन व्यक्तिगत भैसकेका थिएनन् । जग्गालाई आजभोलिको जस्तो बार, तार र गाह्रो लगाएर छेकेका पनि थिएनन् । जमिन व्यक्तिगत नभएपछि तेरो र मेरो भन्ने, झगडा हुने कुरा पनि भएन । सुरुमा मानिसहरूमा खासै लोभ भन्ने थिएन । खेतीपाती गर्दागर्दै मानिसहरूमा लोभ पनि बढ्दै जान थाल्यो ।

धेरैजसो ठाउँमा संयुक्त परिवार हुन्थे । बाजे, बज्यै, बाबा, आमा, छोरा, बुहारी, नाति, नातिना एकै ठाउँमा बस्थे । छुट्टिएर बस्ने चलन आएको थिएन । आ-आफ्ना काम बेग्लाबेग्लै गरे पनि बेलुकी बास बस्ने बेला एकै ठाउँमा आइपुग्थे । सबैभन्दा बूढा मान्छेले जे भन्थे, सबैले उनका कुरा मान्थे ।

एक ठाउँमा एक जना बूढाको परिवार थियो । उसकी श्रीमती मरिसकेकी थिइन् । बूढाका दुई छोरा थिए । बुहारी, नातिनातिना पनि थिए । एक बेलुकी दुई छोरालाई राखेर बूढाले भने, " केटा हो ! मैले खनी-खोस्री बनाएको जग्गाले तिमीहरूलाई खान पुग्दैन जस्तो छ । म मरी जान्छु । तिमीहरूले आ-आफ्नो गरिखाने ठाउँ बनाओ । दिदीबहिनीहरू त अर्कैको घर गैजान्छन । उनीहरू त कहिलेकाहीँको पाहुना, एक छाक खान आउने हुन् ।" बूढाका छोराहरूले कुरा सुनिरहे । दाजु र भाइले पनि हेराहेर गरे ।

जेठाले निकै गम्भीर भएर सोध्यो, "बा ! कसरी आफ्नो-आफ्नो बनाउने ?" जेठो छोराको कुरा राम्रोसँग भुइँमा नखस्दै बूढाले कुरा झिके, "तिमी दुई भाइलाई मेरो जग्गा त दिइहाल्छु । त्यसबाहेक तिमीहरूले आफ्नो जमिन आर्जन गर्नुपर्छ ।" कान्छो छोरोले सोध्यो, "कसरी बा ?" बूढाले भन्दै गए, "भोलि बिहान जतिसक्दो छिटो उठ्नू । जब घामको किरण हामी बस्ने ठाउँमा आइपुग्छ, तब जेठा पूर्वतिर दौडनू र कान्छा पश्चिमतिर दौडनू । घाम नअस्ताउदै घर फर्किसक्नू । दिनभरि दौडिएर जहाँसम्म पुग्न सक्छौ, त्यहाँसम्म तिमीहरूको आआफ्नो व्यक्तिगत जग्गा हुनेछ । त्यसैमा खनी-खोस्री जीवन चलाउनू ।" बूढाको कुरा सुनिसकेपछि दुवै भाइले टाउको हल्लाउँदै "हुन्छ" भने ।

दुवै भाइ भोलि बिहान छिट्टै उठ्ने भनी आ-आफ्ना ओछ्यानमा सुत्न गए । कान्छा ओछ्यानमा जाँदाबित्तिकै निदाए । जेठा अबेरसम्म निदाएनन् । भोलि दौडिन जाने जग्गा कस्ता होलान् ? कत्तिको मलिलो, फाँटिलो जग्गा भेटिएला ? बेलुकी कति बेला घर फर्किइएला ? यस्तै कुरा सोच्दासोच्दै अबेरसम्म जेठो निदाएनन् । बूढाले एक छेउमा बसेर दुवै भाइको हालत हेरिरहेका थिए ।

जब अर्को दिन भाले बास्यो– बूढाले उठेर बाहिर हेरे, अँध्यारो थियो । छोराहरू सुतिरहेका थिए । बिस्तारै पूर्व क्षितिजमा उज्यालो देखिन थल्यो । बूढाले छोराहरूलाई ब्युँझाए ।

दुवै छोराहरू जर्‍याकजुरुक उठे । हातमुख धोए । बूढाले हिजो बेलुकी उसिनेको बासी मकैलाई पानीसित खान दिए । घामको रातो किरण उनीहरूको घरसम्म आइपुग्यो । बूढाले छोराहरूलाई दौडन भने । जेठा पूर्व र कान्छा पश्चिम दौडिए । टाढा क्षितिजसम्म, दृष्यबाट अलप नहुँदासम्म बूढाले आफ्ना छोराहरू दौडिएको हेरिरहे । बूढाले आँगनमा उभिएर छोराहरू हेर्दाहेर्दै उनीहरू क्षितिजमा अलप भए । अनि, बुहारीलाई ब्युँझाएर कामधन्दामा लगाए । छोराहरू कहाँकहाँ पुगे होलान् ? कस्ताकस्ता जमिन आआफ्नो बनाए होलान् ? दिनभरि बूढाले मनमा यस्तै कुरा खेलाइरहे । उता छोराहरू दिनभरि दौडिरहेका थिए । दाइले भन्दा धेरै जग्गा मैले बनाउनुपर्छ भन्ने भाइले सोचे । भाइलेभन्दा धेरै जग्गा मैले कमाउनुपर्छ भन्ने दाइले सोचे । घाम लाग्यो, बादल लाग्यो ।

दौडिँदा-दौडिँदै समथर फाट, खोला, नदीहरू भेटिए, जङ्गलहरू भेटिए । सबै छिचोल्दै उनीहरू अगाडि बढिरहे । घाम ढल्किन थालेको थाहा पाएर कान्छा घरतिर फर्किए । तर, जेठाले भाइको भन्दा धेरै जग्गा बनाउँछु भन्ने सोचाइमा घाम डुब्न लागेको पनि मेसो पाएनन् । जति पर जान्छन्, उति राम्रा फाँटिला, रसिला जमिन भेटिए । जेठा फर्किन बिर्सिएर दौडिरहे । झमक्क साझ परेपछि बल्ल उनी झल्यास्स भए । उनलाई सम्झना भयो– बूढाले घाम नअस्ताउदै घर फर्कनू भनेका कुरा । जेठा हतारहतार घरतिर फर्किए । भोक लाग्यो, पानी प्यास लाग्यो, थकाई लाग्यो तर उनी घर पुग्न कुदिरहे । भाइ घाम नडुब्दै घर फर्किसकेका थिए ।

जेठो किन आइपुगेन भनेर बूढा छटपटाइरहेका थिए । धेरै अबेर भएपछि बूढा र कान्छा छोरा भएर जेठालाई खोज्न गए । जेठा बाटोमा लडिरहेका थिए । भोक, प्यास, थकाइले जेठा उठ्न नसक्ने गरी ढलेका थिए । बूढा र कान्छा भएर जेठालाई बोकेर घर ल्याए, अलिअलि प्राण बाकी थियो । जेठाले मधुरो स्वरमा भने, “बाबा म नबाँच्ने भएँ । दौडिँदा-दौडिँदै मेरो मुटु फुटिसक्यो ।

"घरको आँगनमा जेठा पल्टिएका थिए । जेठालाई घेरेर सबै रोइरहेका थिए । जेठाले अन्तिम वाक्य बोले, "जति पर जान्छु, उति राम्रो जग्गा आयो । धेरै जग्गा कमाउने सुरमा बेलैमा घर फर्किनै बिर्सेछु । घर फर्किँदाफर्किंदै अबेर भयो । दौडिँदा–दौडिँदै मेरो मुटु फुट्यो । म अब बाँच्दिनँ, तपाईंहरूले मेरा केटाकेटी हुर्काइदिनुहोला ।" बोल्दा बोल्दै तिनिक्क तानिए ।

जेठाको प्राण गएछ । आधिरातमा बूढाको आँगनमा रुवाबासी भयो ।

■■

---

गजल



## सुदीप भट्टराई

# गजल



कालो बादल मडारिई लग्यो उडाइ रजनी
डरले हिम्मत पोको पारी लग्यो उडाइ रजनी

देख्दा हरदिन मन आनन्दले भरिन्थ्यो
कालले नै दिन हारी लग्यो उडाइ रजनी

गगनले धरालाई स्पर्श गरेको दिन के थियो
मनिषाभित्र भाइरस सारी लग्यो उडाइ रजनी

रक्षाको निम्ति कोही तत्पर भएनन्, दुःख लागेको थियो
चटक्क सबैको कुरा मन मारी लग्यो उडाइ रजनी

इन्दु पनि फिका लाग्न थालेको छ आजभोलि
जीवन नै सबै बन्धन बारी लग्यो उडाइ रजनी ।

■■

राजेन्द्र अधिकारी

# विद्युत्



प्यारो भो अति नै पूरा जगतमा, विद्युत ज्यादा
ज्यादै माग ठुलो भयो भुवनमा, विज्ञानको खोज हो ।
बल्छन घर् घरमा अनेक थरिका, बत्ती उज्यालो छ यो
सारा यो दुनियाँ समाज बिचमा, सञ्चार छर्दिन्छ यो ॥

काट्छन् दारि कपालसम्म यसकै, मद्दत् लिँदै मानिस
यातायातसमेत आज यसकै, लिन्छन् मिठो साहस ।
जाडो मौसममा मिठो छ यसको, तातो दिने तागत
गर्मीमा पनि दिन्छ शीतल यहि, गर्छौं सबै स्वागत ॥

हुन्छन् कर्म यहाँ किसानहरूका, बन्दै छ प्यारो अति
यस्कै साथ लिँदै विकाससित नै, सुध्रन्छ हाम्रो मति ।
कार्खाना जति चल्दछन् जगतमा, विद्यूतकै आडले
सारा यो दुनियाँ पऱ्यो शरणमा, प्यारो छ यो कर्मले ॥

बच्चा, वृद्ध, जवान, रम्दछ सबै, साथी सबैको भयो
इन्टरनेट नभै हुँदैन मनमा, शान्ति अनौठो छ यो ।
देख्नेछैन स्वरूप हुन्छ यसको, कस्तो अहो तागत
पूरा हुन्न बयान यो गरिकनै, हामी गरौँ स्वागत ॥

ज्यादा शक्ति अपार हुन्छ यसमा, ठट्टा नसम्झौँ तर
गल्ती माफ हुँदैन है सजन हो, होसी बनौँ हर्घर ।
मेरो बिन्ती छ एक यो सुनिदिनुस्, सूधारका खातिर,
त्यागी स्वार्थ खटौँ र तालिम गरौँ, बाँच्नू छ है आखिर ॥

चाँडै देश विकास गर् थप्नु छ उत्पादन,
व्यापारादि गरौँ विदेशतिरको, फल्ने छ राम्रो सुन ।
सम्झौँ देवसरी ति ग्राहकहरू, सेवा दिनु प्रेमले
सारै दुःख सहेर सेवकहरू खट्छन् बुझौँ देवले ॥

*इलेक्ट्रिसियन, भद्रपुर वितरण केन्द्र, नेविप्रा*

मान्चुकुमारी श्रेष्ठ

# चुहिने घडा



कुनै गाउँमा एकजना किसान बस्थ्यो । ऊ बिहान उठ्नेबित्तिकै दुईवटा ठूलाठूला घडा (गाग्रो) लिएर केही परको कुवामा पानी भर्न जान्थ्यो । ज्यापू सम्प्रदायले खर्पनमा तरकारी बोकेझैँ गरी ऊ काठको मोटो डन्डी र डोरीको सहायताले काँधको दायाँ र बायाँ घडाहरू झुण्ड्याएर कुवाबाट पानी ओसार्ने गर्थ्यो ।

उसले पानी ओसार्ने दुईवटा गाग्रोमध्ये एउटा गाग्रो कतै थोरै चर्केको थियो भने अर्को गाग्रोचाहिँ सही-सलामत अवस्थामा थियो । फलस्वरूप कुवाबाट पानी उबाएर घरसम्म आइपुग्दा दुईवटा गाग्रोबाट एकपटकमा मुस्किलले डेढ गाग्रो पानी मात्र घरसम्म आइपुग्थ्यो । अर्थात् आधी गाग्रो पानी बाटामै चुहिएर सिद्धिन्थ्यो ।

दिनहुँ भरी गाग्रो पानी किसानको घरसम्म पुऱ्याउन सकेको कारण सद्दे गाग्रोको फुर्तीफार्ती नै बेग्लै थियो । यता चुहिने घडाचाहिँ दैनिक आधा गाग्रो पानीमात्र बचाएर घरसम्म पुऱ्याउन सकेकोमा बढो मलिन र खिन्न देखिन्थ्यो । आफूमा निहित कमजोरीका कारण किसानको मिहिनेत खेर गइरहेको सम्झेर ऊ आत्मग्लानिमा जलिरहन्थ्यो ।

किसानलाई पूर्ण सन्तुष्टि दिन नसकेको हीनताबोध थुप्रँदै जाँदा सानोतिनो पीडाको पहाड नै अग्लिसकेको थियो, चुहिने गाग्राको मनमा । एकदिन उसको धैर्यको बाँध फुट्यो र आफ्नो गुनासो किसानलाई सुनाउने फैसला गर्दै उसले भन्यो, “म सारै लज्जित छु । मलाई क्षमा गर्नुहोला ।”

किसानले जिल्ल पर्दै सोध्यो, “होइन, के भयो ! केका लागि क्षमा मागेको ?” चुहिने घडाले विनित स्वरमा भन्यो, “म कुनै छेउबाट चर्केको छु, त्यसैले चुहिन्छु । विगत कैयौँ वर्ष अघिदेखि मैले तपाईंलाई गाग्रोभरि पानी दिन सकिरहेको छैन । मेरो कारण तपाईंको मिहिनेत बालुवामा पानी हालेजस्तो मात्रै भइरहेको छ ।”

गाग्रोको कुरा सुनेर किसानले गाग्रोप्रति सहानुभूति प्रकट गर्दै भन्यो, “यति धेरै उदासी हुनु राम्रो होइन । भोलि बिहान पानी बोकेर आउँदै गर्दा बाटाको दायाँपट्टिको छेउमा खिलखिलाएर हाँस्दै गरेका बासनादार, कोमल र रसिला फूलहरूलाई हेर्नू, त्यसपछि थप कुरा गरौँला ।”

साँच्चै भोलिपल्ट कुवाबाट पानी लिएर आउँदा गाग्रोले बाटाको दायाँ साइडमा रङ्गीबिरङ्गी फूलहरू हावासँगै तरङ्गित भएर झुमिरहेको देख्यो । त्यो दृश्यले ऊ केही प्रफुल्लित त भयो तर घर पुग्दा आधा पानी निख्रिसकेको पीडाले गाग्रो फेरि उदासीनताको बादलमा हराउन पुग्यो ।

त्यसपछि किसानले उसलाई सम्झाउँदै भन्यो, “आज बिहान सायद तिमीले बाटोमा त्यति ध्यान दिएनौ । बाटामा जति फूलहरू थिए, ती सबै तिमी झुण्डिएकै (किसानले चुहिने घडालाई सधैँ काँधको दायाँ साइडमै झुण्ड्याएर बोक्ने गर्थ्यो) पट्टि रङ्गीबिरङ्गी मुस्कानसहित लहराइरहेका थिए । हलक्क बढेका हरिया चिल्लापाते रहरलाग्दा बिरूवाहरू जेजति थिए, ती पनि बाटाको दायाँतर्फ नै थिए । सद्दे घडा झुण्ड्याइने गरेको बायाँ साइडपट्टि न त हरियाली थियो न त कुनै फूल नै फुलेका थिए ।”

किसानको कुरा गाग्राले कुहिरो लागेजस्तो घुरमैलो-घुरमैलो मात्र बुझ्यो ।

अझ प्रस्ट पार्दै किसानले थप्यो, “थाहा छ, यस्तो किन भयो ? किनभने, मलाई तिम्रो अवस्थाको बारेमा थाहा थियो । त्यसैले मैले कुवादेखि घरसम्मको बाटाको दायाँ भागमा फूलको बीउ छरेको थिएँ । आज ती बिउहरू बिरुवा भएर ढकमक्क फुलेका छन्, कारण तिमीले दिनदिनै थोपाथोपा पानीले ती बिरुवाहरूलाई सिँचाइ गर्दै आएका छौ । तिनै फूलहरूले गर्दा कुवादेखि घरसम्मको बाटो सुन्दर र सुगन्धमय भएको छ । यिनै फूलबिरूवाले गर्दा मेरो घर बगैँचाजस्तो हराभरा देखिएको छ । तिमीले दिनहुँ यी फूल, बिरूवाहरूमा सिँचाइ नगरेको भए यो सबै सम्भव हुने नै थिएन ।”

किसानको कुराले चुहिने गाग्रोलाई आफ्नो मूल्यबोध भयो । साथै उसलाई जो जुन अवस्थामा रहेको छ, त्यसले सोही अवस्थालाई स्वीकार गरी रमाएर बाँच्न सक्नुपर्ने प्रेरणा पनि प्राप्त भयो ।

■■

*सहायक लेखापाल, रत्नपार्क वितरण केन्द्र, नेविप्रा*

युवराज भण्डारी

# घामको प्रेरणा



घामको पहिलो किरण
कसलाई पो मन नपर्ला ?
पातभरि चिसो आँसुले भिजेर
न्यानो स्पर्शको
प्रतीक्षामा हुन्छन् रूख-बिरुवाहरू
गरिबीका छेदबाट पसेको स्याँठले
कठाङ्ग्रिएका जिउभरि
असुरक्षाले काँपेका मन लिएर
न्यानो घाम कुरिरहेका हुन्छन्
सुकुमबासीका सपनाहरू
अनि, सडकमा हात फैलाइरहेका पेटहरू ।

मिरमिरे बिहानी
सबैले पर्खिरहका हुन्छन्
दैलो उघार्न !

महलको ढोकाबाट छिर्ने घाम
झुपडीको ढोकाबाट पनि पस्छ
घामका किरणहरू
असमानता मान्दैनन्
विभेद मान्दैनन्
सबैलाई समान रूपले स्पर्श गर्छन्
सबैलाई उत्तिकै न्यानो दिन्छन्
उज्यालोको प्रवेशले
आरम्भको आभास सबैलाई दिन्छ ।

घाम
उज्यालो बाँड्दै ओर्लिन्छ
हिँड्नेहरूलाई बाटो देखाउन ।

तर,
आँखा भएका जति सबैले बाटो देख्दैनन्
जसले पथ पहिल्याएर देखाउँछ
त्यही आँखाको पछि लाग्छन् अरू आँखा
ऊ प्रेरणा बन्छ ।

■■

*डुम्रिबेसी, तनहुँ*
*हाल: मन्ट्रियल, क्यानडा*

सङ्गीता अधिकारी

# घमण्ड



गरेर काम हुँदैन कोही सानो
झुक्याइ कसैलाई नखोस्नू मानो
सबैको नजरमा बन्नू राति-गेडी
मिलीजुली बस्नू, नबन्नू बिरानो ।

सुकर्म गरेर अघि बढ्दै गए
नराख्नू मनमा डर, त्रास, भय
मानव चोला केवल दुई दिनको
ईश्वर पुकार्दै गरौँ सबको जय ।

रित्तै नै आयौँ हामी जानु छ रित्तै
नसुकौँ पाखुरा व्यर्थ, विनासित्तै
स्वर्गसमान छ यो पवित्र भूमि
बनौँ सदाचारी ज्ञानी र गुणी ।

मेहनत गर्नु कमिलाले जस्तै
बीज जस्तो रोप्यो, फल लाग्छ तेस्तै
खुट्टा तान्ने काम त गर्दै नगर
खोक्रो आडम्बरको भर नपर ।

के छ र जीवनमा मरेर लाने
बाँचुन्जेल हो सबैले बाँडेर खाने
सबैमा मानवताको भावना जागोस्
घमण्ड त्यागी सत्मार्गमा लागोस् ।

*माटो, ढुङ्गा तथा कङ्क्रिट प्रयोगशाला, स्वयम्भू ।*

शम्भुप्रसाद गजुरेल ‘अज्ञानी’

# उत्कृष्ट नेपालमा



झण्डा रक्तिम यो शशी र रविको आभा सँगै चम्किने
गोर्खेको खुकुरी तथा अमरको आत्मा सधैँ झल्किने
ज्ञानी गौतमका सुवाक्य कणले जप्छन् सदा सर्वदा
हात्ती, सर्प, मुसा, बराह पुजिने भू-स्वर्ग नेपालमा ॥१॥

सेता रत्नसमानका हिँउचुली जाग्छन् दिवा रातमा
चुम्दै खर्क पठार शैल नगरी झर्छिन् सुधा फाँटमा
उड्दै छन् रज स्वर्णका पवनमा वर्षिन्छ मुक्ता यहाँ
कस्तूरी मृग हौ तिमी, महक त्यो खोज्दै हिँडेका कहाँ ॥२॥

सुन्दै कल्कल नीरको मधुरता बोलाउँछन् पाटन
नङ्ग्राको श्रममा मिसेर पसिना खाद्यान्न उब्जाउन
काट्दै पत्थरका पहाड जलको बाटो बनाऊ यहाँ
हे मौरी मधुघारको मधुरिमा त्यागेर जान्छौ कहाँ ॥३॥

इन्द्रेणी धनुको छटा वदनमा घस्छन् गुराँसे वन
सारङ्गी, मुजुरा र शङ्ख ध्वनिले आनन्द पार्छन् मन
यार्सा, जिम्बु, चिराइतो, टिमुरको सञ्जीवनी वागमा
रम्दै प्रेमलता सजाउन सके ऐश्वर्य मिल्ला यहाँ ॥४॥

तामा, अभ्रख शैलको उदरमा माणिक्य छन् देहमा
त्यागी यक्ष विराटका जनकका उद्‌गार सन्देशमा
चौरासी परिकारयुक्त जननी छोडेर बेहालमा
आफ्नो शक्ति नफाल फर्क जगको उत्कृष्ट नेपालमा ॥५॥

■■

*बेलकोटगढी नगरपालिका- ९, नुवाकोट*

*छन्द :- शार्दूलविक्रीडित*

राधिका कल्पित

# मुक्ति



जब मेरा यी दुई आँखाहरू सद्दे थिए
मैले देख्ने संसार तिमीमात्र थियौ
खै किन हो, तिमीलाई मेरो दृश्यमा शङ्का भयो
र, फोरिदियौ दुवै नयन
तबदेखि म अन्धकारमा निराकार भएँ
धन्यवाद छ तिमीलाई
आँखाको साँघुरो परिधिबाट मुक्त गऱ्यौ ।

जब मेरा कानहरू सद्दे थिए
म केवल तिम्रो आवाजमात्र सुन्थेँ
खै किन हो, तिमीलाई मैले सुन्ने ध्वनिमा धरमर भयो
र, रोपिदियौ झिरले दुवै चर्म-कर्णहरू
तबदेखि म शून्यतामा सन्नाटा सुन्न सक्ने भएँ
धन्यवाद छ तिमीलाई
मलाई मिथ्या मानव कोलाहलबाट मुक्त गऱ्यौ ।

जब मेरा यी दुई पाउहरू सद्दे थिए
म केवल तिम्रो प्रदक्षिणा गरिरहन्थेँ
खै किन हो, तिमीलाई मेरा पदचापमाथि सन्देह भयो
र, भाँचिदियौ दुवै गोडाहरू
तबदेखि म वायुसँग बहन सक्ने भएँ
धन्यवाद छ तिमीलाई
मलाई लक्ष्मणरेखाबाट मुक्त गऱ्यौ ।

जब मेरा दुवै हातहरू सद्दे थिए
हरदम तिम्रो सत्कारमा खटिइरहन्थे

खै किन हो, तिमीलाई मेरो सेवामाथि आशङ्का भयो
र, बाँधिदियौ दुवै बाहुहरू
तबदेखि बल्ल आफैँलाई सुमसुमाउन भ्याउने भएँ
धन्यवाद छ तिमीलाई
मलाई अन्धसत्ता र शास्त्रको साङ्लोबाट मुक्त गऱ्यौ ।

जब मसँग सद्दे जिब्रो थियो
हरबखत तिम्रो स्तुतिगान र चिरायुको आरती गरिरहन्थेँ
खै किन हो, तिमीलाई मेरो साधनामाथि संशय भयो
र, डामिदियौ मेरो जिब्रो
तबदेखि म मौन-बोधी बनेँ
धन्यवाद छ तिमीलाई
दासत्वको जयजयकारको झमेलाबाट मुक्त गऱ्यौ ।

जब बाँकी थियो मसँग केवल प्राण
र, त्यही सास पनि सायद सुनामी भयो तिमीलाई
मेरो खप्परभित्र चलिरहेको मगजमाथि शङ्का भयो
तब त घिसार्दै लगेर होमिदियौ बल्दो चितामा
जब ऐया-आत्था र चित्कारको सट्टा
सुन्यौ मेरो हाँसोको खित्का
तब झस्कियौ
त्यही पलदेखि नै
तिमीले ढुङ्गा हानिरहेछौ
निभेको चितामा
निरन्तर
निरन्तर
म हाँसिरहेछु
तिम्रो मूर्खतामा
कालान्तर
कालान्तर !
■■

सुमन थापा सङ्गम

# तिज अर्थात् मुक्तिदिवस



साउने झरीले निथ्रुक्क रुझेर मेलापात हिँड्दा-हिँड्दै आँगनमा जब तिज आइपुग्छ, मन माइतीघर सम्झेर साउने झरीझैँ रुझिरहेको हुन्छ । मन जति रुझे पनि जिम्मेवारीको अघिल्तिर सबै सम्झनाहरू सिरानीमुनि च्यापेर सुरक्षित राखिछोडेको हुन्छ एउटा नारी-मनले ।

नारी-मन कोमल हुन्छ । त्यो कोमलतासँगै कठोरतामा आफूलाई कठोर पनि बनाउँछिन् र हत्तपत्त माइतीघरको सम्झना नआएझैँ गर्छिन् । बिहेपछि उनी घरकी एउटी बुहारी, श्रीमती, देउरानी, जेठानी सबै भूमिकामा जिम्मेवारी निभाइरहेकी हुन्छिन् । यी जिम्मेवारी बहन गर्दागर्दै पनि बाल्यावस्था बिताएको माइती र सँगीसाथीहरू, एकएक गरी मानसपटलमा अत्यधिक घुम्न थाल्छन् तिज पर्वको समयमा ।

तिज विशेष गरी भगवान् शिवको व्रत बसेर मान्ने चलन छ । भगवती पार्वतीका पिताले पार्वतीलाई विष्णुसँग विवाह गराइदिन खोज्दा पार्वतीले शिवलाई पतिको रूपमा पाऊँ भनेर रातै पहिरनमा व्रत बसेकी थिइन् र शिवजीलाई पतिको रूपमा प्राप्त गरेकी थिइन् भन्ने किंवदन्ती रहेको छ । त्यही चलनको अनुशरण गरेर श्रीमान्को लामो आयुका निम्ति रातै पहिरनमा तिजको व्रत बस्ने चलन छ ।

पहिला-पहिला बिहे भएकी छोरी-चेली सासू, ससुरा, नन्द, आमाजू र स्वयम् श्रीमान्बाट पीडित हुन्थे र त्यो पीडा पोख्न जाने ठाउँ कहीँ हुँदैनथियो । माइती र बाल्यावस्थाका सँगीसाथीहरू टाढा हुन्थे । अहिलेको जस्तो सञ्चारको सुविधा थिएन, सञ्चारका साधन नहुँदा बिहे गरेर टाढा गएकी छोरी-चेलीले मनका बह पोख्न पाउँदैनथे । तिजमा माइती लिन आउने चलन राखेर माइतीबाट दाजुभाइ लिन आउँदा टाढा-टाढा बिहेवारी गरेर दिइएका छोरी-चेलीहरूले घरको सम्पूर्ण जिम्मेवारी एक छिनलाई भए पनि थान्को लगाएर रमाउन पाउँथे र खुशी हुन्थे । त्यसरी माइती लिन आएपछि दु:ख बिसाउन पाएर फुरुङ्ग परेका चेलीको

निम्ति तिज विशेष पर्व बन्न पुग्थ्यो । सबै महिला पीडित हुदैनन् तर जुन महिला पीडित हुन्छन्, वर्षैंभरि घरपरिवार र श्रीमान्‌बाट पीडित बन्ने महिलाले तिजमा एक दिन उन्मुक्त भएर मनका वेदना पोख्न पाउँथैँ । त्यसैले पनि तिज विशेष लाग्छ मलाई । तिजमा गीतको माध्यमबाट वेदनाहरू पोख्ने चलन छ । सोझै मनका वेदना अरूलाई सुनाउँदा घरका परिवारसँग नमिठो भइने डरले गीत मार्फत सारा दुःख व्यक्त गर्थे र साउने झरीसँगै झरेका आँसुका भेललाई गीतका शब्दहरूले पुछ्थे । सासू ,ससुरा, श्रीमान्, नन्द, जेठानी, देउरानी सबैका बारेमा गीतकै माध्यमबाट मनका कुण्ठा पोख्थे । यसरी मनको वेदना पोखेर आफूलाई हलुका बनाएको देख्दा वास्तवमा तिज मुक्तिदिवस पनि हो ।

म जन्मिएको, हुर्किएको ठाउँ नेपालगन्ज एउटा शहर हो । शहरभित्र गाउँघरजस्तो रमाइलोगरी तिज मान्ने चलन नभए पनि तिजको दिनमा व्रत बसेर वागेश्वरी मन्दिर पुगेर नाचगान गर्ने चलन छ । तिजको अघिल्लो दिन दर खाएर भोलिपल्ट बिहानै नुहाइ-धुवाइ गरेर रातो पहिरनमा त्यो दिन स्वयम् म पनि मन्दिर पुगेर रमाइलो गर्थैं । रूढिवादी परम्पराजस्तो श्रीमान्‌को गोडा धोएर जल सिञ्चन गर्ने कुरामा म सहमत छैन तर रमाइलो भेटघाटको दिन हो भन्ने लाग्छ ।

मुख्यतः भगवान् शिवको आराधना गर्ने दिन मानिन्छ तिजको दिनलाई । अचेल सञ्चारको साधन हातहातमा छ । अहिले महिला धेरै शिक्षित पनि छन् । पहिलेजस्तो छोरी अर्काको घर जाने जात भनेर, नपढाएर राख्ने चलन छैन । त्यसैले पनि अहिलेको कम्प्युटर युगमा मनको वह र वेदना पोख्न पहिलेजस्तो तिज नै कुर्नु त पर्दैन तर पनि हिन्दू धर्मको संस्कार, संस्कृति छुटेको छैन र छोड्नु पनि हुँदैन । अहिले पनि तिज धुमधामसँग नै मनाउने चलन छ तर पहिलेजस्तो मादलको तालमा समूहमा बसेर नाच्ने, गाउने चलन फेरिएको छ । समयको बहावसँगै समाज परिवर्तन हुँदै जाँदा तिज मनाउने तरिका पनि फेरिएको छ । अहिले महिला-अधिकारका, महिला मुक्तिका र महिला सशक्तिकरणका कुरा हुन थालेका छन् । आज पनि महिला घरभित्रबाट पीडित नभएका होइनन् तैपनि अहिले महिला हक-अधिकारका कुरा गर्ने सङ्घ-संस्था धेरै भएकोले महिला मनका कुण्ठा र पीडा पोख्न तिज नै कुर्नुपर्दैन ।

पहिले-पहिले पनि महिना दिनदेखि पालैपालो गरी घरघरमा नाचगान गर्ने गर्थे, अहिले पनि त्यही चलन छ तर फरक यति हो कि अहिले होटल,

रेस्टुरेन्टमा गएर नाचगान गर्छन् । नाचगान गर्नु, भेला हुनु राम्रो हो तर भड्किलो र महँगो हुने गरी तिज मनाउनु राम्रो होइन । कसैकसैले महिलाले तिज आउनु धेरै दिन पहिलादेखि दर खान थालेर विकृति ल्याए भन्छन्, मलाई यस्तो लाग्दैन । दर खानु, नाचगान गर्नु नराम्रो होइन । बरु अनावश्यक गरगहना प्रदर्शन र खर्चिलो चाहिँ गर्नुहुँदैन, यसमा खबरदारी गर्नुपर्छ ।

ऋतुहरू फेरिन्छन्, समय फेरिन्छ, समयसँगै मन फेरिन्छ र त्यही फेरिएको मन नै समाजको एउटा स्तम्भ पनि हो ।

सामाजिक पक्ष पनि राम्रो छ तिजको । समय बदलिएपछि पुरानै गीत गाउनुपर्छ र पुरानै शैलीलाई अपनाउनुपर्छ भन्ने पनि छैन । आखिर संस्कृति समयअनुसार बदलिँदै जाने हो । हिजो ढुङ्गेयुगमा मान्छे पात बेरेर हिँड्थे, त्यतिबेलाको हाम्रो संस्कृति त्यही थियो । अहिले हामी आधुनिक पहिरनमा हिँड्छौँ, अहिलेको संस्कृति यही हो । त्यसैले परिवर्तन भयो भनेर रोइलो गर्नुहुँदैन । बरु इतिहासको अभिलेख राख्नुपर्छ– हिजो कसरी चाडबाड मनाइन्थ्यो भनेर तस्बिर, आलेख, फिल्म र सञ्चार माध्यमबाट यसलाई जीवित बनाएर राख्न सकिन्छ ।

परम्परागत धार्मिक मूल्य-मान्यता जेसुकै भए पनि सबै जातजाति र महिलाको मुक्ति-दिवस हो भन्ने लाग्छ मलाई तिज पर्व । त्यसैले तिज खुशी साट्ने र आत्मीयता बाँड्ने विशेष पर्व हो । यसलाई अनुशासित र सभ्य बनाउनुपर्छ ।

■■

## मनुकुमारी पुलामी मगर

# प्रेम मैले गरेछु



कसैले नगर्ने प्रेम मैले गरेछु
थाहै नपाई प्रेमको बिउ रोपेछु
के भो, के भो उसैलाई रोजेछु
प्रेमको छुरा हानी घायल भएछु ।

आफ्नो संसार उजाडेछु
उसैलाई सजाउन खोजेछु
फूलहरूलाई छोडेछु
काडाँलाई पो फुलाउन खोजेछु ।

एकान्तमा एक्लै गुनगुनाएछु
अचेल झरीसरी वर्षिन थालेछु
हजारौँलाई लत्याएकी छु
उसैको निम्ति तड्पिएकी छु !

सोच्दै छु अचेल– रोएर के हुन्छ ?
बेइमानी मन, मनाउन कहाँ सक्छु ?
किनकि उसैलाई भेटेपछि त
यो मन कमजोर भएको पाउँछु !

■■

*गौशाला बि.के., महोत्तरी*

कुसुम ज़्ञवाली

# पाँच छोटा-कविता



## नजम्ने आँसु

जमे पनि आँसु
जम्दैनन् पीडाहरू
न सुक्छन् सपनाहरू
न बग्छन् जिजीविषा
कालो बरफ परेको छ छातीमा
र, चिप्लिइरहन्छ आशा
खै कैले पग्लिन्छ
मेरो लोभको हिउँ ?
र
भन्न सक्ने होला मैले
बुद्ध बर्न इन नेपाल !

## भोलि जन्मने कार्यकर्ता

भोलिले जन्माउनेछ
त्यो अपार साहसी कार्यकर्ता
आँखामा आँखा जुधाएर
अलिकति पनि नदब्ने आवाजमा
हाक्काहाक्की पार्टीका मुखियासँग
उसले गर्नेछ
एउटा गम्भीर प्रश्न–
सभापतिज्यू,
म कुनचाहिँ छानौँ पहिले
मोल्नका लागि हजुरको दायाँ कि बायाँ पाउ ?

## हडताल

भोक, सिरेटो र डरले
निःशब्द भएको बेला
सत्यलाई सत्य वा
गलतलाई गलत भन्न सक्दैनौँ
मानवीयता, दया र क्षमाका
पक्षमा बोल्न सक्दैनौँ
हो
हामी हडतालमा छौँ !

## चप्पल

करिअर स्थापित नहुँदा
हरपाइलामा साथ दिने
बाले बिहे गरिदिएकी
गाउँकी श्रीमतीझैँ
चप्पल छुट्छ सुटबुटको हैसियतसँगै
कुल्चिइन्छ, थिचिइरहन्छ
बाहिरको बाहिरै राखिन्छ
मन्दिर बनाउने अछूत डकर्मीझैँ
भान्साको धुवाँमा रुमल्लिएकी
बिरामी आमाझैँ लतारिइरहन्छ
खोइरो खन्न तम्तयार आफन्तझैँ
'रेनी-सिजन'मा हिलो छ्यापिरहन्छ
जति बोके पनि भारी
खाने ठाउँमा जान पाउँदैन
सेवामै सारा जीवन खिइँदै जाने
कुनै दूरदराजको कार्यकर्ताजस्तो
मेरो चप्पलको
कत्ति पनि इज्जत छैन !

## पत्रिका

कुनै बेला
बेचेर पत्रिका
सम्पादकले पेट पाल्थे
अचेल सम्पादक बेचिन्छन्
र, पत्रिकाले ज्यान पाल्छ ।

कुनै बेला
समाचार पढेर हालखबर थाहा हुन्थ्यो
अचेल समाचार पढेर पाठक
पूरापूर बेखबर हुन्छ
कुनै समयमा समाचार छापिएपछि
भुइँमान्छेले समाचार थाहा पाउँथे
अचेल
भुइँमान्छेले
समाचार कण्ठ पारेपछि पनि
पत्रिकाले
थाहा नपाएर दूतावाससँग सोध्छ–
के छाप्ने हो आज ?
कि हिजोकै छापौँ सा'ब ?

■■

*पूर्व इन्जिनियर, नेविप्रा*
*हाल : क्यालगरी, क्यानडा*

सागर शिवाकोटी

# ३८ हजार १ सय ९०



हरेक महिनाको २६ गते
मेरो शल्यक्रिया हुन्छ
डाक्टरहरूबीच अन्तरक्रिया हुन्छ
एउटा सानो-तिनो प्रक्रिया हुन्छ
अनि, मलाई काट्ने क्रिया हुन्छ ।

मलाई ३८१९० टुक्रामा काटिन्छ
छिद्रा-छिद्रा पारिन्छ
अनि, ३८१९० सबै टुक्रा बटुलेर
खामभित्र हालिन्छ ।

केही टुक्रा जोडेर मेरो स्कुटर गुड्नु छ
केही टुक्राले छोरोलाई भोटो किन्नु छ
केही टुक्रा जोडेर भान्सामा धुवाँ उडाउनु छ,
बाँकी टुक्रा जोडेर सिरकलाई खोल चिनाउनु छ ।

छरिएका आफ्ना टुक्रा-टुक्रा जोडेर
म एउटा सग्लो चित्र बनाउन खोज्छु
एक महिनादेखिको मृत शरीरलाई
एक पटक फेरि जगाउन खोज्छु ।

तर
माथि-माथिको चित्र कोर्दा, तल-तल उदाङ्गो हुन्छ
दाँयातिरको रूप मोर्दा, बायाँतिर बाङ्गो हुन्छ ।

छोरोको साइकल किन्दा सिरकको भ्वाङ ठूलो हुन्छ
भान्सामा धुवाँ उड्दा, छोरो फेरि नाङ्गो हुन्छ ।

आफ्नै शरीरका टुक्रा जोड्दा पनि
मेरो पूरै आकार हुँदैन
स्वयम्का अङ्ग मोड्दा पनि
मेरो रूप साकार हुँदैन ।

म जति-जति जोड्न खोज्छु
हिसाब आफैँ-आफैँ घट्दै जान्छ
म जति-जति उठ्न खोज्छु
निसाफ आफैँ-आफैँ लड्दै जान्छ ।

आफ्नै शरीर काटिएका एक-एक टुक्रा खर्चिएर
मेरो बाँकी रहेको कुरूप चित्र
झन्-झन् गोलाकार हुँदै छ, यो जीवनको भ्वाङ्ग विचित्र ।

■■

*सहायक प्रबन्धक, समुन्द्रटार त्रिशूली ३ बी हब, १३२ के.भी.
प्रसारणलाइन आयोजना*

*नोटः कवितामा अधिकृतस्तरको कर्मचारीलाई प्रतिनिधिको रूपमा लिइएको छ । उक्त तहको तलब स्केल रु. ३८,११० रहेको छ ।)*

लक्ष्मण घिमिरे

# मेरो कलम



मेरो खुशी, सपना र जीवनको सारथी भएको मेरो कलम
कल्पनाको संसारबाट यथार्थको धरातलमा टेकाउने मेरो कलम
आवाजविहीनहरूको आवाज हुने यात्रामा हिँडेको
मेरो कलम
खै किन हो किन ?
आजकल टक्क रोकिएको छ ।

अन्तर्मनका अनगिन्ती सपनाहरू लडिबुडी गर्दा
वर्षन खोज्छन्, तँछाड–मछाड गर्छन्
असारको भेलजस्तै बग्न खोज्छन्
तर, मेरो कलमको मसीलाई मौनताको बाँधले छेकेको छ
र, टक्क रोकिएको छ
कतै शब्दहरूले भोकाएको सेतो कागजमा
कालो मसीको धब्बामात्रै लाग्ने पो हो कि ?

कतै पीडा नै पीडामा मान्छे छटपटाएको देख्छ
शब्दहरूमा त्यही पीडा पोखिएला
र, अझ बढी पीडा थपिदेला

कतै खुशी नै खुशीमा मान्छे उत्सव मनाएको देख्छ
शब्दहरूमा त्यही खुशी भरिएला
र, डाह गरेको भान होला

त्यही छटपटाहट र उत्सवका जीवन भरिएको शहरमा
चोरीको आरोपका हल्ला रहेछन्
हजारौँ कलमहरूले यिनै जीवन बेचेर खाएका छन् रे ।

धेरै झुट नै झुटको खेती भइरहेको बेला
कतै शब्दहरूमा त्यही झुट मिसिएला
र, कसैले विरोधीको संज्ञा देला
न्याय र अन्यायको किनमेल भइरहेको बेला
शब्दहरूमा त्यही अन्याय मिसिएलान्
र, कसैले न्यायको वकिल भएको देख्लान्
झुट र अन्यायको व्यापार फस्टाएको बेला
मेरो कलमको निब भाँचिदेलान्
आजकल हरेक शब्दहरूमा विरोधीको परिचय देख्छन्

हो मेरो यो कलमले
पीडामा अलिकति मलम भर्न चाहन्थ्यो
खुशीको उत्सवमा रौनक छर्न चाहन्थ्यो
झुटहरूको खेती रोक्न चाहन्थ्यो
र, न्यायको बिगुल फुक्न चाहन्थ्यो

तर, खै कस्तो कालो बादलले मगज ढाकिएको छ
अनेकौ जञ्जिरको जालोले हात बाँधिएको छ
सायद यिनै शङ्का र उपशङ्काले होला
मन वेचैन भएको छ, उकुसमुकुस भएको छ
तर, मेरो रोकिएको कलम
ऊभित्रको मसी रङ्गीन भएर पोखिन चाहन्छ
आफ्नै गति र आफ्नै चालमा फर्कन चाहन्छ
र, लेख्न चाहन्छ
हजारौँ सपना साकार भएको
पीडाका घाउहरू निको भएको
उत्सवमा सबै रमाएको
सत्य र न्यायले विजय पाएको
उही रामराज्यको कथा ।

■■

*सिभिल इन्जिनियर, त्रिशुली ३ बि हब, नुवाकोट*

# नेपाल विद्युत् प्राधिकरणको ३६ औँ वार्षिकोत्सवः एक झलक

## (क) ३६ औँ वार्षिकोत्सव समारोह प्रबन्ध मूल समिति- २०७८

१. श्री लेखनाथ कोइराला, उपकार्यकारी निर्देशक, अर्थ निर्देशनालय – संयोजक
२. श्री हरराज न्यौपाने, उपकार्यकारी निर्देशक, वितरण तथा ग्राहकसेवा निर्देशनालय– उपसंयोजक)
३. श्री लोकहरि लुईंटेल, उपकार्यकारी निर्देशक, प्रशासन निर्देशनालय– सदस्य
४. श्री मनोज सिलवाल, उपकार्यकारी निर्देशक, इन्जिनियरिङ सेवा निर्देशनालय– सदस्य
५. श्री रामजी भण्डारी, उपकार्यकारी निर्देशक, आयोजना व्यवस्थापन निर्देशनालय – सदस्य
६. श्री दीर्घायुकुमार श्रेष्ठ, प्रमुख, प्रसारण निर्देशनालय– सदस्य
७. श्री मदन तिम्सिना, प्रमुख, उत्पादन निर्देशनालय– सदस्य
८. श्री रविन्दप्रसाद चौधरी, प्रमुख, योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय– सदस्य
९. श्री झुलिराम थापा, प्रतिनिधि, ने.वि.प्रा. राष्ट्रिय कर्मचारी युनियन– सदस्य
१०. श्री गौरीकान्त अधिकारी, प्रतिनिधि, ने.वि.प्रा.कर्मचारी सङ्घ, सदस्य
११. श्री रामप्रसाद घिमाल, प्रतिनिधि, ने.वि.प्रा. कर्मचारी कल्याष परिषद– सदस्य
१२. श्री बेलप्रसाद शर्मा, निर्देशक सामान्य सेवा विभाग–सदस्य सचिव

## (ख) ३६ औँ वार्षिकोत्सव अतिरिक्त क्रियाकलाप उपसमिति

१. श्री तुलाराम गिरी, निर्देशक, कानुन विभाग– संयोजक
२. श्री उमेशकुमार भण्डारी, सहनिर्देशक, उत्पादन निर्देशनालय– सदस्य
३. श्री तुलसीप्रसाद सापकोटा, प्रमुख, कर्मचारी कल्याण महाशाखा– सदस्य
४. श्री अनिता बजगाईं, प्रमुख, सामान्य प्रशासन शाखा– सदस्य
५. श्री विष्णु मास्के, स.ले.पा., वि.ग्रा.से. निर्देशनालय– सदस्य
६. श्री केन्द्रबहादुर गुरुङ, प्रतिनिधि, ने.वि.प्रा. राष्ट्रिय कर्मचारी युनियन– सदस्य
७. श्री गङ्गा भण्डारी, प्रतिनिधि, ने.वि.प्रा.कर्मचारी सङ्घ– सदस्य
८. श्री रत्न श्रेष्ठ, प्रतिनिधि, ने.वि.प्रा. कर्मचारी कल्याष परिषद– सदस्य
९. श्री कृष्णदेव रिमाल, स.प्र.अधिकृत, विभागीय कारवाही शाखा– सदस्य-सचिव

## (ग) कविता वाचन प्रतियोगिता सञ्चालन उपसमिति

१. श्री कृष्णदेव रिमाल, नेपाल विद्युत् प्राधिकरण– संयोजक
२. श्री विष्णुप्रसाद आचार्य, नेपाल विद्युत् प्राधिकरण– सहसंयोजक
३. श्री शारदादेवी भट्टराई पोखरेल, नेपाल विद्युत् प्राधिकरण– सदस्य
४. श्री शारदा पराजुली, नेपाल विद्युत् प्राधिकरण– सदस्य
५. श्री रीता खनाल, नेपाल विद्युत् प्राधिकरण– सदस्य
६. श्री प्रकाश आचार्य, नेपाल विद्युत् प्राधिकरण– सदस्य

### (घ) कार्यपत्र प्रस्तुतीकरण प्रतियोगिता संचालन उपसमिति

१. श्री कृष्णदेव रिमाल, नेपाल विद्युत् प्राधिकरण– संयोजक
२. श्री युवराज शर्मा, नेपाल विद्युत् प्राधिकरण– सहसंयोजक
३. श्री उपेन्द्र शिवाकोटी, नेपाल विद्युत् प्राधिकरण– सदस्य
४. श्री सङ्गीता पौडेल, नेपाल विद्युत् प्राधिकरण– सदस्य
५. श्री बलराम पुडासैनी, नेपाल विद्युत् प्राधिकरण– सदस्य
६. श्री यादवराज घले, नेपाल विद्युत् प्राधिकरण– सदस्य

### (ङ) ब्याडमिन्टन प्रतियोगिता संचालन उपसमिति

१. श्री उमेशकुमार भण्डारी, सहनिर्देशक, उत्पादन निर्देशनालय– संयोजक
२. श्री विष्णु मास्के, स.ले.पा., वि.ग्रा.से. निर्देशनालय– सहसंयोजक
३. श्री फणिन्द्र निरौला, नेपाल विद्युत् प्राधिकरण– सदस्य
४. श्री खमप्रसाद सुवेदी, नेपाल विद्युत् प्राधिकरण– सदस्य
५. श्री रत्न श्रेष्ठ, नेपाल विद्युत् प्राधिकरण– सदस्य
६. श्री सरोज तामाङ, नेपाल विद्युत् प्राधिकरण– सदस्य
७. श्री राजु महर्जन, नेपाल विद्युत् प्राधिकरण– सदस्य
८. श्री गोपाल खड्का, नेपाल विद्युत् प्राधिकरण– सदस्य
९. श्री राकेश श्रेष्ठ, नेपाल विद्युत् प्राधिकरण– सदस्य
१०. चन्द्रदास कारन्जित, नेपाल विद्युत् प्राधिकरण– सदस्य

### (च) रक्तदान जीवनदान कार्यक्रम संचालन उपसमिति

१. श्री तुलसीप्रसाद सापकोटा, प्रमुख, कर्मचारी कल्याण महाशाखा– संयोजक
२. श्री सुकदेव घिमिरे, प्रशासकीय अधिकृत,नेपाल विद्युत् प्राधिकरण– सहसंयोजक
३. श्री राजन फुयाँल, लेखा अधिकृत, नेपाल विद्युत् प्राधिकरण– सदस्य
४. श्री नवीन महर्जन, स.ले.अ., नेपाल विद्युत् प्राधिकरण– सदस्य
५. श्री शान्ता रेग्मी, स.क.अ., नेपाल विद्युत् प्राधिकरण– सदस्य
६. श्री केन्द्रबहादुर गुरुङ, प्रतिनिधि, ने.वि.प्रा. राष्ट्रिय कर्मचारी युनिय– सदस्य
७. श्री गङ्गा भण्डारी,प्रतिनिधि, ने.वि.प्रा.कर्मचारी सङ्घ– सदस्य
८. श्री रत्न श्रेष्ठ, प्रतिनिधि, ने.वि.प्रा. कर्मचारी कल्याष परिषद– सदस्य

### (छ) सामग्री खरिद तथा खाजा व्यवस्थापन उपसमिति

१. स.ले.अ. श्री नवीन महर्जन, नेपाल विद्युत् प्राधिकरण– संयोजक
२. लेखापाल श्री दिनेश भण्डारी, नेपाल विद्युत् प्राधिकरण– सदस्य
३. ब.स. श्री होमनाथ दाहाल– सदस्य
४. सि.मि.रि. श्री रामप्रसाद आचार्य–सदस्य
५. श्री केन्द्रबहादुर गुरुङ, प्रतिनिधि, ने.वि.प्रा. राष्ट्रिय कर्मचारी युनिय– सदस्य
६. श्री गङ्गा भण्डारी,प्रतिनिधि, ने.वि.प्रा.कर्मचारी सङ्घ– सदस्य
७. श्री रत्न श्रेष्ठ, प्रतिनिधि, ने.वि.प्रा. कर्मचारी कल्याष परिषद– सदस्य

# विद्युत्कर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति -२०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी, भगवती प्रसाईं, मातृका पोखरेल, रमेशप्रसाद तिमल्सिना, रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव- कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- कृष्णदेव रिमाल, चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- कृष्णदेव रिमाल, कुसुम ज्ञवाली, भगवती प्रसाईं, मातृका पोखरेल, विन्दु शर्मा, यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, भगवती प्रसाईं, विन्दु शर्मा, मञ्जुलाल श्रेष्ठ, दीपक दहाल, कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई, यादवराज घले, चण्डिका रायमाझी, शिशिर थापा, कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौँ निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छेटौँ एवम् वर्तमान कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता खनाल ९८४१६०२१७२
शारदादेवी भट्टराई ९८४४७८८३२

# विद्युत्कर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

### संरक्षक:

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षक:

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर ग:सी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

### संस्थापक आजीवन सदस्यहरू:

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं ९८६५२२६९
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमील्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

### आजीवन सदस्यहरू

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी- ९८४१६८१४७५
४. शान्ता सुवेदी- ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा- ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा- ९८५१०१८८४४
८. देवराज प्रसाईं- ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती- ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे- ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी- ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल- ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान- ९८५११०६१०७
१५. कौशल भट्टराई- ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल- ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा- ९८४१४११६४४
२१. मातृका बजिमय- ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा- ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य- ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली-
२७. केशवराज पन्त-
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई-
३१. रमापति पराजुली- ९८४२०२७७५६
३२. विन्दु शर्मा- ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य- ९८५१०५४३६०
३४. हरिहरमान पालिखे-

३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान- ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल- ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक- ९८४१२७८६५८
४०. सरोज अर्याल- ९८४६०८८२३१
४१. यादवराज घले- ९८४१३६१६९६
४२. उषा सिंह- ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल- ९८४१८३५६८५
४६. राजु शर्मा- ९८४१४२६४६२
४७. रीता खनाल- ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई- ९८४९३६५९९७
४९. सुभाष दाहाल- ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरुदप्रसाद यादव- ९८४१५०२३५८
५५. हरिकृष्ण शाह- ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय- ९८४१३९०१९३
५७. दीपक दाहाल- ९८४९१७४७९९
५८. आर.आर. चौलागाई- ९८४५३५१०००
५९. कृष्णहरि दाहाल- ९८५११९९००२
६०. गोसाईं के.सी.- ९८५१०१२२५३
६१. मधुकर थापा-
६२. ओमप्रकाश घिमिरे- ९८४१६३५९१९
६३. सुजाता थापा- ९८४१३८९४३१
६४. दीपकराज आचार्य-
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण- ९८४१२३४३५३
६७. उमा घिमिरे- ९८४१९३२५४२
६८. रीता खनाल- ९८४१६०२१७२
६९. समीरा नेपाल-
७०. दीपक ढकाल- ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पने रु- ९८४१८१८२५७
७३. प्यारु राणा- ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी- ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल- ९८५११९०६७५
७९. कोमल कौशिक- ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने- ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी- ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल- ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित- ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी.- ९८४१४०२७३५
८६. चण्डिका रायमाझी- ९७४१०१८८३४
८७. मनोरञ्जन मल्लठकुरी- ९८४१४०२८३६
८८. तारादत्त भट्ट- ९८५११३५३९२
८९. शारदा पराजुली- ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट- ९८४८०२४९६५
९१. कपिलदेव महतो- ९८४१२७२७६६
९२. थर्कबहादुर थापा- ९८४१२२४९३९
९३. इन्दिरा पौडेल-
९४. शारदादेवी भट्टराई- ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य- ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान- ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल- ९८४१५४८३९३
१०१. शिव राई- ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई- ९८४१२२८४५९
१०४. सुशीला लामा- ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती- ९८५१०३६७७६
१०७. चूडामणि आचार्य- ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम- ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल- ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप'- ९८४९४४७४८९
१११. बलराम पुडासैनी- ९८४१४०५००७
११२. केदारराज सिलवाल- ९८५१०९४४५९
११३. भरतकुमार खड्का- ९८५१०३४६७५
११४. भोला शर्मा- ९८४१३३७७७२
११५. उर्मिला शर्मा- ९८४१०५५९५८
११६. चेवन काफ्ले-

११७. मुकुन्दप्रसाद प्रसाईं- ९८४३०५१४५०
११८. बलराम चौलागाई- ९८४९२३५४९६
११९. मनोज सिंह- ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल- ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित- ९८४१७६२९४०
१२३. देवीमाया दाहाल- ९८४१३३३७९४
१२४. निर्मला सुवेदी- ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने- ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी- ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल- ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल- ९८४१५४८३७८
१३०. कल्पना कोइराला- ९८४१८०३२००
१३१. थीरकुमार खत्री- ९८४१५७०९२२
१३२. सोमराज शाह- ९८४१०२७९२७
१३३. सङ्गीता कार्की- ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती- ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले- ९८४१५१०५४७
१३९. प्रशून अधिकारी- ९८५११६६८१०
१४०. रामहरि गौतम- ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल- ९८४५४६०५२
१४२. मदन तिम्सिना- ९८५११९८३४५
१४३. हरराज न्यौपाने- ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र- ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी- ९८४१४७५२८७
१४६. मनोज सिलवाल- ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल- ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी- ९८४१२४२६५५
१५०. शम्भु बस्नेत- ९८५१०७४००४
१५१. हरिहर बराल- ९८४१३०५२४२
१५२. केदार प्र. घिताल- ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर- ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा- ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी- ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल- ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई- ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई- ९८४१३२०३१०
१६२. मणिराज नेपाल- ९८५१०४००५६
१६३. दीपा खकुरेल- ९८४१४४८५३०
१६४. मैया थापा- ९८४११८४४०३
१६५. सागर ज्ञवाली- ९८५११४०२३०
१६६. शम्भु बस्नेत- ९८५१०७४००४
१६७. राजेशकुमार राजथला- ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी- ९८४६११९१७४
१६९. ममता वली खरेल- ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी- ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य- ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो- ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल- ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे- ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला- ९७४५००७६६६
१७७. नरेश मैनाली- ९८४१४४९०१५
१७८. विकास चित्रकार- ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र- ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली- ९८४१६८५९८२
१८३. रीता बस्नेत- ९८६००१३५६१
१८४. सरस्वती अर्याल- ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी- ९८५११२४४८६
१८७. प्रमिला चौधरी- ९८४११९४७०७
१८८. वसन्तराज नेपाल- ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य- ९८६०११९७११
१९०. चन्द्रकला निरौला- ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने- ९८४१५०१६०९
१९३. अम्बिका खत्री- ९८४१५६२६९७
१९४. प्रकाश पराजुली- ९८४३७२२०९५
१९५. सुभाष पाण्डे- ९८४९०३३७६२
१९६. विकास पुडासैनी- ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला- ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५

१९९. यादवप्रसाद न्यौपाने- ९८५११२३२४५
२००. अम्बिका घिमिरे- ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का- ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ- ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र- ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र- ९८४९८२९६९९
२०५. जनक महत-९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का- ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे- ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे- ९८४१३६५४९०
२०९. आविष्कार कला- ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला- ९८४९७५३२३२
२११. विमला खड्का- ९८४६०९६७५७
२१२. पङ्कज राना- ९८४७१९४६०
२१३. जमुना पोखरेल- ९८४१८४७२१३
२१४. रीता खत्री- ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल- ९८९११०५४६६
२१६. गङ्गा सापकोटा- ९८४७५५४१०८
२१७. प्रकाश कुँवर- ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल- ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने- ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल- ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद- ९८५१०९९१३३
२२२. अन्जु कटुवाल- ९८४१२५०७६६
२२३. सरिता डङ्गोल- ९८४१५०२९१२
२२४. खेमराज भण्डारी- ९८५१२४००७७
२२५. सरोज घिमिरे- ९८४१५४८०७२
२२६. हरि घिमिरे-
२२७. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२८. वीरेन्द्र कुमार झा- ९८५२०२४९४०
२२९. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२३०. आनन्द नेपाल- ९८५२०२४६४५
२३१. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३२. विनोद सुवेदी- ९८४१३०८३९६
२३३. रमेशप्रसाद घिमिरे- ९८५२०३१०७९
२३४. निर्मला शर्मा- ९८४१५४८७२५
२३५. हरिप्रसाद घिमिरे- ९८४१८२१४९२
२३६. राजेन्द्र कोइराला- ९८४१२९२०६०
२३७. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३८. सुरेन्द्रजङ्ग थापा- ९८५१०४११८८
२३९. राजनप्रसाद प्याकुरेल- ९८४१७००७७०
२४०. तुलाराम गिरी- ९८५११६८२१९
२४१. राजनऋषि कँडेल- ९८४१३४५४२३
२४२. महेश्वर सत्याल- ९८५१०९३१७०
२४३. अनिता बजगाईं- ९८४१६८६३४८
२४४. नागेन्द्रकुमार यादव- ९८५२०३९७०१
२४५. हरिबोल हुमागाईं- ९८४११७४८७१
२४६. चाँदनी बि.क. - ९८४७१०७२१४
२४७. राजन पालुङ्गा - ९८४१३७३७७६
२४८. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४९. नारायण रेग्मी - ९८५११४७४५४
२५०. सागर शिवाकोटी - ९८४१७८१२६४
२५१. उमा न्यौपाने - ९८१३६३६७९०
२५२. मनुकुमारी पुलामी मगर - ९८४४५९४२३६
२५३. राजन फुयाँल -
२५४. शमशेरबहादुर न्हुच्छे प्रधान -
२५५ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५६. राजु भण्डारी..........................
२५७. जयराम आचार्य - ९८५११३१६९३
२५८. मान्चु कुमारी श्रेष्ठ - ९८४१८६५०१५
२५९. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२६०. मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६१. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६२. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६३. नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६४. मधुकर बस्नेत - ९८४१७९०७४८
२६५. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६६. हरिबहादुर थापा - ९८४९००२१२३
२६७. सुमनराज मानन्धर - ९८४९३९३१६९
२६८. तेजकान्त उपाध्याय -९८५५०३१९६४
२६९. रञ्जित शाह - ९८४९१२४५९०
२७०. विवेक तिम्सिना - ९८५११९९२७३
२७१. सरस्वती केसी - ९८४१८२७७५१
२७२. दीपकराज श्रेष्ठ , ९८४१०९५८७९
२७३. दीपक चौधरी, ९८५११-६२६५०
२७४. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७५. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७६. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७७. मीना श्रेष्ठ, ९८४४०६२१४३

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | |
|---|---|---|---|
| १. बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. यथार्थ प्रतिबिम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई.आर.घले | विमोचन/प्रकाशन |

## 'अमरज्योति सम्मान'बाट सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| १. कुलप्रसाद पराजुली | २०६७ |
| २. मोहनबहादुर कायस्थ | २०६८ |
| ३. पुष्पनाथ शर्मा | २०६९ |
| ४. विष्णुबहादुर सिंह | २०७० |
| ५. कृष्णमोहन जोशी | २०७१ |
| ६. केशव रूपाखेती | २०७२ |
| ७. वीरेन्द्र पाठक | २०७३ |
| ८. पुण्य घिमिरे | २०७४ |
| ९. मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. भुवनचन्द ठकुरी | २०७५ |
| ११. मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. पुष्कर पुरी | २०७५ |
| १३. जुजुकाजी रञ्जित | २०७६ |
| १४. देवेन्द्र अधिकारी (दु:खी माइला) | २०७६ |

नेपाल विद्युत प्राधिकरणले ३६ औं वर्ष सफलतापूर्वक
पूरा गरेको सु अवसरमा
सम्पूर्ण ग्राहक महानुभावहरू, शुभचिन्तक तथा
सहयोगी संघ संस्थाहरु समक्ष हार्दिक
आभार व्यक्त गर्दछ ।

## नेपाल विद्युत प्राधिकरण

'उज्यालो नेपालको संवाहक'